















फोन : ०५६-५८३७०९ | दमकल: ०५६-५८२५५५
E-mail: info@khairahanimun.gov.np | Website: khairahanimun.gov.np

"कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मूल आधार"

## आ.व. २०८१/८२

# नगर विकास योजना






कविता उप्रेती
नगर उप-प्रमुख



शशी कुमार खनिया
नगर प्रमुख

## खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल


















**खैरहनी नगरपालिका**
खैरहनी, चितवन

## नगर प्रमुखको मन्तव्य

खैरहनी नगरपालिकाको आन्तरिक श्रोत, प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त अनुदानहरूलाई अधिकतम उपयोग गरी नगरबासीको आवश्यकता र आकाङ्क्षाको सम्बोधन गर्नु नै नगरपालिकाको मुख्य ध्येय हो। संघीय र प्रदेश सरकारबाट प्राप्त सीमित श्रोत साधनका बावजुद पनि खैरहनी नगरपालिकालाई समृद्धिको यात्रामा अघि बढाउने विश्वास र उत्साहका साथ सहभागितामूलक योजना प्रकृयाबाट वस्ती बस्तीबाट माग भएका योजनाहरुलाई वडा स्तरमा छलफलको आधारमा छनौट एवं प्राथमिकिकरण गरि तयार भएको वार्षिक नगर योजना २०८१/८२ पन्ध्रौं नगरसभा बैठकबाट पारित भएको छ।

नगरपालिकाको १३ वटा वडाहरुमा वडा समितिको निर्णयबाट नै संचालन गरिने योजनाहरुको लागि सूत्रमा आधारित समानुपातिक रुपमा बजेट विनियोजन गरिएको छ। नगर गौरवका योजना र विषयगत शाखाहरूबाट कार्यान्वयन हुने कार्यक्रमहरुको विवरण समेत यस पुस्तक भित्र अटाएका छन्। सरकारी तथा गैरसरकारी निकायबीच प्रभावकारी समन्वय कायम गरी योजना कार्यान्वयनमा आउन सक्ने दोहोरोपन हटाउन आवश्यक प्रवन्ध गरिएको छ।

आर्थिक वर्ष २०८०/८१ को नगर विकास योजनामा नगरपालिका भित्र भौतिक पूर्वधार निर्माण संगै शिक्षाको गुणस्तर अभिवृद्धि, आधारभुत स्वाथ्य सेवामा पहुँच विस्तार गर्ने योजना तथा कार्यक्रम समावेश गरिएको छ। आर्थिक रुपले विपन्न वर्ग, श्रमिक, मजदूर तथा बेरोजगार जनशक्तिलाई रोजगारी उपलव्ध गराउन श्रम प्रविधिको प्रयोग गरी विद्यमान गरिवीलाई न्यूनीकरण गर्ने, कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गरी उद्यमशीलताको प्रवर्द्धन गर्दै आत्मनिर्भरताका लागि स्थानीय संभावना रहेका थोरै लगानीबाट छिटो र धेरै प्रतिफल दिने योजनाहरुमा जोड दिइएको छ। सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री बनाउँदै नगरपालिकाबाट प्रदान हुने तालिम मार्फत नगरवासीले सिकेको सीपलाई उद्यमसँग जोड्न बिउ पूँजी प्रदान गर्ने कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ। दिगो विकासका लक्ष्यहरूलाई प्रत्यक्ष टेवा पुर्याउने कार्यक्रमहरुलाई प्राथमिकतामा राखि हरेक कार्यक्रम तथा योजनाले सन २०३० सम्मका दिगो विकासको कुन लक्ष्य प्राप्तिमा सहयोग गर्दछन्

भन्ने एकिन गरि वार्षिक नगर विकासको योजनामा समावेश गरिएको छ ।

"कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मुल आधार" भन्ने आर्दश वाक्यलाई ध्यानमा राख्दै नगरका योजना कार्यान्वयनमा संलग्न निकायहरुलाई विकास नतिजाप्रति उत्तरदायी बनाई नतिजामुखी संस्कृतिको विकासद्वारा सम्बृद्ध, समुन्नत र वातावरणमैत्री नगर बनाउन यस वर्षको नगर विकास योजनाले विशेष जोड दिएको छ । यसको लागि कृषि, पर्यटन, औद्योगिक विकास र बिस्तार मार्फत उत्पादन वृद्धि गर्ने, विकासका लागि पूर्वाधार निर्माण गर्ने, सामाजिक विकास, सुरक्षा एवम् संरक्षणमा जोड दिनुका साथै संस्थागत क्षमता अभिवृद्धि गर्ने योजना तथा कार्यक्रमहरु यस आर्थिक वर्षको लागि तय गरिएका छन् ।

नगरसभाबाट पारित निर्णयहरु, नीति तथा कार्यक्रमहरु सरोकारवालाहरु सामु सार्वजनिक गरी खुल्ला र पारदर्शी स्थानीय सरकारको मर्मलाई सार्थक तुल्याउनुका लागि यो नगर विकास योजना २०८१/८२ नामक पुस्तक प्रकाशित भएको छ । हामीले विकास निर्माणमा गरेका कार्यहरु, सुशासन कायम गर्न गरेका प्रयास, अनियमितता नियन्त्रणमा गरेको प्रयासहरु तथा सेवा प्रवाहमा गरेका प्रयासहरूलाई तपाई नगरवासी हरुले विभिन्न माध्यमबाट सकारात्मक प्रतिकृया दिनुभएको छ । नगरबासीको सकारात्मक मार्गदर्शनले हामीलाई आगामी दिनमा अझ बढी लगनशील भई कार्यसम्पादन गर्न हौसला प्रदान गरेको छ ।

योजना तथा कार्यक्रम तयार गर्ने क्रममा नगरपालिकाका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, नगरसभाका सदस्यहरु, लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद प्रकट गर्दछु । त्यसै गरी नगरस्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु लगायत सरोकारवालाहरु बाट प्राप्त सुझाव र सहयोगका लागि पनि विशेष धन्यवाद दिन चाहन्छु । यस नगर विकास योजनाले नगरको आगामी वर्षको विकास निर्माणलाई मार्गदर्शन गर्ने मात्र नभई संविधानले परिकल्पना गरेको विकासको साझा गन्तव्य र दिगो विकासका लक्ष्यहरु हासिल गर्ने दिशामा महत्वपूर्ण आधार प्रदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।



**शशी कुमार खनिया**
**नगर प्रमुख**

**खैरहनी नगरपालिका**
खैरहनी, चितवन

## उप-प्रमुखको कलमबाट

खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट समेतका विषयहरुलाई समेटेर नगरपालिकाले नगर विकास योजना प्रकाशित गर्न लागेकोमा मलाई खुसी लागेको छ । नगर विकास योजनाले सम्पूर्ण नगरबासी, राजनैतिक दलका प्रतिनिधिहरु, सञ्चारकर्मी, नागरिक समाज तथा जननिर्वाचित प्रतिनिधिहरुलाई पनि आ-आफ्ना क्षेत्रमा के कस्ता विकासका कार्यहरु नगरपालिकाले यस आर्थिक वर्षमा गर्दैछ र नगरपालिकाले के कस्तो नीति तथा कार्यक्रमको अवलम्बन गर्दैछ भन्ने जानकारी दिनुका साथै नागरिकलाई सुसूचित गराउन समेत टेवा पुर्याउने छ भन्ने हामीले अपेक्षा गरेका छौं ।

"सुखी नगरवासी, सवल र सम्बृद्ध खैरहनी" लाई आत्मसात गर्दै सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकासमार्फत नगरपालिकाको आर्थिक अवस्थालाई उत्थान शील, समुन्नत, स्वाधीन र समृद्ध बनाउँदै लैजान आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटले मार्गप्रशस्त गर्नेमा हामि आशावादी छौं । आगामी वर्ष २०८१/८२ को बजेट आर्थिक क्षेत्रमा देखिएका चुनौतीको सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्नेतर्फ केन्द्रित रहेको छ । उपलब्ध सिमित स्रोत साधनलाई अधिकतम उपयोग गरी नगरको आवश्यकता तथा नगरवासीको मागलाई सम्बोधन गरी आर्थिक अवस्थाको पुनरुत्थान गर्दै विकासको गतिलाई अगाडि लैजाने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

योजना बनाउनु पहिलो काम हो भने त्यसलाई समयमा तोकिएका प्रक्रियाहरु पुरा गरी गुणस्तरीय

ढंगले पारदर्शी रुपमा कार्यान्वयन गर्नु अर्को चुनौती पनि हो । यो चुनौतीको सामना गर्न यहाँहरु सबैको सकारात्मक सल्लाह सुझाव प्राप्त हुने नै छ भन्ने विश्वासको साथ नगर विकास योजना तर्जुमादेखि यो रुपसम्म ल्याउनुको लागि नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारी साथीहरु, विभिन्न संघ संस्था, नागरिक समाज, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु, गैरसरकारी संस्थाहरु, बौद्धिक समुदाय तथा सम्पूर्ण नगरवासीहरुमा धन्यवाद टक्राउँदै नगरपालिकाले पारित गरेका योजना कार्यान्वयनमा यहाँहरुको सदैव साथ सहयोग र सद्भाव रहनेमा हामी विश्वस्त छौं ।

**कविता उप्रेती**

**उप-प्रमुख**

**खैरहनी नगरपालिका**
खैरहनी, चितवन

# प्रमुख प्रशासकीय अधिकृतको प्रतिवद्धता

खैरहनी नगरपालिकाको पन्ध्रौं नगरसभाले पारित गरेको आर्थिक वर्ष २०८१/८२ को नगर विकास योजनामा नगरवासीको आवश्यकता र आकांक्षाको सम्बोधन गर्न विगतको वर्षका नगर विकास योजनाहरूले समेटेका सफल कार्यक्रमहरुलाई निरन्तरता दिई केही मौलिक तथा नागरिकको मागमा आधारित कार्यक्रमहरु समावेश भएका छन्।

आर्थिक वर्ष २०८१/८२ को नगर विकास योजनामा स्थानीय पूर्वाधारहरुको कार्यान्वयनलाई गुणस्तरीय, वातावरणमैत्री तथा अपाङ्ग मैत्री बनाई निर्माण सम्पन्न भएका पूर्वाधार आयोजनाहरुको दिगो व्यवस्थापनको सुनिश्चितता गर्ने विषयलाई उच्च प्राथमिकतामा राखिएको छ । कृषि उपजमा रासायनिक तथा विषादीयुक्त बनाउने, जैविक र प्राङ्गारिक नगर स्थापना गर्ने दीर्घकालीन लक्ष्यलाई आत्मसाथ गर्दै वृक्षारोपण, वाल उद्यान, स्वच्छ पिउने पानीको व्यवस्थापन गर्ने कार्यक्रमहरुलाई यस नगर विकास योजनामा समावेश गरिएको छ । नगरवासीको स्वच्छ वातावरणमा बाँच्न पाउने हक र स्वास्थ्य सम्बन्धी हकको सुनिश्चिता, विद्यालय शिक्षालाई थप गुणस्तरीय बनाउने कार्यक्रम निर्माण गरिएको छ । आधुनिक प्रविधिको महत्तम उपयोग गरी चुस्त, दुरुस्त तथा छिटो छरितो सेवा प्रवाह मार्फत सुशासनको अनुभुति नगरवासीलाई गराउँदै भ्रष्टाचार प्रति शुन्य सहनशीलताको नीतिलाई आत्मसाथ गरी कार्यसम्पादनलाई निरन्तरता दिईने छ । आर्थिक वर्ष २०८१/८२ को नगर विकास योजनाले समेटेका सामाजिक, आर्थिक, पूर्वाधार, वन तथा वातावरण अनि सुशासन जस्ता विषयगत क्षेत्रहरुमा सबै कार्यक्रमहरुको सफल कार्यान्वयनको लागी सदा झैं सबै जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलहरु, नगरवासीहरु, विषयगत कार्यालयहरु र कार्यरत कर्मचारीहरुको सकारात्मक सुझाव, सहयोग, समन्वय र सहकार्य प्राप्त हुने अपेक्षा छ ।

अन्त्यमा प्रस्तुत नीति कार्यक्रम तथा बजेट निर्माणदेखि यस चरणसम्म अमूल्य सुझाव सहित हरपल मार्गदर्शन गर्नुहुने आदरणीय नगर प्रमुखज्यू, उप-प्रमुखज्यू, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु लगायत यस कार्यालयका कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दै यस कार्यालयबाट प्रदान गरिने सेवालाई थप चुस्त, दुरुस्त, गुणस्तरीय, पारदर्शी, नतिजामुखी, प्रविधिमैत्री तथा सेवाग्राही मैत्री बनाई सुशासनको अनुभुति दिने र आर्थिक वर्ष २०८१/८२ को नगर विकास योजनामा समेटिएका सबै कार्यक्रमहरु कार्यान्वयको लागि सार्थक र निरन्तर पहल गर्ने  प्रतिवद्धता व्यक्त गर्दछु ।

धन्यवाद !!

विष्णु प्र. सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम | ३ |
| ३. | आर्थिक वर्ष २०८१/८२ को राजश्व र व्ययको अनुमान (बजेट) | २९ |
| ४. | आर्थिक ऐन, २०८१ | ५१ |
| ५. | विनियोजन ऐन, २०८१ | ९९ |
| ६. | पन्ध्रौं अधिवेशनबाट भएका निर्णयहरु | १४७ |
| ७. | उपभोक्ता समिति मार्फत निर्माण कार्यसँग सम्बन्धित नगर तथा वडा स्तरीय आयोजनाहरुको कार्यान्वयनका चरणहरु | १५१ |
| ८. | कार्यक्रम तथा खरिद आयोजनाहरुको कार्यान्वयनका चरणहरु | १५२ |
| ९. | नगरपालिकाका जन निर्वाचित पदाधिकारीहरुको सम्पर्क विवरण | १५६ |
| १०. | खैरहनी नगरपालिकामा कार्यरत कर्मचारीहरुको सम्पर्क विवरण | १५८ |

# परिचय

बागमती प्रदेश अन्तर्गत पर्ने खैरहनी नगरपालिका चितवन जिल्लाको सदरमुकाम भरतपुरबाट करिब २२ कि.मी. पूर्वमा अवस्थित छ। नेपाल सरकारको मिति २०७१/०१/२५ को निर्णयानुसार गठन भएको चितवन जिल्लाको चैनपुर, खैरहनी र कुमरोज गरी तीन वटा गाउँ विकास समिति समावेश भई यस नगरपालिका गठन भएको हो। नेपाल सरकारको मिति २०७२/०६/०१ को निर्णय अनुसार कठार गाउँ विकास समिति समेत यस नगरपालिकामा समावेश भए पछि साविकका चार गाँउ विकास समितिहरुको संयुक्त रुप नै खैरहनी नगरपालिका हो। शुरुमा सानो ग्रामीण बजारको अवधारणाबाट अगाडी आएको यो पूर्व पश्चिम राजमार्गको निर्माण पश्चात द्रुत गतिमा शहरीकरण भै रहेको छ। यस नगरको प्रमुख बजारको रुपमा पर्सा बजारलाई लिन सकिन्छ। यो बजार खास गरी चैनपुर, भण्डारा, कठार, कुमरोज, विरेन्द्रनगर, पिठुवा तथा अन्य नजिकका बस्तीहरुको प्रमुख व्यापारिक केन्द्र पनि हो। खैरहनी नगरपालिका नामाकरण कसरी भयो भन्ने सम्बन्धमा विविध किम्बदन्तीहरु पाइन्छ। प्राचिन कालमा सो क्षेत्रमा प्रशस्त खयर घारीले भरिएकाले तत्काल खयरघारीको नामले परिचित रहेको खयरघारी शब्द अपभ्रंस भई खैरहनी भएको भन्ने भनाई रहेको छ। सोही नामबाट खैरहनी गाउँ विकास समितिको नामाकरण भई सो खैरहनी गाउँ विकास समिति समेत गरी नगरपालिका गठन भएकोले यस नगरपालिकाको नाम खैरहनी नगरपालिका नामाकरण भएको हो।

## १.२ भौगोलिक अवस्थिति, सिमाना एवम् प्रशासनिक विभाजन :

समुद्री सतह देखि करिब १९० मी. उचाईमा रहेको यस नगरपालिकालाई पूर्व पश्चिम राजमार्गले उत्तर र दक्षिण दुई भागमा बरावरी बाँडेको छ। यस नगरपालिकाको उत्तरमा कालिका नगरपालिका, पूर्वमा राप्ती नगरपालिका र पश्चिममा रत्ननगर नगरपालिका छ भने दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज अवस्थित छ। दक्षिण तर्फ प्राकृतिक सिमानाको रुपमा  राप्ती नदीले खैरहनीलाई छुट्याएको छ।

नियमित रुपमा राप्ती नदी र यसका शाखा नदीहरुले बगाएर ल्याएको कृषि योग्य मलिलो माटोको कारण यो क्षेत्र कृषिको लागि निकै उपयुक्त छ। राजनैतिक आधारमा यस नगरलाई १३ वटा वडाहरुमा विभाजन गरी स्थानीय जनताहरुलाई प्रशासनिक सेवा सुविधा पुर्याउँदै आएको यस नगरपालिकाले ८५.५७ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। निर्वाचन क्षेत्रको हिसावले प्रतिनीधि सभाको लागि चितवन जिल्लामा तिन वटा निर्वाचन क्षेत्र कायम गरीएकोमा खैरहनी नगरपालिका १ नम्बर निर्वाचन क्षेत्रमा पर्दछ। त्यस्तै गरी प्रतिनिधि सभाको क्षेत्र नं. १ मा प्रदेश सभाको लागि कायम भएका २ निर्वाचन क्षेत्र मध्ये यो नगरपालिका दुबै निर्वाचन क्षेत्रमा परेको छ। जस अुनसार प्रदेश सभा निर्वाचन क्षेत्र नं. १(क) अन्तर्गत वडा नं. ३, ६, ७, ८, ९, १० र

११ गरी ७ वटा वडा पर्दछन् भने १(ख) अन्तर्गत वडा नं. १, २, ४, ५, १२ र १३ गरी ६ वटा वडा पर्दछन्। वि.सं. २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ६७३८५ रहेको छ। जसमा ३५०५३ महिला र ३२३३२ जना पुरुष रहेका छन्।

| क्र.सं. | साविक गाविसका वडाहरु | साविक न.पा.का वडाहरु | हाल कायम भएका वडाहरु | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी) |
|---|---|---|---|---|---|
| १ | चैनपुर १ र २ | १ | १ | **६६५५** | ४.०१ |
| २ | चैनपुर ३ र ७ | २ | २ | **६१२८** | ८.५८ |
| ३ | चैनपुर ४, ५ र ६ | ३ | ३ | **४५२०** | ९.८७ |
| ४ | चैनपुर ८ र ९ | ४ | ४ | **४३८८** | ७.१२ |
| ५ | खैरहनी ८ र ९ | ५ | ५ | **३०१७** | ४.४८ |
| ६ | खैरहनी ६ र ७ | ६ | ६ | **५९४३** | २.१७ |
| ७ | खैरहनी ३ र ५ | ७ | ७ | **३४८१** | ४.०८ |
| ८ | खैरहनी ४ | ८ | ८ | **७४४६** | १.१९ |
| ९ | खैरहनी १ र २ | ९ | ९ | ५८०२ | ५.८५ |
| १० | कठार १,२,३,४,५,६ र ७ | १४ र १५ | १० | **७४६४** | १०.६२ |
| ११ | कठार ८ र ९ | १६ | ११ | ३३९१ | ६.३६ |
| १२ | कुमरोज ५,६,७,८ र ९ | १० र ११ | १२ | ४२३० | १०.१६ |
| १३ | कुमरोज १,२,३ र ४ | १२ र १३ | १३ | ४९२० | ११.०८ |
| जम्मा | | | | **६७३८५** | १०० |

**खैरहनी नगरपालिकाको नक्सा:**



खैरहनी नगरपालिकाको १५ औं नगरसभा २०८१ असार १० गते
नगर प्रमुख **श्री शशी कुमार खनियाज्यू**ले पेश गर्नु भएको

# आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम

**खैरहनी नगरपालिका**
**चितवन जिल्ला**
**बागमती प्रदेश**
**२०८१**

# १

# वार्षिक नीति तथा कार्यक्रम

*"कृषि, उद्योग, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मुल आधार"*

**खैरहनी नगरपालिकाको नगरसभामाको १५ औं अधिवेशनमा प्रस्तुत**

## आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम

**खैरहनी नगरपालिकाका उप-प्रमुखज्यू,**
**वडा अध्यक्षज्यूहरु,**
**कार्यपालिका सदस्यज्यूहरु,**
**नगरसभा सदस्यज्यूहरु,**
**नगरसभाका सचिव, नगर शिक्षा अधिकारी, कर्मचारी साथीहरु,**
**सञ्चारकर्मी मित्रहरुलाई मेरो व्यक्तिगत तर्फबाट तथा खैरहनी नगरपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु ।**

१. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र स्वतन्त्र जन जीविकाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यस्ता आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनु भएको योगदानको पुन: स्मरण गर्न चाहन्छु ।

२. नगरपालिका स्थापनाकालदेखिनै यहाँका राजनैतिक दल, समाजसेवी, पूर्व जनप्रतिनिधि तथा नगरपालिकाका वर्तमान जनप्रतिनिधिहरुले नेतृत्व गरेको विगतको अथक प्रयासबाट हासिल भएको उपलब्धिहरुको जगमा टेकेर आगामी दिनमा विगतका हाम्रा भोगाई र सिकाईका साथै विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझावहरुको आधारमा विकासको यात्रालाई तीव्रताका साथ अगाडि बढाउने प्रण गर्दछु ।

३. विगत वर्षहरुमा गरिएको संस्थागत स्व:मुल्याङ्कनमा हाम्रो नगरपालिकाले देशभरमै उत्कृष्ट नतिजा हाँसिल गर्न सफल भएको छ भने वित्तीय अनुशासन तथा जोखिम मूल्याङ्कनमा देश भरमै प्रथम हुन सफल भएको छ। आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकाको कार्यसम्पादनमा सुझाव, सल्लाह र सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी, यस क्षेत्रका सङ्घीय तथा प्रदेशका माननीय सांसद, जिल्ला समन्वय समितिका प्रमुख, राजनीतिक दल, सामाजिक संघ, संस्था, उप-प्रमुख, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, कार्यालयका सम्पूर्ण कर्मचारीहरु साथै पत्रकार मित्रहरु प्रति धन्यवाद सहित आभार प्रकट गर्दछु। साथै आगामी दिनमा समेत सल्लाह, सुझाव, सहयोग, सहकार्य र समन्वयको अपेक्षा गरेको छु।

४. नेपालको संविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, संङ्घीय सरकारले अंगिकार गरेको १६ औं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र नीतिहरु, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारको आर्थिक वर्ष २०८१।८२ को बजेट, नीति तथा कार्यक्रम,बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना तथा आर्थिक वर्ष २०८१।८२को बजेट, नीति तथा कार्यक्रम, खैरहनी नगरपालिकाको आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरु, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरु, खैरहनी नगरपालिकाको आर्थिक सर्वेक्षण, २०८०/८१, माननीय सांसदज्यूहरु, विभिन्न राजनैतिक दल तथा सरोकारवालाहरुबाट प्राप्त राय सुझाबहरु, विगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट पारित भएका निर्णयहरु, स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझावहरु, लेखापरीक्षण प्रतिवेदन, लैङ्गीक परीक्षण, सामाजिक परीक्षण लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझावहरुको आधारमा खैरहनी नगरपालिकाले आर्थिक वर्ष २०८१।८२ मा अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रमहरु तय गरिएको छ।

**नगर सभाका सदस्यज्यूहरु,**

**अब म आर्थिक, सामाजिक र पूर्वाधार विकास, वन वातावरण, विपद व्यवस्थापन र सरसफाई, सुशासन तथा संस्थागत विकास, सामाजिक न्याय, सशक्तिकरण लगायत नगरपालिकाको सर्वाङ्गिण विकासका लागि नगरपालिकाले आगामी आर्थिक वर्ष २०८१ /८२ मा अबलम्बन गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।**

# १. आर्थिक विकास :

## क. कृषि विकास :

५. ***"खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा"*** भन्ने नारा सम्बोधन गर्न कृषकको घर - दैलोमा प्राविधिक सेवा, सामाजिक सञ्जालमा प्राविधिक प्याम्प्लेट, बाली रोग र कीरासँग सम्बन्धित भिडियो सामग्री उत्पादन तथा प्रसारण गर्दै "किसान तपाईँलाई के चाहिन्छ?" कार्यक्रम लाई थप परिष्कृत र नतिजामुलक बनाईनेछ।

६. ***"कृषि उत्पादनको मूल आधार, सिचाई प्रणालीमा सुधार"*** भन्ने अवधारणालाई मध्यनजर गरी नगरपालिकाको शत प्रतिशत खेती योग्य भूमीमा बार्हैमास सिंचाई सुविधा पुर्याई कृषी उपजको उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिईने छ।

७. "***कृषि उत्पादनमा वृद्धि, खैरहनी नगरको समृद्धि***" को मुल मर्मलाई साकार पार्न कृषिको आधुनिकीकरण तथा यान्त्रीकिकरण मार्फत तरकारी, खाद्यान्न, फलफूल, च्याउ र मह जस्ता कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर नगरपालिका निर्माण गरिने छ।

८. कृषिमा निजी क्षेत्रको लगानी वृद्धिको उचित वातावरण सिर्जना गर्न एकीकृत कृषि उपज, माछा, मासु बजार निर्माण गरि ***"बारी देखि बजारसम्म, उत्पादक देखि उपभोक्तासम्म"*** अभियान सञ्चालन गरिनेछ, साथै कृषि उपज संकलन केन्द्र र कृषि बजारको निर्माण गरिनेछ।

९. कृषि क्षेत्रमा युवाहरूलाई आकर्षित गरि कृषि कर्मलाई प्रतिस्पर्धी तथा व्यवसायिक बनाउन कृषक, कृषक समूह, समिति र सहकारीको सहकार्यमा ***मेयरसँग कृषि कार्यक्रम*** सञ्चालन गरिनेछ।

***१०.*** ***"उत्पादन साथमा, अनुदान हातमा"*** भन्ने नारालाई चरितार्थ गर्न तुलनात्मक लाभ र उच्च मूल्य प्राप्त हुने, विदेशबाट बढी आयात हुने बाली तथा वस्तुको उत्पादन वृद्धि गर्नका लागि प्याज र अन्य मसला बालीमा उत्पादनको आधारमा अनुदान दिने कार्यक्रमलाई थप विस्तार गरिनेछ।

११. विपन्न कृषक परिवारलाई करेसाबारी खेतीमा प्रोत्साहन कार्यक्रमको निरन्तरता मार्फत स्वच्छ र पोषणयुक्त खाद्यानमा पँहुच विस्तार गरी खाद्य सुरक्षाको सुनिश्चिता गरिने छ।

१२. कृषि आधुनिकीकरणका लागि श्रोत केन्द्रका रुपमा खुल्ला सदस्यता अवलम्बन गरेका कृषि सहकारीसँग सहकार्य गर्ने गरी "***एक वडा एक कृषि सहकारी***" कार्यक्रम मार्फत कृषि यान्त्रीकिकरण अन्तर्गत कृषि प्रयोजनका लागि ट्र्याक्टर वितरणका साथै कृषि बजार, भूमि बैंकको विस्तार गरिने छ।

१३. खेतियोग्य जग्गा नहुने विपन्न तथा गरिब किसानलाई व्यवसायिक खेतीमा आकर्षित गरि कृषिमा दिगोपन ल्याउन जग्गा भाडामा अनुदान दिने कार्यक्रम थप बिस्तार गरिने छ।

***१४.*** ***स्वस्थ उत्पादन, रसायन प्रतिस्थापनको लक्ष्य, आई.पि.एम. पद्धतिद्वारा कृषक स्वयं दक्ष***" भन्ने नारा अघि बढाउदै वातावरण, मानव स्वास्थ्यलाई कुनै हानी नोक्सानी नपुर्‍याउने खालका विभिन्न

प्रविधिहरूलाई प्रयोग गरि बाली बिरूवालाई रोग कीराबाट बचाउने र विषादी, मलको समुचित प्रयोग गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने शिक्षा प्रदान गर्ने आई.पि.एम. कृषक पाठशाला कार्यक्रमलाई किसान मैत्री बनाउँदै अगाडि बढाइने छ। विषादीको न्यून र समुचित प्रयोग गरि उत्पादन गरिएको कृषि उपजको प्रवर्द्धन गर्न आई.पी.एम. पसल कार्यक्रम शुरु गरिनेछ।

**१५.** ***"विदेशमा सिकेको सीप र ज्ञान, स्वदेशी भूमिमा योगदान"*** भन्ने मन्त्रलाई आत्मसाथ गर्दै वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषि प्राविधिक क्षमता अभिवृद्धि गरी एक व्यवसायिक कृषकको रुपमा विकास गर्न सहयोग तथा सहजीकरण गर्ने कार्यक्रम अगाडि बढाइने छ।

१६. अनुदानको रासायनिक मल, विषादी र बीउ बिक्रेताहरूलाई नियम र कानुनको परिधि भित्र मात्र कारोबार गर्न गराउन पाउने गरी व्यवस्थित गरिने छ।

१७. "***स्वस्थ माटोको साथ, उत्पादन वृद्धिको सुरुवात"*** भन्ने नाराका साथ माटो परीक्षण, माटोको अम्लीयपनलाई निर्मूल पार्ने कृषि चुन वितरण, वर्ष भरि बाली अनुगमनलाई थप वस्तुनिष्ठ बनाईने छ ।

१८ "***जोखिमको छैन कुनै सिमा, कृषकको सुख दुखको साथी बाली बिमा***" कृषि क्षेत्रमा हुने जोखिमलाई बीमाको माध्यमबाट न्यूनीकरण गरी बिमा प्रवर्द्धन कार्यक्रमको थप प्रवर्द्धन गरिने छ।

१९. "***मौरीपालन व्यवसायमा लगानी, स्थानीय महबाट मनग्य आम्दानी***" लाई आत्मसाथ गर्दै किसानद्वारा उत्पादित महको गुणस्तरको सुनिश्चितता सँग सँगै महको उचित मूल्यमा बिक्री वितरण गर्ने वातावरण सिर्जना गरिनेछ। साथै, मौरीपालन कृषकलाई लक्षित गरि मह प्रवर्द्धन एवं मेसिनरी सहयोग कार्यक्रम संचालन गरिनेछ।

२०. किसानद्वारा उत्पादित उपजको भण्डारण र बजारमा उच्च मूल्य पाउने गरी बिक्री गर्न शीत भण्डार सञ्चालनमा ल्याइनेछ र किसानलाई त्यसतर्फ आकर्षित गरिनेछ।

**२१.** ***"प्राङ्गारिक मलको प्रयोग, स्थानीय श्रोत - साधनको सदुपयोग"*** भन्ने मान्यताका साथ स्थानीय श्रोत साधन प्रयोग गरि प्राङ्गारिक मल र गड्यौले मल उत्पादन र प्रयोग गर्न प्रवर्द्धनात्मक कार्यक्रमको सुरुवात गरिनेछ। साथै, प्राङ्गारिक मल श्रोत केन्द्र स्थापना गरिनेछ।

२२. बजार मागको आधारमा कृषि व्यवसाय प्रवर्द्धन गर्न, जनशक्ति विकासमा जोड दिनुका साथै कृषि उपज स्तरीय तालिम दिइनेछ।

२३. हानिकारक रासायनिक विषादीको अत्याधिक प्रयोगले मानव स्वास्थ्यमा पारेको प्रभावलाई मूल्यांकन गर्दै रासायनिक विषादीको विकल्प जैविक विषादी र जैविक सामाग्रीको बारेमा किसानहरूमा सचेतना जगाउदै कृषकहरूलाई सहुलियत दरमा जैविक सामग्री र विषादी वितरण गर्ने कार्यक्रमको सुरुवात गरिनेछ।

२४. नगरभित्रको कृषिको वस्तुगत स्थिति र अवस्थाको तथ्यांक प्राप्त गर्न किसान सूचीकरण कार्यक्रम बाँकी सबै वडामा सञ्चालन गरिनेछ।

२५. नयाँ तथा उन्नत जातका बीउ बिजनको प्रयोगलाई बढावा दिने र बजारमा बीउ बिजनको मूल्यमा

एकरूपता ल्याउन खाद्यान्न बालीको उन्नत बीउ उपभोगमा अनुदान कार्यक्रम थप व्यवस्थित गरी लागु गरिने छ।

२६. खैरहनी नगरपालिकाको प्रमुख खाद्यान्न बाली धानको उत्पादकत्व वृद्धि गर्न धानबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।खैरहनी नगरपलिकामा च्याउखेती प्रवर्धन कार्यक्रम र कृषि प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।

**ख. उद्योग तथा वाणिज्य :**

२७. उद्योगी व्यवसायीहरुको अवस्था, समस्या र सोको समाधानका लागि नगरमा उद्योग व्यवसाय क्षेत्रमा क्रियाशिल संघ संस्थाहरुसंग सहकार्य गरिनेछ।

२८. ठेला गाडा व्यवस्थापन र तरकारी बजारको लागि व्यवस्थित र एकिकृत बजार सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ।

२९. उद्योग कलकारखाना तथा व्यवसायको अवस्थालाई समेत आधार बनाइ उद्योग व्यवसायको करलाई आवश्यकता र औचित्यता समेतका आधारमा कर छुट गर्ने व्यवस्था तथा दर्ता प्रक्रियामा नआएका व्यवसायीहरुलाई प्रक्रियामा ल्याउन निश्चित समयावधी भित्र दर्ता गर्ने व्यवसायीहरुलाई एकपटक निश्चित छुटको अवसर दिई व्यवसायलाई नगरपालिकामा दर्ता गर्न अभिप्रेरित गरिनेछ भने दर्ता नगर्नेहरुलाई नियमानुसार कार्वाही समेत गरिनेछ।

३०. उद्योग वाणिज्य क्षेत्रको प्रवर्द्धन र विकासका लागि उद्योग वाणिज्य संघ खैरहनी, चितवन उद्योग संघ इकाई खैरहनी र नेपाल चेम्वर अफ कमर्स खैरहनी संगको सहकार्यलाई निरन्तरता दिइनेछ।

३१. बजार अनुगमन, गुणस्तरीयता परीक्षणको कार्यलाई सरोकारवालाहरु सबैको सहभागितामा प्रभावकारी तथा नियमित रुपले अगाडी बढाइनेछ।

३२. नगरपालिकामा दर्ता भएका उद्योग व्यवसायहरुको अभिलेख व्यवस्थित गर्न प्रयोगमा ल्याईएको व्यवसाय दर्ता व्यवस्थापन प्रणालीमा सुधार गरी थप व्यवस्थित बनाईनेछ। साथै व्यवसाय दर्ताको अभिलेख व्यवस्थापन वडा कार्यालयमा पनि व्यवस्थित गर्दै लगिनेछ।

३३. मध्यवर्ति क्षेत्र र राष्ट्रिय निकुञ्ज आसपासका क्षेत्रमा सञ्चालन हुने उद्योग तथा व्यवसायको सहजरुपमा दर्ताका लागि चितवन राष्ट्रिय निकुञ्जसंग समन्वय गरी सहजीकरण गरिनेछ।

३४. उद्योग तथा कल कारखानामा काम गर्ने मजदुर तथा रोजगारदाता बीचको द्वन्द व्यवस्थापन तथा रोजगारदाताहरुको हकहित संरक्षणको पक्षमा उद्योगी व्यवसायीहरुसँग आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ।

३५. व्यवसायको तथ्यांक संकलन तथा दर्ता र नविकरण कार्यका लागि व्यवसाय घुम्ती शिविर सञ्चालन गरिनेछ साथै अनुगमन कार्यलाई तिव्रता दिइनेछ।

## ग. पर्यटन प्रवर्द्धन तथा संस्कृति विकास:

३६. खैरहनी नगरपालिकाको दक्षिणी क्षेत्रलाई सौराहाको पर्यटन व्यवसायसँग आवद्ध गरिनेछ।

३७. नगरक्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुको विकासका लागि मागका आधारमा थप योजना सहित पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरु अगाडि बढाइनेछ।

३८. थारु, दराइ, मगर तथा अन्य जातजातिको संग्रालयको थप व्यवस्थापन गरी पर्यटकहरुलाइ आकर्षित गरिनेछ।

३९. साँस्कृतिक सम्पदाको अध्ययन तथा तथ्याङ्क संकलन गरी आर्थिक विकासमा टेवा पुर्याउन सक्ने सम्पूर्ण सम्पदा तथा सँस्कृति झल्काउने स्थान र समुदायको संरक्षण र स्थापनामा जोड दिइनेछ।

४०. ऐतिहासिक धार्मिक तथा पुरातात्विक मठ, मन्दिर, गुम्बा, मस्जिदको संरक्षण तथा उपयोगमा विशेष जोड दिइनेछ।

४१. होमस्टे (घरबास) को विकास मार्फत ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरिनेछ। होमस्टे सञ्चालकलाई स्थानीय कला, संस्कृति, भेषभूषा, मौलिकता, परम्परागत पेशा, अर्गानिक तथा घरेलु उत्पादनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ।

४२ असल पर्यटन अभ्यास (Good Tourism Practice) को मापदण्ड निर्धारण र कार्यान्वयन गर्न क्षमता विकासको लागि उपयुक्त कार्य गरिनेछ।

४३. नगरपालिकाभित्र बसोबास गर्ने विभिन्न जातजातिको मौलिकता, कला संस्कृति, पहिचान झल्कने श्रोत सामग्रीको प्रदर्शनी (Exhibition) गर्नुका साथै स्थापना भएका सङ्ग्रालयहरुको स्तरोन्नति गरिनेछ।

४४. नगरक्षेत्रभित्रका पर्यटकीय सम्भावना बोकेका स्थलहरुको सूचना र जानकारी सार्वजनिकीकरण गर्न पालिकाको Web site, Mobile App. र Social Site मार्फत सचित्र प्रचारप्रसार गर्ने कार्यको शुभारम्भ गरिनेछ।

४५. पर्यटन प्रवर्द्धन कार्यक्रम अन्तर्गत पर्यटन विकासको साथै पर्यटन व्यवसायीहरुलाई सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४६. वातावरण सरक्षंण तथा तटवन्धन जस्ता कार्यहरु गर्दा पर्यटन विकासको सम्भावनालाइ समेत मध्यनजर गरिनेछ जसअनुसार खैरहनी नगरपालिका वडा नं. ६ र ८ मा रहेको डिज्नी पार्क नजिक ब्यारेज राखी पर्यटन प्रवर्द्धनका लागि मोटरबोट सञ्चालन गरिनेछ।

४७. कुमरोज सामुदायिक वन, अजिंगरे सामुदायिक वन, चिसापानी सामुदायिक वन तथा खै.न.पा १० स्थित चन्द्रमा पार्क र देवीस्थान मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा प्रवर्धन गरिनेछ।

४८. कंकालि कोट साथै कंकाली सामुदायिक वनमा पर्यटकलाई आकर्षित गर्ने योजनाहरु सञ्चालन गरिनेछ।

४९. नगरभित्रका कृषि पर्यटनको सम्भावना रहेको क्षेत्रहरुमा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

५०. पर्यटन शाखालाई थप व्यवस्थित बनाई पर्यटन विकास समिति गठन गरि सोको व्यवस्थापन गरिनेछ।

## घ. सहकारी विकास :

५१. सहकारी संस्थाहरुको अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाइ सहकारी क्षेत्रको समुचित व्यवस्थापनका लागि नियमन, प्रवर्द्धन र प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गर्दै सुशासन र वित्तीय व्यवस्थापनलाई सुदृढ गर्न नियमीत अनुगमनको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

५२. सहकारी संस्थाले दिगो आर्थिक विकासमा पुर्याएको योगदानको मुल्याङ्कन गरी सहकारीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रेरित गर्दै रोजगारीको अवसर सृजना गराउन जोड दिइनेछ ।

५३ उत्पादन र रोजगारीलाई सहकारीसंग आवद्ध गराई बढी रोजगारी सृजना गर्ने सहकारीलाई प्रोत्साहन गरि सम्मान गरिनेछ ।

५४. सहकारी संस्थाहरूको प्रवर्द्धन र नियमनलाई थप प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ । एकीकृत व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारी संस्थाहरूलाई आवद्ध गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. सहकारीहरु प्रति आम जनताको विश्वास बढाउन क्षमता विकास सम्वन्धी कार्यहरु गरिनेछ भने प्रचलित सहकारी सम्बन्धी कानूनहरुको पालना नगर्ने तथा नियमानुसारको प्रगति प्रतिवेदनहरु नियामक निकायमा पेश नगर्ने सहकारीहरुलाई कानून अनुसार कारवाहीको दायरामा ल्याईनेछ ।

## ङ. जलश्रोत, खानेपानी तथा सिंचाई :

५६. नगरभित्रका सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच र प्रयोग हुनेगरि खानेपानी आयोजनाहरु सञ्चालनमा आवश्यक सहयोग गरिनेछ ।

५७. जलपर्यटनको सम्भाव्यता रहेका क्षेत्रमा जलस्रोतको उचित व्यवस्थापन हुनेगरी आवश्यक योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

५८. सिंचाइमा देखिएका समस्याहरुलाई समाधानका लागि सिचाइका सबै किसिमका प्रविधिहरुमा योजनाहरु सञ्चालनमा ल्याइनेछ जसले गर्दा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने विश्वास लिइएको छ ।

५९. विश्वव्यापी जलचक्र तथा जलवायु परिवर्तन अनुकुलन कार्यसमेतलाइ ध्यान दिइ सतही सिंचाईको सम्भावना भएका क्षेत्रहरुमा भुमिगत सिंचाईलाइ निरुत्साहित गर्दै सतह सिंचाइका योजनाहरुलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याईनेछ ।

## च. पशुपछीं विकास :

६०. व्यवसायिक रुपमा गाई भैसी पालनलाई विस्तार गर्न गाई भैंसीको पकेट प्याकेज कार्यक्रम संचालन गर्ने र छिटो नतिजा निक्लने तथा सहज हुने बाख्रा पालनलाई व्यवसायिक ढंगले विस्तार गर्न समूह बनाई बाख्रा पैँचो कार्यक्रम तथा बंगुर पालन व्यवसायलाई विस्तार गरिनेछ ।

६१. उत्पादन लागत कम गर्न घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्न पशु आहारामा आत्मनिर्भर गर्न उन्नत घाँसको बीउ बेर्ना बितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ भने पशु आहार र स्वास्थ्यमा सुधार गर्न युरिया मोलासेस मिनरल ब्लक बनाई वितरण गरिनेछ।

६२. पशुपंक्षी तथा मस्य ब्यवसायलाई आधुनिक र व्यावसायीकरण गर्न र लागत मूल्य कम गर्न मागको आधारमा कृषि यान्त्रिकिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ।

६३. पशुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न साथै पशु स्वास्थ्य सम्बन्धी चेतना फैलाउन दिर्घरोगी पशुहरुको उपचार प्राविधिक सेवा एकैस्थानबाट दिन पशु स्वास्थ्य शिबिर र पशु प्रजनन बिकृति उपचार बाँझोपन निबारण गर्न हेल्थ मनिटरिङ कार्यलाई निरन्तरता दिइनेछ।

६४. माछा पोखरी बिस्तार गर्न साना माछापालक कृषकलाई ५ कठ्ठा भन्दा कम क्षेत्रफल भएको कृषकलाई पोखरी निर्माण गर्न दिईने अनुदानलाई निरन्तरता साथै उत्पादन बृद्धि गर्नका लागि माछाको भुरा र चुना अनुदानमा दिइने छ।

**६५. "निरन्तर बन्ध्याकरण तथा खोप तालिका रेबिज मुक्त खैरहनी नगरपालिका"** भन्ने नाराका साथ सामुदायिक कुकुरको निशुल्क बन्ध्याकरण र रेबिज खोप लगाउने तथा आकस्मिक महामारी रोग खोरेत, पिपिआर,स्वाइन फिभर र लम्पी स्किन रोगको खोप कृषकको घर दैलोमा लगाई रोगको रोकथाम गर्ने ब्यवस्था मिलाइने छ।

६६. पशुमा हुने रक्तअल्पता सम्बन्धी रोगहरु र पोषक तत्वको कमीले हुने विभिन्न अवस्थाको पहिचान तथा निदानको लागि पशुको रगत परिक्षणको लागी मेसिन खरिद गरि परिक्षण कार्य अगाडी बढाईने छ।

६७. कृत्रिम गर्भाधान मार्फत दुधको उत्पादन र उत्पादकत्व बढाउन उत्पादनशील बाछी र पाडा-पाडी उत्पादन गर्न गोठ गोठमा पुगि कृत्रिम गर्भाधान कार्यलाई प्रभावकारी रुपले संचालन गरिनेछ।

६८. पशुपंक्षीको गुणस्तरीय स्वास्थ्य उपचारको लागि प्रयोगशाला सेवालाई ब्यवस्थित गर्न र गोबर,दुध र रगत र माछा पोखरीको पानीको गुणस्तर परिक्षण सेवा र कार्यालयमानै ल्याईएको पशुपक्षींलाई निशुल्क उपचार र औषधी बितरण गर्ने ब्यवस्था मिलाइने छ।

६९. ब्यवसायिक पशुपालन कार्यलाई बढावा दिन र उत्पादन बढाउने कार्यमा जोडिन सिप तथा सचेतनामुलक तालिम वडा वडामा संचालन गरिनेछ।

७०. दुग्ध उत्पादक सहकारी संस्थाहरुको क्षमता बृद्धि गर्न कृषकको दैनिक दुधको FAT/ SNF परिक्षण गराउने उदेश्यले मिल्क एनालाईजर मेसिन अनुदानमा उपलब्ध गराईनेछ।

७१. नगर भित्रको माछा मासु पसललाई ब्यवस्थित गर्न मासु तथा माछा पसल सुधार साथै पशु बधगर्ने बधशाला छुट्टै स्थानमा निर्माण गर्न प्रोत्साहन गरिनेछ।

७२. एकल महिला परिवारको छोरीलाई छोरी पशुधन कार्यक्रम सञ्चालन गरिने छ।

## छ. राजश्व सम्बन्धी नीति :

७३. महिलाका नाममा दर्ता हुने उद्योग तथा व्यवसायीक फर्मलाइ दर्ता शुल्कमा ५० प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ भने पुरानो व्यवसायहरुको दर्ता र नविकरणमा राजश्व परामर्श समितिको सिफारीस अनुसार आवश्यक छुटको व्यवस्था गरिनेछ।

७४. खैरहनी नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरी सकीएकोछ। नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई, बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न उक्त कार्ययोजना बमोजिमका सुधारका कार्यहरु अगाडी बढाइनेछ।

७५. नगरबासीलाई आफ्नो करप्रतिको जिम्मेवारी र कर्तव्य बोध गराउन करदाता शिक्षा र सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ। यस्ता किसिमका कार्यक्रममा उद्योग वाणिज्य संघ खैरहनी चितवन, उद्योग संघ खैरहनी ईकाइ र नेपाल चेम्बर अफ कमर्स खैरहनीसँग सहकार्य गरिनेछ।

७६. सबै सामुदायिक वनलाई करको दायरामा ल्याईनेछ।

७७. नागरिकले आफूले तिर्नुपर्ने करको बारेमा पूर्व जानकारी पाउने प्रणालीको विकास गरी राजश्व संकलन कार्यलाई पूर्वानुमानयोग्य बनाउन शुल्कको बारेमा अग्रीम जानकारी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। साथै सेवाग्राहीको सहजताका लागि कर तिर्न विद्युतीय भुक्तानी (E-Payment) सेवाको विस्तार गरिनेछ।

७८. यस अघि दिइदै आएको राजश्वमा छुट र सहुलियतको व्यवस्थालाई यथावत राखिनेछ।

७९. नगरपालिकाले प्रदान गर्ने सेवा, सुविधा, सहायता, अनुदान रकम भुक्तानीलाई क्रमश: राजश्व असुलीसँग अन्तरसम्बन्धित बनाई कडाइका साथ लागु गरिनेछ।

८०. नगरपालिकाका विभिन्न विधामा कर तिर्ने ठुला करदाताहरुलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

८१. कानूनत नगरपालिकालाई राजस्व तिर्नु बुझाउनु पर्ने दायित्व भएका व्यक्ति संघ सस्थाको राजस्व वक्यौता रहेको वा राजस्वको दायरामा नआएकालाई नगरपालिकाको तर्फबाट कुनै किसिमका सेवा, कार्यक्रम वा योजना उपलब्ध गराइने छैन।

८२. वडा कार्यालयहरुबाट नै एकीकृत सम्पत्ति कर तथा अन्य राजस्व संकलन गर्ने कार्यलाई निरन्तरता प्रदान गरी राजश्व सेवालाई सहज बनाउन आवश्यक सेवा विस्तार गरिनेछ।

## ज. रोजगारी सृजना, स्वरोजगार कार्यक्रम तथा उद्यम विकास :

८३. स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ। बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ। पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ।

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा लागत साझेदारी कायम गरिनेछ।

८४. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृति सहजिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८५. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ। युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ। नगरमा उद्यम गर्ने उद्यमिहरुलाई आफ्नो व्यापार तथा व्यवसायको प्रवर्द्धन तथा प्रचारप्रसार गर्न प्रवर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ।

८६. पालिका स्तरीय योजना तथा कार्यक्रमहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ।

८७. श्रम संस्कृतीको विकास गर्न "श्रमको सम्मान, राष्ट्रको अभियान" कार्यक्रम सञ्चालन गरिनेछ।

८८. रोजगारीको हकको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहमा उपलब्ध हुने रोजगारीको अवसरको पहिचान, समस्याको निदान तथा रोजगारीको क्षेत्रमा नविनतम उपाय र विधिको पहिचान गर्न रोजगार संवाद मञ्च कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहको रोजगार रणनीति तर्जुमाको कार्य गरिनेछ।

८९. बैदेशिक रोजगारीमा जाने, बैदेशिक रोजगारीमा रहेका र बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई लक्षित गरि सुरक्षित आप्रवासन कार्यक्रम संचालन गरिनेछ।

९०. आवश्यकताको आधारमा कार्यस्थलमा आधारित सीप/क्षमता तथा जीवन उपयोगी सीप तालिम संचालन गरिनेछ साथै फरक क्षमता भएका महिलाहरुको लागि बीउ पूँजी सहितको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

९१. रोजगारदाता तथा रोजगारीको अवसरको खोजीमा रहेका व्यक्तिहरुलाई लक्षित गरेर रोजगार मेला कार्यक्रमको आयोजना गरिनेछ।

९२. मौलिक कला र सीप भएका नगरवासीको लगत राखी उत्पादन गर्ने र भएका उत्पादनलाई बजारसँग जोड्न डिजिटल माध्यमको प्रयोग गरिनेछ।

९३. न्यूनतम रोजगारीमा संलग्न हुने व्यक्तिहरुलाई बजार सौन्दर्यकरण (विभिन्न पर्खाल, विद्यालय, बगैचामा रंगरोगन) तथा बोटानिकल गार्डेन बनाउने कार्यमा समेत संलग्न गराईनेछ।

**९४.** ***"सशक्त र उद्यमी महिलाः समृद्ध र समुन्नत पालिका"*** अभियान संचालन गरिनेछ।

९५. आवश्यकता र औचित्यको आधारमा विपन्न नागरिकलाई सीप बिकास तथा उद्यमशिलता तालिमलाई निरन्तरता दिइनेछ।

९६. उद्यमीहरुले उत्पादन/निर्माण गरेका वस्तु तथा सेवाहरुको बजारिकरणमा सहजिकरण गरिनेछ।

९७. तालिम प्राप्त व्यक्तिहरुलाई विउ पूँजी प्रदान गरी उद्यमी बन्न प्रोत्साहन गरिनेछ।

# २. सामाजिक विकास

## क. शिक्षा, युवा तथा खेलकूदः

९८. विद्यालय जाने उमेरका पूर्व प्राथमिक तहका बालबालिकाहरुका लागि प्रारम्भिक बालविकास केन्द्रमा पहुँच सुनिश्चित गरिनेछ। प्राथमिक तह उमेरका बालबालिकालाई आधारभूत तहको शिक्षा पुरा गराउन अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ।

९९. कक्षामा बालबालिकाको टिकाउदरमा वृद्धि गर्दै गुणस्तर सुधारको कार्यक्रम सञ्चालन गरिनेछ। बाल विकास केन्द्रलाई शैक्षिक र खेल सामाग्रीको व्यवस्थापन गरी सञ्चालित कक्षालाई बालमैत्री कक्षाको रुपमा स्थापित गर्दै नमूना बालविकास केन्द्रको रुपमा विकास गर्दै लगिनेछ।

१००. फरक क्षमता भएका बालबालिकालाई विद्यालय शिक्षामा भर्ना गराई नियमित गराउने गरी फरक क्षमता भएका बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थासंगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

१०१. विद्यालय जाने उमेरका बालबालिकाहरुमा उमेर अनुसारको कक्षा व्यवस्थापन मिलाउन नसक्ने बालबालिकाको पहिचान गरी त्यस्ता बालबालिकालाई विद्यालय बाहिर छुट्टै कक्षा व्यवस्थापन गरी निश्चित समयावधि भित्र आधारभूत तह कक्षा (१-३) को सिकाई प्राप्त हुने गरी बाल शिक्षा कक्षा सञ्चालन गरी विद्यालय शिक्षामा समाहित गरिनेछ।

१०२. विद्यालयमा विद्यार्थीको नियमितता वृद्धि गर्न, छात्राको उपस्थिति वृद्धि गर्न तथा कक्षा छाडने र दोहर्याउने दरमा कमी ल्याउन संघीय सरकारबाट प्राप्त हुन आएको दिवाखाजाको कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक वितरण, छात्रवृत्ति वितरणको कार्यक्रम तथा सेनेटरीप्याड वितरणको कार्यक्रम कार्यान्वयनलाई थप परिस्कृत गरि लागु गरिनेछ।

१०३. नगरपालिका भित्रको सामुदायिक कलेजमा स्नातक तहमा अध्ययनरत थारु, दलित, अपाङ्ग, अल्पसंख्यक तथा अति विपन्न परिवार भित्रका आर्थिक अवस्था कमजोर भएका छात्राहरु तथा दलित छात्रहरुलाई स्नातक तहसम्मको अध्ययन पुरा गर्न उच्च शिक्षा छात्रवृत्ति वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०४. संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयबाट उपलब्ध गराउने न्यूनतम १० प्रतिशत छात्रवृत्ति सुनिश्चित गरिनेछ। कक्षा ११ मा भर्ना हुने विद्यार्थीका लागि नगरपालिका र विद्यालयबाट छनौट गरी पाँच पाँच प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रमलाई थप प्रभावकारी गराई लागु गरिने छ।

१०५. शिक्षकहरुलाई नविनतम प्रविधिसँग सम्वन्धित तालिम, स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम तथा प्रश्नपत्र निर्माण र ग्रिड प्रयोगका सम्बन्धमा क्षमता विकास तालिमहरु सञ्चानल गरी तालिमको सिकाईलाई उपलब्धी पूर्ण हुने गरी सञ्चालन गरिने छ।

१०६. शैक्षिक उपलब्धीमा आधारित शिक्षक प्रोत्साहन (10 to 4 Incentive ) कार्यक्रम अन्तर्गत आफुले

अध्यापन गर्ने विषयमा विद्यार्थीले प्राप्त गरेको समग्र विषयगत नतिजामा उच्चतम GPA कायम गराउन सफल शिक्षकलाई कार्यविधिको आधारमा "क" र "ख" वर्गमा विभाजन गरी IEMIS सफ्टवेयर मार्फत प्रात नतिजाको विश्लेषण गरेर पुरष्कृत गर्ने  कार्यलाई थप बस्तुनिष्ठ बनाई लागु गरिनेछ।

१०७. सामुदायिक विद्यालयको पूर्व प्राथमिक तहमा विद्यार्थी संख्याको आधारमा र आधारभूत तथा माध्यमिक तहमा विद्यार्थी संख्या तथा विषयगत आधारमा शिक्षक नपुग हुने देखिएमा र लामो अवधिको विदा लिएका शिक्षकको सट्टामा युवा स्वयंसेवक शिक्षक व्यवस्थापन गरी विद्यालयको पठन पाठनलाई नियमित गरिने कार्यक्रमलाई थप विस्तार गरिने छ।

१०८. Six To Six कार्यक्रम अन्तर्गत शैक्षिक उपलब्धि कम भएका विषयको पहिचान गरी कक्षा ८ र १० मा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीहरुकालागि सञ्चालनमा रहेको अतिरिक्त कक्षा सञ्चालको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०९. गृहकार्य कक्षा सञ्चालनको कार्यक्रम अन्तर्गत आधारभूत तह १-५ मा अध्ययनरत दलित, लक्षित वर्ग, सिमान्तकृत समूह तथा अति विपन्न परिवारका विद्यार्थीहरुको अध्ययन वातावरण तयार गर्न,  र सिकाई उपलब्धि अभिवृद्धि गर्न विद्यालय समयको अतिरिक्त समयमा कक्षा सञ्चालन हुने गरी वडा कार्यालय र टोल सुधार समिति मार्फत गरिदै आएको कक्षा सञ्चालनका कार्यक्रमलाई सम्बन्धित वडा, विभिन्न संघ संस्था संगको सहयोग, समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन हुने गरी कार्यसञ्चालन प्रक्रिया अगाडी बढाइनेछ।

११०. SEE उत्तीर्ण गरेका तर कमजोर आर्थिक अवस्थाका कारण विज्ञान विषय पढन रुचि भए पनि पढन नसक्ने विद्यार्थीहरुका लागि नगरपालिकाको अनुदानमा खैरहनी माध्यमिक विद्यालयमा कक्षा ११ मा विज्ञान विषय अध्यापन गराउदै आएको कार्यक्रमलाई कक्षा १२ मा समेत नियमित गराइनेछ।

१११. भौतिक अवस्था कमजोर भएका विद्यालयका भवन र कक्षाकोठा निर्माण एवम मर्मत, खानेपानी, शौचालय, कम्पाउण्डवाल र फर्निचर नपुग भएका विद्यालय, ICT को कार्यक्रम, विज्ञान प्रयोगशाला र पुस्तकालयको कार्यक्रम आवश्यक परेका विद्यालयमहरुमा संघीय सरकार र प्रदेश सरकारको कार्यक्रमसंग संयोजन गरी विद्यालय भौतिक पूर्वाधार विकासको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११२. प्रदेश सरकारको कार्यक्रम मार्फत एक विद्यालय एक नर्स कार्यक्रम लागू भएको सामुदायिक विद्यालयमा विद्यालय नर्सलाई र अन्य विद्यालयमा एक जना शिक्षकलाई प्राथमिक उपचार फोकल पर्सन तोकी स्वास्थ्य शाखाको समन्वयमा तालिम र आवश्यक औषधिको व्यवस्थापन गरी प्राथमिक उपचारको व्यवस्था मिलाईनेछ। विद्यालयमा नियमित रुपमा भएको स्वास्थ्य परीक्षण कार्यलाई थप प्रभावकारी हुने गरी विस्तार गरिने छ।

११३. विद्यालयमा करेसावारी निर्माण गरी उत्पादित तरकारीलाई विद्यार्थीको दिवाखाजामा प्रयोगमा ल्याउन प्रोत्साहन गर्ने,  विद्यालय कम्पाउण्ड भित्र फुलवारी निर्माण गर्ने र विद्यालयको हाता भित्र वृक्षारोपण गरी वातावरण संरक्षणमा सहयोग पुर्याउन हरित विद्यालय कार्यक्रमलाई अगाडी बढाइनेछ।

११४. विद्यालयमा अध्यापन गराउने विषय अनुसारका सिकाई समाग्रीलाई छुट्टै कोठामा व्यस्थापन गरी एक विषयको शिक्षण सिकाई एउटै कोठाबाट हुने गरी माध्यमिक विद्यालयहरुमा क्रमशः मुख्य विषयहरुको ल्याव निर्माण गर्ने कार्यक्रमलाई अगाडी बढाइनेछ ।

११५. स्वस्थ मन र स्वस्थ मस्तिष्कबाट निर्धारीत लक्ष्य प्राप्तीमा सहजता हुने देखिएकोले प्रत्येक विद्यालयमा बिहानको प्रार्थना समय पछी कक्षा शिक्षण पूर्व विद्यार्थीहरु कक्षाकोठामै वसी छोटो समयको योग शिक्षा लिने कार्यक्रमलाई विद्यालयको पहलमा अगाडी बढाइनेछ । विद्यार्थीलाई स्व-जागरण र आध्यात्मिक ज्ञान तर्फ आकर्षण गर्ने कार्यक्रम र नवप्रतिभा विज्ञानसंग सम्बन्धित कार्यक्रमलाई अन्य शाखाको समन्वयमा अगाडी बढाइनेछ ।

११६. विद्यार्थीहरुलाई सचेतना जागृत गर्ने गरी लागूऔषध दुर्व्यसन विरुद्धको कार्यक्रम, ट्राफिक सचेतना मूलक कार्यक्रम, यौनजन्य र घरेलु हिंसा विरुद्धको कार्यक्रम, यौन शिक्षा तथा आत्महत्या दुरुत्साहन हुने खालका सचेतनामूलक कार्यक्रमलाई अन्य शाखासंगको समन्वयमा विद्यालयस्तरमा सञ्चालन गरिनेछ ।

११७. विद्यालयमा शिक्षक उपस्थितिलाई विद्युतीय उपस्थितिमा जोड्न इ-हाजिरी प्रयोग नगरेका विद्यालयहरुमा इ-हाजिरी जोडी शिक्षक उपस्थितिको अनुगमन नगरपालिकाबाट हुने गरी व्यवस्थापन मिलाइनेछ ।

११८. प्राविधिक शिक्षा सञ्चालन गर्ने गरी कार्यक्रम अगाडी बढाउनका लागि विषयको चयन र प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयको पहिचान गर्न एक सिफारिस समिति निर्माण गरी कार्यक्रम अगाडी बढाइनेछ ।

११९. विगतमा सञ्चालनमा रहेका तर हाल नविकरण नभई निष्क्रिय अवस्थामा रहेका सामुदायिक सिकाई केन्द्रलाई नविकरण प्रक्रियामा लगी पुनःसञ्चालनमा ल्याइनेछ ।

१२०. विद्यालय र बालविकास केन्द्रलाई नमूनाको रुपमा अगाडी बढाउँदा सोको अनुशरण अन्य विद्यालयले समेत गर्ने भएकाले विद्यालय तथा बालविकास केन्द्रलाई क्रमशः नमुनाको रुपमा सञ्चालन गर्ने गरी कार्यक्रम अगाडी बढाइनेछ ।

१२१. सरकारीस्तरमा सञ्चालित कार्यक्रमलाई नीजि संस्थासँग टाइअप गरेर सञ्चालनमा ल्याइने गरी कार्यक्रम अगाडी बढाइनेछ । यस अन्तर्गत एकै प्रकृतिका संस्था विचको समायोजन, विद्यार्थी समायोजन, साझेदारीमा सञ्चालन गर्न सक्ने कार्यक्रम लगायतका कार्यहरुलाई अगाडी बढाइनेछ । उक्त कार्यका लागि कार्यविधि निर्माण गरी प्रक्रिया अगाडी बढाइनेछ ।

१२२. विद्यालयलाई बालमैत्री बातावरणका कार्यक्रम सञ्चालन गर्न बालमैत्री र अपाङ्ग मैत्री संरचना निर्माण गर्ने, विद्यालय हाता बाहिर धुम्रपान, मद्यपान र सुर्तिजन्य पदार्थको विक्री वितरण तथा जङ्कफुड बिक्री र प्रयोगमा रोक लगाउने साथै स्थानीय स्तरमा उत्पादित कोदो, फापर, गहुँ, मकै र चामलबाट बनेका खाद्य पदार्थ तथा हल्का पेय पदार्थको सट्टामा दुध, दही, मोही जस्ता दुग्धजन्य पदार्थ बिक्री वितरण र प्रयोगमा प्रोत्साहित गरिनेछ ।

## ख. युवा तथा खेलकुद विकासः

१२३. सामाज विकास र रुपान्तरण हुने कार्यक्रममा युवाहरुलाई परिचालन गरिनेछ। वडा तथा नगरस्तरमा गठित युवा क्लवको संस्थागत क्षमता अभिवृद्धि गर्दै लगिनेछ।

१२४. उमेर पुगेका किशोर किशोरीहरुलाई लक्षित गरी अन्य शाखासंगको समन्वयमा लागु औषधी प्रयोग तथा यौनजन्य हिंसालाई निरुत्साहित गर्ने खालका कार्यक्रम तथा युवा उद्धमशिलता सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१२५. खेलाडीहरुमा रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटित गर्न र खेलप्रति प्रतिस्पर्धीको भावना जागृत गराउन विद्यालय तथा नगरस्तरमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, मेयरकप फुटवल प्रतियोगिता तथा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलापको कार्यक्रम सञ्चालन गरिनेछ। उत्कृष्ट खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२६. जनप्रतिनिधि र कर्मचारी बीच विभिन्न मैत्रीपूर्ण खेलकुद प्रतियोगिता संचालन गरिनेछ साथै शिक्षकहरुको मैत्रीपूर्ण भलिवल प्रतियोगितालाई निरन्तरता दिइनेछ।

१२७. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा खेलप्रतिको अभिरुचिलाई कायम राख्दै खेल प्रतियोगितामा प्रतिष्पर्धी हुने वातावरण सृजना गर्न विद्यार्थीहरुका लागि खेल सामाग्रीको व्यवस्थापन गरीनेछ। सबै खालका खेलकुद प्रतियोगितालाई नगर खेलकुद समिति मार्फत सञ्चालन हुने व्यवस्था मिलाइनेछ।

१२८. नगर खेलकुद विकास समितिको संस्थागत क्षमतालाई अभिवृद्धि गर्दै लगिनेछ। विधागत खेललाई खेलकुद समितिमा सुचिकृत गरी समिति मार्फत खेल प्रतियोगिताको कार्यक्रम सञ्चालनमा ल्याइनेछ। खेलाडीहरुको खेल अवधिको विमाको व्यवस्था मिलाइनेछ। जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा सञ्चालन हुने प्रतियोगितामा सहभागी हुने खेलाडीको छनौट र सहभागिताका सम्बन्धमा नगर खेलकुद समितिलाई जिम्मेवार बनाइने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२९. नगरपालिका भित्र सुविधासम्पन्न कभर्डहल निर्माण गर्ने कार्यलाई अगाडी बढाइनेछ।

१३०. नागरिकको स्वास्थ्यलाई मध्यनजर गरी आगामी आ.व.मा नगरपालिकाको सबै वडामा कम्तिमा १ OPEN JYM को ब्यवस्थापन गरिनेछ।

## ग. स्वास्थ्य

१३१. निशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवालाई सबै नगरवासीलाई प्रत्याभूत गरि नेपाल सरकारद्वारा निशुल्क घोषणा भएका खोप, औषधी तथा औषधिजन्य सामाग्री , नगरपालिकाबाट वितरण गरिने थप निशुल्क औषधीहरूलाई वर्ष भरि नै अविच्छिन्न रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ।

१३२. खैरहनी नगर अस्पतालको नव निर्मित भवनबाट २४ घण्टे Emergency (इमर्जेन्सी) सेवा, फार्मेसी सेवा, प्रयोगशाला सेवा सहितको विशेषज्ञ स्वास्थ्य सेवालाई विस्तार गर्दै लगिनेछ। कठार स्वास्थ्य चौकीको

निर्माणाधिन भवन सम्पन्न गरेर आगामी आ.व बाटै नयाँ भवनबाट सेवा सुचारु गरिनेछ। निशुल्क आधारभुत स्वास्थ्य सेवाको पहुँच बिस्तारको लागि दक्ष स्वास्थ्यकर्मी सहित स्वास्थ्य संस्थाहरुको भौतिक तथा प्राविधिक पुर्वाधार विकास, अत्याधुनिक चिकित्साजन्य ल्याब सामाग्री, मेडिकल औजार उपकरणको प्रयाप्त व्यवस्थापन गर्दै लगिनेछ। अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि आवश्यक सहजीकरण गर्ने र स्वास्थ्य संस्थामा उत्पन्न हुने फोहोरलाई अलग्गै संकलन, निर्मलीकरण गरि उचित व्यवस्थापन गरिनेछ। साथै चैनपुर, कुमरोज र कठार स्वास्थ्य चौकीमा पनि क्रमश सेवा विस्तार गरिदै लगिनेछ।

१३३. नगर गौरव अन्तर्गतको बा-आमा स्वास्थ्य कार्यक्रम तथा घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रमलाई निरन्तरता दिदै थप सेवाहरु सहित विस्तार गर्दै लगिनेछ।

१३४. नगरपालिकाबाट संचालन हुने सबै किसिमका सर्ने तथा नसर्ने रोग परिक्षण तथा उपचार सम्बन्धि स्वास्थ्य शिविर, आयुर्वेद तथा वैकल्पिक चिकित्सा, होमियोप्याथी एवं योग, ध्यान तथा स्वजागरण अभियानलाई समुदायसँग स्वास्थ्य कार्यक्रम अन्तर्गत हुने गरि एकिकृत रुपमा संचालन गरिनेछ

१३५. वैकल्पिक चिकित्सा अन्तर्गत नागरिक आरोग्य केन्द्र, कुमरोजको सेवालाई सबै वडाहरुबाट घुम्ती सेवा मार्फत प्रदान गर्ने व्यवस्था गरिनेछ। नगरवासीको स्वास्थ्य सम्बन्धी ज्ञान, धारणा र सीपलाई विकास गर्नका लागि आवश्यक जनचेतना अभिवृद्धि, सूचना सम्प्रेषण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

१३६. सुरक्षित मातृत्व तथा नवजात शिशुको स्वास्थ्य प्रवर्धन गर्नका लागि उप-मेयर गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रमलाई थप विस्तार गरिनेछ। गर्भवती महिलाको वडाबाट नै भिडियो एक्स-रे गर्नका लागि सामुदायिक अल्ट्रासाउन्ड (Community Ultrasound ) सेवाको व्यवस्था मिलाइनेछ। घरमा हुने सुत्केरी शून्यमा झारी मातृशिशु मृत्युदर घटाउन खैरहनी नगर अस्पतालबाट प्रदान हुने २४ घण्टे सुत्केरी सेवालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ। नगर भित्रका सरकारी स्वास्थ्य संस्थाबाट सुत्केरी सेवा लिने महिलाहरुलाई थप प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

१३७. महिलाहरुको प्रजनन् स्वास्थ्य समस्याहरु (पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, पाठेघर खस्ने समस्या, यौनजन्य संक्रमण आदि)को खोजपड्ताल तथा उपचारको लागि एकिकृत स्वास्थ्य शिविरलाई नगर भित्रका सबै महिलाहरुको पहुँच पुग्ने गरि विस्तार गरिनेछ। नगर भित्रका निश्चित स्वास्थ्य संस्थाहरु मार्फत वर्ष भरि नै VIA SCREENING TEST हुने गरि सेवा विस्तार गरिनेछ। सुरक्षित गर्भपतन सेवालाई स्वास्थ्य चौकीहरूबाट समेत प्रदान हुने गरि आवश्यक प्रबन्ध गरिनेछ। लामो अवधिको परिवार योजनाका अस्थायी साधनको पहुँच तथा उपयोगलाई अभिवृद्धि गर्दै लगिनेछ। बच्चाको रहर पुगेका दम्पतीहरूको लागि जनस्वास्थ्य कार्यालय लगायतको समन्वयमा स्थायी बन्ध्याकरण घुम्ती शिविर संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ।

१३८. नवशिशु तथा बाल्यकालिन रोगको एकिकृत व्यवस्थापन (IMNCI) कार्यक्रम र पुर्ण खोप कार्यक्रम सुनिश्चितता लाई विशेष प्राथमिकतामा राखिनेछ। बहुक्षेत्रिय पोषण योजना कार्यक्रमको कार्यान्वयनका लागि स्वास्थ्य मार्फत पोषण विशेष कार्यक्रम तथा खानेपानी तथा सरसफाई, कृषि, पशु सेवा, महिला

तथा बालबालिका, शिक्षा र शासकिय प्रवन्ध मार्फत पोषण संवेदनशिल योजनालाई लागु गरिनेछ। सबै समुदाय तथा उमेर समुहका बालबालिकाको पोषणको अवस्था सुदृढ गर्ने गरि योजना तर्जुमा गरिनेछ।

१३९. गरिब तथा विपन्न घर परिवार एवं लक्षित समुदायका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्नका लागि स्वास्थ्य विमा अनुदान कार्यक्रम लाई तिव्रता दिइनेछ। आ.व २०८१।८२ मा कम्तिमा ३०० घरधुरी गरिव तथा विपन्न परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गर्ने व्यवस्था गरिनेछ।

१४०. जिल्ला भित्रका अस्पतालमा उपचार गर्न जाने विरामीहरुलाई आवश्यक पर्ने रगत विरामीले निशुल्क प्राप्त गर्न सक्ने गरि व्यवस्थापन गरिनेछ। नगरपालिका क्षेत्र भित्र संचालन हुने रक्तदान कार्यक्रममा नगरपालिकाले उपलब्ध गराउँदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ।

१४१. END TB Strategy २०३५ को लक्ष्य प्राप्त गर्ने गरि राष्ट्रिय क्षयरोग कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गरिनेछ। आगामी आ.व.को श्रावण महिना देखि नै औषधी प्रतिरोधी क्षयरोगको उपचार सवसेन्टर (DR TB Treatment Sub- Center) को रुपमा खैरहनी नगर अस्पतालबाट सेवा संचालन गरिनेछ।

१४२. स्वास्थ्य सेवाको तथ्यांक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउदै लैजान Digital Health Khairahani कार्यक्रम तय गरी लागु गरिनेछ। सरकारी तथा निजी स्वास्थ्य संस्थाबाट प्रदान हुने स्वास्थ्य सेवाको अभिलेखिकरण तथा प्रतिवेदनलाई सरकारी डाटावेश वमोजिम हुने गरि एकिकृत स्वास्थ्य सुचना व्यवस्थापन प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ।

१४३. सरकारी तथा संस्थागत स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको गुणस्तरीयता कायम गर्नका लागि नियमित रुपमा अनुगमन, मुल्यांकन गर्ने तथा संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक नीति लिनेइछ।

१४४. मृगौला रोग भई डायलाइसिस गर्न जाने, HIV संक्रमित भै उपचारत रहेका विरामीलाई प्रदान गर्दै आइएको यातायात खर्चलाई निरन्तरता दिइनेछ। मुख्यतया थारु समुदायमा देखिने सिकल सेल एनिमिया (Sickle cell Anemia) साथै क्यान्सर रोग जस्ता जटिल एवं दीर्घ स्वास्थ्य समस्याबाट ग्रसित भै उपचाररत विरामीहरुलाई नगरको तर्फबाट प्रदान गर्ने आर्थिक सहयोगलाई व्यवस्थित गरिनेछ।

१४५. डेगुं, स्क्रब टाइफस, कोभिड १९ लगायत सम्भावित महामारीको नियन्त्रण तथा रोकथाम र उपचारको लागि औषधी, उपकरणहरु तथा सुरक्षा सामग्रीहरुको अभाव नहुने गरि व्यवस्थापन साथै स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गरिदै लगिने छ। स्वास्थ्य क्षेत्र विपद् प्रति कार्य योजना तयार गरि लागु गरिनेछ। महामारी रोकथाम तथा नियन्त्रणका लागि चिकित्सक सहितको Rapid Response Health Team (RRHT) गठन गरि स्वास्थ्यकर्मीहरु परिचालन गरिनेछ।

१४६. लागु पदार्थ दुर्व्यसनी, साइवर अपराध, लैगिंक हिंसा, मनोसामाजिक विचलन, यौन तथा प्रजनन स्वास्थ्य लगायतका समस्याबाट किशोर किशोरी स्वास्थ्यमा पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्न स्वास्थ्य सेवा प्रवाहलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्ने नीति लिइनेछ। अटिजम, डाउन सिन्ड्रोम जस्ता समस्या भएका बालबालिकाको व्यवस्थापनका लागि आवश्यक कार्यक्रमको तयारी गरिनेछ।

१४७. राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत सबै नगरबासीहरुको स्वास्थ्य शिक्षा तथा जनचेतनामुलक स्वास्थ्य शिक्षा सामाग्री वितरणलाई प्रभावकारी बनाउने नीति लिईनेछ। नगरपालिकाको तर्फबाट महिला स्वास्थ्य स्वयंसेविका हरुलाई प्रदान गर्दै आइएको मासिक यातायात खर्चलाई निरन्तरता दिइनेछ। उमेर हदका कारण सेवा निवृत हुने महिला स्वास्थ्य स्वयंसेविकालाई नेपाल सरकारले प्रदान गर्ने बाहेक थप रकम सहित प्रोत्साहन गर्ने नीति लिइनेछ।

१४८. खैरहनी नगर अस्पतालबाट डिप्लोमा लेबलको स्वास्थ्य शैक्षिक कार्यक्रमहरु संचालनको लागि आवश्यक पुर्वाधार विकास एवं नीतिगत व्यवस्था गर्दै लगिनेछ। नगर अस्पतालबाट प्रवाह हुने सेवालाई विस्तार एवं विशिष्टिकृत गर्दै लगिनेछ।

१४९. बदलिदो आधुनिक चिकित्सा एवं प्रविधिमैत्री हुने गरि स्वास्थ्यकर्मी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि गर्दै लगिने छ। उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई यथार्थपरक कार्य सम्पादनका आधारमा तालिममा मनोनयन, पुरस्कार एवं प्रोत्साहनको व्यवस्था गरिनेछ। विद्यालय नर्स कार्यक्रमलाई मावि तहका संस्थागत विद्यालयहरुमा समेत अनिवार्य रुपमा लागु गर्ने नीति तयार गरिनेछ। सबै सरकारी विद्यालयहरुमा क्रमश रुपमा विद्यालय नर्सको व्यवस्था गर्ने र हाल कार्यरत विद्यालय नर्सलाई नजिकको अन्य विद्यालयमा समेत परिचालन गर्ने नीति गरिनेछ।

**१५०. "एक स्वास्थ्य नीति"** अवलम्बन गरि रेबिज लगायत जुनोटिक रोगहरुको नियन्त्रण तथा रोकथाम, वातावरण स्वास्थ्य प्रवर्धनका लागि सरोकारवालाहरुको सहकार्यमा एकिकृत कार्यक्रम तयार गरि लागु गरिनेछ। स्वास्थ्यका दिगो विकास लक्ष्यलाई आधारमा स्वास्थ्य सेवाको प्रगती मापन गर्ने आधार बनाइनेछ।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

१५१. लैङ्गीक हिंसा विरुद्ध किशोरकिशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ भने हिंसारहित समाज निर्माणका लागि महिला परिचालन अभियान संचालन गरिनेछ।

१५२. ***सशक्त र सृजनशील उद्यमी महिलाः समृद्ध र समुन्नत पालिका*** भन्ने नारालाई सार्थकता दिन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१५३. नगरभित्र हुने बालविवाहलाई शुन्य बनाउन यस नगरभित्र बालविवाह हुन लागेको सूचना दिने नगरवासीलाई पुरस्कृत गर्ने व्यवस्था गरिने छ।

१५४. CAME GLOW GIRLS (Girls leading our world) मार्फत किशोरीहरुको आत्मरक्षाको तालिम सञ्चालन गरिनेछ।

१५५. बालमैत्री स्थानीय शासन केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिनेछ लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति (GESI Policy) लागु गरिनेछ।

१५६. लैङ्गिक हिंसा न्युनिकरणका लागि खैरहनी नगरपालिका नगरकार्यपालिकाको कार्यस्थल र मातहतका कार्यालयहरुमा कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य दुर्व्यवहार निवारण आचारसंहिता लागु गरिनेछ।

१५७. उद्यमशिल कार्यक्रम मार्फत विउपूँजी प्रदान गरी अपाङ्गता भएका नगरबासीहरुलाई आत्मनिर्भर बनाउने नीति अवलम्वन गरिनेछ।

१५८. वडास्तरीय जेष्ठ नागरिक मञ्च, बालसमुहहरु, महिला तथा आमा समुहहरुको क्षमता अभिवृद्धि गर्न तथा परिचालन गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै लैङ्गिक हिंसा निवारणका लागि वडा निगरानी समूह गठन गरिनेछ।

### ङ. सामाजिक सुरक्षा तथा संरक्षण :

१५९. सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुले सहज तरिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरी बैंकहरुसँग समन्वय गरिनेछ।

१६०. जेष्ठ नागरिकहरुको उच्च सम्मान गर्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६१. सामाजिक न्याय आवश्यक पर्ने सबैलाई समावेशिताका आधारमा सेवा तथा सुविधाहरु प्रदान गरिनेछ।

१६२. सामाजिक रुपले अशक्त, अपाङ्ग तथा वृद्धवृद्धाहरुलाई सम्मान गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

### च. भूमी व्यवस्था

१६३. भूमीहिन दलित, भूमीहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको जगगा नाप नक्साको हालसम्म भएको कार्यको दस्तावेजिकरण गरिनेछ भने भूमी आयोग गठन भएपश्चात नापजाँचको कार्य पुन सूचारु गरिनेछ।

## ३. पूर्वाधार विकास :

### क. यातायात पूर्वाधार

१६४. पूर्वाधार निर्माण सम्बन्धी योजना तर्जुमा तथा बजेट विनियोजन गर्दा सकेसम्म थोरै संख्यामा तर बढी भन्दा बढी जनसंख्या, आर्थिक, सामाजिक र भौगोलिक क्षेत्र समेट्ने गरी योजना तर्जुमा गरी सोहि अनुसार बजेट विनियोजन गर्न प्राथमिकता दिइनेछ।

१६५. २० लाख भन्दा बढीलागतका आयोजनाहरु प्रतिस्पर्धात्मक खरिद बिधी तथा प्रक्रिया मार्फत कार्यान्वयन गरिने छ।

१६६. नगरस्तरीय र ठुला प्रकृतिका आयोजना सञ्चालन गर्दा सम्बन्धित उपभोक्ता समुदायको वा लाभग्राहीहरुको बढी भन्दा बढी लागत (नगद) साझेदारी वा योगदानमा आधारित आयोजानाहरुलाई प्राथमिकताका साथ चयन गरी सञ्चालनगर्ने कार्यलाई प्राथमिकता दिइने छ।

१६७. उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने नियमित आयोजनाहरुको हकमा उपभोक्ता समिति को योगदानलाई अझ व्यवस्थित गरी एकरुपता कायम गरिनेछ र सोही आधारमा आयोजना सञ्चालन गरिनेछ।

१६८. योजना सञ्चालन कार्यलाई सहज, व्यवस्थित र गुणस्तरीय बनाउन उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।

१६९. नगरस्तरिय आयोजना छनौट गर्दा आयोजनाको पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन गर्ने तथा उल्लेखित अध्ययनहरुका आधारमा आयोजना छनौटगरी सोही अनुसार कार्यान्वयन गर्ने नीति लिइनेछ।

१७०. नगर गौरवका योजनाहरुलाई प्राथमिकताका साथ निरन्तरता दिईनेछ।

१७१. खैरहनी नगरपालिकाका वडा नं. २,३,४,१०,११,१२ र १३ का नगरवासीलाई सार्वजनिक यातायातमा भएको असहजतालाई न्यूनीकरण गर्न नगरपालिकाको लगानीमा घुम्ती ई-रिक्सा सेवा व्यवस्था गरिनेछ।

१७२. नगर अस्पताल तथा स्वास्थ्य संस्थाका भवन निर्माण कार्य आर्थिक वर्ष २०८१/८२ मा पुरा गरी सेवा प्रवाह गरिनेछ।

१७३. नगरस्तरीय योजना बैङ्कमा प्राप्त अनुमानित बजेट २० लाख भन्दा ठुला बजेट आवश्यक पर्ने योजनाहरुको हकमा आवश्यकता अनुसार पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्यायन तथा DPR तयार गरिनेछ र सोहि अधारमा संघ, प्रदेश र नगरपलिका बाट बजेट व्यवस्थापन गरी क्रमशः सञ्चालन गरिनेछ।

१७४. नगरक्षेत्र भित्रका सडकहरु कालोपत्रे वा स्तरोन्नति गर्दा Nepal Urban Road Standard- 2076 र Nepal Road Standard 2070 मा रहेका प्रावधानहरुको आधारमा कालोपत्रे वा स्तरउन्नती गर्ने नीति अवलम्बन गरिनेछ।

१७५. नगरक्षेत्र भित्र विविध कारणले निर्माण सम्पन्न हुन नसकी अधुरा रहेका आयोजनाहरु सम्पन्न गर्ने र एकभन्दा बढी वडा समेट्ने आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

१७६. पूर्वाधार निर्माण सम्बन्धी आयोजना तर्जुमा गर्दा बाल मैत्री, अपाङ्ग मैत्री र वातावरण मैत्री प्रावधानलाई समाबेश गरी कार्यान्वयन गरिने छ।

१७७. निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापनका लागि मर्मत सम्भार कोष सञ्चालन एवं पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन गरिनेछ।

१७८. नगरका स्वीकृत वार्षिक योजनाको समग्र कार्यान्वयन स्थिति मूल्याङ्कन गर्ने र मूल्याङ्कन प्रतीवेदनका आधारमा आगामी बर्षको योजना तर्जुमा गर्ने नीति अवलम्बन गरिने छ।

१७९. निर्माण सम्पन्न भएका ५० लाख भन्दा बढी बजेट लगानी भएका आयोजनाहरुको प्रभाव मुल्याङ्कन एवं स्थायित्व योजना तयार गरी कार्यान्वयन गर्ने तथा सोही आधारमा आगामी बर्षको योजना तर्जुमा गर्ने नीति लिइनेछ।

१८०. नगर क्षेत्रमा औद्योगिक विकासका लागि आवश्यक औद्योगिक पूर्वाधार निर्माण सम्बन्धमा कार्यबिधि तयार गरी सम्भाव्यता अध्ययन कार्य अगाडि बढाइनेछ।

१८१. नगरस्तरीय यातायात गुरुयोजनाले निर्दिष्ट गरेबमोजिमका नगरस्तरिय सडकहरुको Road Inventory तयार गरी सोही आधारमा सडक मर्मत तथा स्तरोन्नती गर्ने नीति अबलम्बन गरिनेछ।

१८२. नगर क्षेत्रमा निर्मित पूर्वाधारहरुको Computerized Data Base तयारगर्न आवश्यक Software व्यवस्था गरी पूर्वाधार विकास निर्माण कार्यको एकिकृत Record system तथा प्रतिवेदन तयार गर्ने व्यवस्था गरिनेछ।

१८३. नगरपालिकामा हुने विकास आयोजनाको निर्माण र निर्माण सामग्रीहरुको गुणस्तर सुनिश्चित गर्न नगरपालिकामा निर्माण सम्बन्धी एक आधुनिक प्रविधियुक्त प्रयोगशाला स्थापना गरी सञ्चालन गरिनेछ।

१८४. भु-उपयोग नक्सांकन गरी उपयुक्त भौगोलिक बनौट समेतलाई ध्यानदिई पूर्वाधार तथा संरचनाहरुको विकास गरिनेछ।

## ख. भवन, आवास तथा सहरी विकास

१८५. २०७२ साल भन्दा अघि निर्माण भएका भवनहरुको नगरपालिकामा अभिलेख राखी यथावत अवस्थामा कायम गरि घर प्रमाणित गरिने कार्यलाई निरन्तरता दिईनेछ।

१८६. नगरपालिकामा रजिस्ट्रेसन गरिएका निर्माणकर्मी तथा कन्सल्टेन्सिहरुलाई थप मर्यादित र कानुनी प्रक्रियामा ल्याउन निर्माणकर्मी तथा कन्सल्टेन्सिहरु सम्बन्धि कार्यविधि तथा कानुन निर्माण गरिनेछ।

१८७. वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभुत मार्गदर्शन २०७२ बमोजिम भवन निर्माण गर्न स्वीकृति दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१८८. घर नक्सा सम्बन्धी पुराना फाइलहरुलाई व्यवस्थित गरी नक्सा पास गर्ने कार्यलाई निरन्तरता दिईनेछ र सेवाग्राहीहरु तथा निर्माणकर्मीहरुलाई STEP BY STEP घर नक्शा प्रक्रिया बारे सूचना प्रदान गर्न MESSAGE AIERT SYSTEM लागू गरिनेछ।

१८९. खैरहनी नगरपालिका भवन निर्माण सम्बन्धि कार्यविधि २०८०, भवन नियमित गर्ने सम्बन्धि कार्यविधि २०७५ अनुसार नक्सा पास गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१९०. यस नगरपालिका भित्र निर्माण भएका भवनहरुले छोएको बाटोको नामाकरणको प्रकियालाई निरन्तरता दिइनेछ।

१९१. निर्माण भएका भवनहरुको नक्सा पास तथा अभिलेखिकरण गर्दा अनिवार्य GPS (Global Positioning System) Google Co-ordinate location पास भएको नक्साको लोकेसन प्लानमा राख्ने प्रकियालाई निरन्तरता दिइनेछ।

१९२. चौतारा, पार्क जस्ता स्थलहरुको संरक्षणको नीति लिईनेछ भने सडकहरुको आसपास कम्तीमा १० वटा वृक्षारोपण गर्ने घरपरिवारलाई प्रोत्साहन स्वरुप अनुदान उपलब्ध गराईने छ।

## ग. वातावरण संरक्षण :

१९३. नगरपालिका क्षेत्र भित्र बग्ने खोलाहरुबाट कटान हुने अवस्था अत्याधिक रहेकोले खोला कटानलाई नियन्त्रण गर्नको लागि तटबन्ध लगायतका कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

१९४. वृक्षारोपण, सरसफाई र जनचेतनामुलक कार्य गर्न स्थानीय संघ, संस्था, क्लब र टोल विकास संस्थालाई प्रोत्साहित गरिनेछ र वातावरण तथा सरसफाईको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने संस्था वा व्यक्तीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

१९५. ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन नियमका प्रावधान अवलम्वन गरिने छ ।

१९६. नगरपालिकाको बिभिन्न वडाहरुको खोला र कुलोमा लाईनिग, बैंक प्रोटेक्सन (BANK PROTECTION), ड्यक( DYKE) निर्माण तथा सरसफाई कार्यलाई प्राथमिकताका साथ कार्य गरिनेछ ।

१९७. नगरपालिका क्षेत्र भित्रको वातावरण गुणस्तर सूचक ( खानेपानी, वायुस्तर, ध्वनीस्तरको मापन) गर्ने व्यवस्था मिलाइने छ ।

१९८. नगरपालिका क्षेत्र भित्र हुने विपदको घटनाको ८०% कारक जलवायु परिवर्तन भएकाले, खैरहनी नगरपालिका क्षेत्रका जलवायु अनुकुलन पद्दतिको अभ्यास गरिने छ।

१९९. मानव र वन्यजन्तु बीचको सम्बन्धमा समायानुकुल सुधारका लागि आवश्यक पूर्वाधार निर्माण गर्न समन्वय गरिनेछ भने वन्यजन्तु र मानिसको अनाधिकृत ओहरदोहरलाई नियन्त्रण गर्ने सिमानामा कंक्रिट वाल तथा तारजाली लगाइन पहल गरिने छ ।

२००. खैरहनी नगरपालिकाको रहेको बिभिन्न खोलाहरुमा खोला सौन्दर्यकरण तथा हरियाली प्रर्वधनको लागी आवश्यक बिरुवा प्रवन्ध गरी गरी वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## घ. विपद तथा प्रकोप व्यवस्थापन

२०१. खैरहनी नगरपालिका क्षेत्रमा आगलागी नियन्त्रणको लागि बिभिन्न वडामा फायर ब्रिगेड पोइन्टको जडानको कार्यलाई निरन्तरता दिईने छ भने आगलागी नियन्त्रणको लागि सेवा प्रदान गरिरहेको बारुणयन्त्र नागरिकको सहज पहुँच हुनेगरी सञ्चालन र व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

२०२. विपद् र प्रकोप पिडितहरुको उद्धार हेतु अत्यावश्यक कार्यक्रम तथा दिईदै आएको राहत र सहयोगलाई निरन्तरता दिइने छ ।

२०३. नगरपालिका क्षेत्रभित्र हुने विपद जन्य घटनालाई सक्दो छिटो न्युनिकरण गर्नको लागि Local Emergency Operation Centre (LEOC) लाई थप प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।

२०४. विपद् व्यवस्थापनका लागि सबै वडाहरुमा रहेको केही खुल्ला सार्वजनिक स्थलहरुको पहिचान गरिने छ ।

२०५. वातावरण तथा विपद् व्यवस्थापनका लागि आवश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित गरी परिचालन गरिने छ ।

२०६. खैरहनी नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना र विपद पूर्वतयारी तथा प्रतिकार्य योजनालाई हरेक योजनासंग मुलप्रवाहिकरण गरिने छ ।

२०७. खैरहनी नगरपालिकाको विपद जोखिम पहिचान, नक्साङ्कन र जोखिमको विश्लेषण सहितको विपद सूचना व्यवस्थापन प्रणाली – विपद पोर्टललाई थप व्यवस्थित गरिने छ ।

२०८. विपद र विकासमा युवा परिचालनको नीति लिइने छ। विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि सबै वडाहरुमा युवा स्वमसेवकहरु परिचालन तथा व्यवस्थापन गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ। साथै विपद्को समयलाई मध्यनजर गर्दै विद्यार्थी र नगरवासी बीच विपद पूर्व तयारी प्रतिकात्मक अभ्यास सहितको तालिम संचालन गरिने छ।

### ङ. फोहोरमैला व्यवस्थापन सरसफाई

२०९ फोहोरलाई मोहोरमा परिणत गर्न फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग र फोहोर वर्गीकरणमा 3R Principle (Reduce, Recycle र Reuse ) लाई प्रयोगमा ल्याइने छ।

२१०. नगरपालिकाको सुन्दरता र वातावरणी स्वच्छताका लागि फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइने छ। फोहोरलाई स्रोतमा वर्गीकरण गर्ने, प्राङगारिक मल बनाउने जस्ता नविनतम प्रविधिलाई आत्मसात गरिने छ।

२११. नगरक्षेत्र भित्रका विभिन्न संघसंस्था , सामुदायिक विद्यालयहरुलाई आवश्यकताका आधारमा डस्टविन वितरण गर्ने कार्यलाई थप प्रभावकारी वनाईने छ।

२१२. नगरपालिका क्षेत्रको १३ वटा वडाकै टोल विकास संस्थाका प्रतिनिधिलाई घर भित्रको फोहोर व्यवस्थापन अन्तरगत छुट्टाछुट्टै जैविक र अजैविक गरी बर्गिकरण गर्न लगाउने, फोहोर न्यूनीकरण, जैविक फोहोरबाट कम्पोष्ट मल बनाउने कार्य गर्नका लागि फोहोरमैला व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ।

२१३. नगरपालिका क्षेत्रको मुख्य बजारक्षेत्रहरुमा फोहोरमैला व्यवस्थापन र विशेष सरसफाईलाई ध्यानमा राखी दैनिक सरसफाई अभियानलाई CLEAN THE CITY अभियान सञ्चालन गरिनेछ।

२१४. खैरहनी नगरपालिका भित्र पलाष्टिकजन्य बस्तुको प्रयोगमा न्यूनीकरण ल्याउनको लागि आवश्यक कदम चालिने छ।

## ४. सुशासन, पारदर्शिता तथा संस्थागत विकास

### क. सूचना प्रविधि

२१५. खैरहनी नगरपालिकाले सम्पादन गरेका कार्यहरुको डाटा (फोटो र भिडियो सहित) व्यवस्थापनार्थ खैरहनी नगरपालिकाको लागि एकीकृत सूचना प्रणाली तयार पारिनेछ, जसमा नगरपालिकाले सम्पादन गरेका प्रत्येक दिनको आम्दानी खर्च, पूर्वाधार निर्माण, स्वास्थ्य, कृषि तथा पशुपालन, घर नक्सा, शिक्षा (शिक्षक र दिवा खाजा समेत समेटिने गरी) शाखागत विवरणहरु अद्यावधिक गरी प्रसारण गरिनेछ र यसलाई तथ्यांक भण्डारणको रुपमा प्रयोग गरिनेछ भने मोबाइल एपको माध्यमबाट दैनिक रुपमा हरेक कार्यहरुको प्रमुख/उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट अनुगमन गरिनेछ।

२१६. नगरपालिका र वडा कार्यालयले प्रदान गर्ने सेवा, सुविधा, परामर्शहरु सूचना प्रविधिको माध्यमबाट जनसमुदाय/सेवाग्राही समक्ष पुर्याउनको लागि नगरपालिका लगायत सम्पूर्ण वडा कार्यालयमा डिजिटल बोर्डको व्यवस्थापन गरिनेछ।

२१७. खैरहनी नगरपालिकाको स्थानीय प्रशासन तथा प्रहरी प्रशासनलाई नियमन गर्न सहयोगको लागि नगरपालिका भित्रका सुरक्षाका दृष्टिकोणले संवेदनशील क्षेत्रहरुमा Surveliance System थप गरी क्यामेरा जडान कार्यलाई निरन्तरता दिईनेछ।

२१८. नगरपालिका/वडा कार्यालय/स्वास्थ्य क्षेत्रबाट हुने सेवा प्रवाहलाई थप सरल र गुणस्तरीय बनाउनको लागि प्रविधि मैत्री तालिम तथा सूचना प्रविधिमा जोड दिईनेछ।

## ख. सुशासन र संस्थागत विकास

२१९. भ्रष्टाचार र अनियमितताका सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्दै पारदर्शिता र जवाफदेहिताका औजारहरुलाई प्रभावकारी रुपमा लागु गरिने छ।

२२०. ***नगरवासीलाई टेवा घर दैलोमै सेवा*** अन्तर्गत कार्यालय समयमा अत्यन्त व्यस्त हुने र नगरपालिका वा वडा कार्यालय वा अन्तर्गतका कार्यालयमा कार्यालय समयमा उपस्थित हुन नसक्ने नगरबासीलाई घरमै पुगेर सेवा प्रदान गर्ने व्यवस्था गरीने छ।

२२१. वर्षौ देखि बाँकी रहेको असुल उपर गर्नुपर्ने बेरुजुको विवरण सार्वजनिक गरी असुल उपरको कार्यलाई थप प्रभावकारी बनाईनेछ।

२२२. कर्मचारीहरुलाई कार्यावातावरण निर्माण गर्न तथा मनोबल अभिवृद्धी गर्न आवश्यक प्रवन्ध गरिनेछ।

२२३. नगरभित्रका तथ्यांकहरु व्यवस्थित गर्न Real Time Data अद्यावधीक हुने गरी नगर प्रोफाइल निर्माण गरीने छ।

२२४. सेवाग्राहीलाई सहजताका लागि प्राय सेवाहरु वडा कार्यालयबाट नै प्रवाह गर्ने व्यवस्था मिलाईनेछ। वडाबाट प्रवाह हुने सेवालाई क्रमश: विस्तार गर्दै लगिनेछ।

## ग. न्याय तथा मेलमिलाप

२२५. शान्ति, न्याय, मानवअधिकार, कानुन र मेलमिलाप सम्बन्धी ज्ञान सिप अभिबृद्धि र प्रवर्द्धन गर्न न्यायिक स्रोत केन्द्रको संचालन, प्रवर्द्धन र सदुपयोगमा जोड दिइनेछ।

२२६. सामुदायिक सचेतिकरण र विवाद न्यूनिकरणका लागि प्रवर्द्धनात्मक सामाग्री निर्माणको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२७. विद्यालय तहमा कानुनी साक्षरता अभियान सञ्चालन गरिनेछ।

२२८. कानुनी, न्यायिक तथा मेलमिलाप सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२९. न्यायिक निरुपणलाई प्रभावकारी बनाउन अनुभव आदानप्रदान, अध्ययन तथा अवलोकन कार्यलाई अगाडि बढाइनेछ ।

२३०. न्यायिक समिति र मेलमिलाप केन्द्रका कृयाकलाप एवम् असल अभ्यासहरुको प्रचारप्रसार तथा सम्प्रेषण गर्नका लागि मिडिया मोबिलाइजेसनको कार्यक्रम अगाडि बढाइनेछ ।

२३१. मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धिको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३२. समाजमा दिगो शान्ति, न्याय र मेलमिलाप कायम गर्नका लागि प्रज्ञाको माध्यमबाट मनको शान्ति र सकारात्मक सोच एवम् तनाव व्यवस्थापन सम्बन्धी उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

२३३. गरीब तथा विपन्न परिवार पहिचान भई परिचयपत्र प्राप्त व्यक्तिलाई निःशुल्क कानूनी तथा न्यायिक सहायता कार्यक्रम शुरु गरिनेछ । साथै न्यायिक दस्तुरमा सतप्रतिशत छुटको व्यवस्था गरिनेछ ।

**नगर सभाका सदस्यहरु,**

अन्त्यमा, यस नगरसभामा उपस्थित हुनु हुने नगरपालिकाका उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकारमित्रहरु प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । नगरपालिकाका सबै किसिमका कार्यक्रमहरु सफलरुपमा कार्यान्वयनमा सबैको साथ सहयोगको आवश्यकता पर्दछ । प्रस्तुत नीति तथा कार्यक्रमहरुलाई पूर्ण रुपमा कार्यान्वयन गरी सफल बनाउन यहाँहरुको सल्लाह सुझाब र मार्गदर्शन अपरिहार्य छ । तसर्थ यस नीति तथा कार्यक्रमलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याई सफल बनाउन यहाँहरुले सकारात्मक र सहयोगात्मक भूमिका निर्वाह गर्नेमा मैले आशा एवम् विश्वास लिएको छु ।

**धन्यवाद !**

**शशी कुमार खनिया**
**प्रमुख**
**खैरहनी नगरपालिका**

**दिनाङ्कः २०८१ असार १० गते सोमबार ।**

खैरहनी नगरपालिकाको १५ औं नगरसभा २०८१ असार १० गते
नगर उप-प्रमुख **श्री कविता उप्रेतीज्यू**ले पेश गर्नु भएको

# आर्थिक वर्ष २०८१/८२ को राजश्व र व्ययको अनुमान (बजेट)

**खैरहनी नगरपालिका**
**चितवन जिल्ला**
**बागमती प्रदेश**
**२०८१**

२

# आ. व. २०८१/८२ को बजेट वक्तव्य

**गरिमामय नगरसभाका सभाध्यक्षज्यू,**
**वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदयज्यूहरु,**
**नगरसभाका सचिव, कर्मचारी मित्रहरु, सञ्चारकर्मी मित्रहरुमा**
**मेरो व्यक्तिगत तर्फबाट तथा खैरहनी नगरपालिका परिवारको तर्फबाट हार्दिक नमस्कार ।**

१. खैरहनी नगरपालिकाको गरिमामय नगरसभाको पन्ध्रौ अधिवेशनमा नगरको उपप्रमुखको रूपमा आगामी आर्थिक वर्ष २०८१/८२ को राजश्व, आय र व्यय अनुमान सहितको बजेट वक्तव्य प्रस्तुत गर्न गईरहेको छु ।

२. यस घडीमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । त्यस्ता किसिमका आन्दोलनको नेतृत्व गर्नु हुने अग्रजहरू प्रति सम्मान व्यक्त गर्दछु ।

३. यसै बर्ष खैरहनी नगरपालिका स्थापना भएको १० वर्ष पूरा भएको छ । खैरहनी नगरपालिकाको स्थापना र संस्थागत सुदृढीकरणकरणको लागि योगदान गर्ने सबैलाई नगरपालिकाको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

४. नगरवासीको विकासका आवश्यकता र आकांक्षाको सम्बोधन गर्दै उपलब्ध स्रोत र साधनको दिगो र सन्तुलित ब्यवस्थापन मार्फत विकास प्रक्रियालाई अगाडि बढाउनु पर्ने भएको छ । आगामी वर्षको बजेट आर्थिक क्षेत्रमा देखिएका चुनौतीको सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने गरी केन्द्रित रहने तर्फ परिलक्षीत हुनु पर्छ भन्नेमा हामी सजग छौं । नगरपालिकाको बजेटको ठूलो स्रोत केन्द्र सरकार र प्रदेश सरकारबाट प्राप्त विभिन्न अनुदानहरु रहेको छ । उपलब्ध सिमित स्रोत साधनलाई अधिकतम उपयोग गरी सबै नगरवासीको जीवन रक्षा गर्ने, उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सृजना गर्ने, स्वरोजगारको लागि अभिप्रेरित गर्ने, आर्थिक अवस्थाको पुनरुत्थान गर्दै विकासको गतिलाई अगाडि लैजाने गरी बजेट तर्जुमा गरिएको छ ।

**सभाध्यक्षज्यू ,**

**अब म आ. व. २०८१/८२ को आय र व्ययको प्रस्तावित बजेट तयार गर्दा लिइएका आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

५. यो बजेट निर्माण गर्दा नेपालको संविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, संङ्घीय सरकारले अंगिकार गरेको सोहौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र नीतिहरु, दिगो विकासका लक्ष्यहरु (सन् २०१६ देखि सन् २०३०), नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२को बजेट, नीति तथा कार्यक्रम, बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजना, बागमती प्रदेशको आर्थिक वर्ष २०८१/८२को बजेट, नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरु, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५, खैरहनी नगरपालिकाको पहिलो आवधिक योजना, संङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरु, माननीय सांसदज्यूहरु, विभिन्न राजनैतिक दलहरु तथा सर्वसाधारणबाट प्राप्त सुझावहरु, विगत वर्षहरुमा सम्पन्न भएका नगर सभाहरुबाट पारित भएका निर्णयहरु, स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझावहरु, खैरहनी नगरपालिकाको आर्थिक सर्वेक्षण, २०८०/८१, लेखापरीक्षण प्रतिवेदन, लैङ्गीक परीक्षण, सामाजिक परीक्षण लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझावहरुलाई आधार लिइएको छ ।

**सभाअध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटका ३ उद्देश्य तथा ३ प्राथमिकता ३ रणनीति र रुपान्तरणका ३ क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

६. **बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।**

क) उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्दै, आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्ने ।

ख) उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको विवेकशील परिचालन गरी दिगो र तिव्र पूर्वाधार विकास गर्ने ।

**ग)** **"सुखी नगरवासी, सवल र समृद्ध खैरहनी नगरपालिका** लाई आत्मसात गर्दै सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत स्थानीय अर्थव्यवस्थालाई उत्थानशील, समुन्नत, स्वाधीन, समृद्ध बनाउने ।

त्यस्तै गरी बजेटका ३ प्राथमिकता देहाय बमोजिम रहेका छन् ।

क) पूर्वाधार निर्माण, कृषि, सूचना प्रविधि, पर्यटन तथा उद्यमशिलता विकास

ख) शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई लगायत सामाजिक क्षेत्रको विकास,

ग) विपदजन्य जोखिम न्युनिकरण तथा सार्वजनिक सेवा प्रवाहमा सुधार।

बजेटको सबल कार्यान्यिवनको क्षमता विकास, संरचनागत सुधार र बहुक्षेत्र सहकार्य गरी मुख्य ३ रणनीतिको अबलम्बन गरिने छ। पूर्वाधार विकास संगै गुणस्तरीय शिक्षा, स्वास्थ्यमा पहुँच, कृषि तथा पशुपालनको प्रवर्धन, उद्यमशीलता विकास र पर्यटन प्रवर्धनलाई खैरहनी नगरपालिकाको सर्वाङ्गिण विकासको रुपान्तरणकारी क्षेत्रका रुपमा अगाडि बढाइने छ।

**सभाध्यक्षज्यू ,**

**अब म खैरहनी नगरपालिकाको हालसम्मको भौतिक तथा अन्य तथ्याङ्कीय विवरणको विश्लेषण प्रस्तुत गर्ने अनुमती चाहन्छु।**

७. नगरपालिकाको समष्टिगत भौतिक पूर्वाधार तर्फ हालसम्म कालोपत्रे सडक १३१.८३ कि.मी., ग्रावेल सडक २७८.७५ कि.मी., माटे कच्ची सडक १०९.५० कि.मी., मोजायक टायल ७.३१ कि.मी. गरी जम्मा ५२७.३९ कि.मी. सडक निर्माण भएको छ। आर.सि.सि. नाला ढलान ३६.२८ कि.मी.तटबन्धन ४४.०७४ कि.मि., कल्भर्ट ६१ वटा र पुल ५ वटा तयार भैसकेको छ।

८. स्वास्थ्य तर्फ नगर अस्पताल –१, स्वास्थ्य चौकी – ३, आधारभूत स्वास्थ्य केन्द्र-९, बर्थिङ्ग सेण्टर–१, खोप केन्द्र – १५ , खोप केन्द्र भवन – १३, निजी पोली क्लिनिक–४, नीजि क्लिनिक संख्या २० र मानसिक अस्पताल-१ रहेका छन्।

९. सामुदायिक विद्यालय २७ संस्थागत विद्यालय २१ मन्टेश्वरी ४ कलेज क्याम्पस ४ गरी ५६ शैक्षिक संस्था सञ्चालनमा रहेका छन। सो मध्ये सामुदायिक तर्फ ६ माध्यमिक विद्यालय र २१ आधारभूत विद्यालय तथा संस्थागत तर्फ १३ वटा माध्यमिक र ८ वटा आधारभूत तहका विद्यालय सञ्चालनमा रहेकाछन। खैरहनी नगरपालिकामा जम्मा १७३९५ विद्यार्थी विद्यालयमा अध्ययनरत छन। सामुदायिक विद्यालयमा २९६ जना शिक्षक कर्मचारी विद्यालय तहमा कार्यरत छन।

१०. खानेपानी तर्फ ९ वटा खानेपानी आयोजनाबाट करीब ८७ प्रतिशत घरधुरीलाई खानेपानी उपलब्ध भएको छ। समाजिक सुरक्षा भत्ताको वितरण लगायत सामाजिक न्याय प्रवर्धनका कार्यहरु र शासकीय सुधारको कार्य नियमित रुपमा सम्पादन भएको छ।

**सभाध्यक्षज्यू,**

**अब म चालु आर्थिक वर्ष २०८०८/१ को नीति तथा कार्यक्रमको संक्षिप्त समीक्षा प्रस्तुत गर्दछु :**

११. कृषकलाई अनुदानमा उन्नत चैते-५ धानको बीउ, मह भण्डारणका लागि प्रयोग हुने प्लाष्टिकको बाल्टिन,कृषि चुन, घाँसको बीउ काउ म्याट र टिट डिपिङ्ग कप वितरण गरिएको छ।

१२. किसान तपाइलाई के चाहिन्छ ? कार्यक्रम मार्फत ११९ वटा उपभोक्ता समिति मार्फत ६५ वटा स्यालो बोरिंग, १६ वटा डिप बोरिंग, १५ स्थानमा पाइप विस्तार, १० वटा मोटर वितरण, ११ वटा कुलो मर्मत र ३ वटा बोरिंग मर्मत सम्पन्न भएको छ। कृषि योग्य जमिन नभएका बिपन्न/भूमिहीन ५२ जना कृषकलाई जग्गा भाडामा अनुदान प्रदान गरिएको छ।

१३. कार्यक्रम सञ्चालनका क्रममा दरवन्दी कमी भएका विद्यालयमा ५८ जना स्वयं सेवक शिक्षक व्यवस्थापन भएको छ। कक्षा ८ र १० मा अतिरिक्त कक्षा,२८ स्थानमा गृहकार्य कक्षा सञ्चालन, विषयगत नतिजाको आधारमा शिक्षक पुरस्कृत गर्ने (10 to 4 Incentive) कार्यक्रम सम्पन्न भएको छ।

१४. खैरहनी मा.वि. मा निःशुल्क विज्ञान विषय अध्यापन, सामुदायिक कलेजमा अध्ययनरत १३ जना छात्राहरुलाई उच्च शिक्षा छात्रवृत्ति वितरण, संस्थागत विद्यालय तर्फ १० प्रतिशत छात्रृत्तिको सुनिश्चितता गरिएको छ।

१५. २४ विद्यालयमा विद्यालय भौतिक सुधारका कार्यक्रम सञ्चालन भएका छन् भने कक्षा ४-८ को स्थानीय पाठ्यपुस्तक लेखनको कार्य अन्तिम चरणमा पुगेको छ।

१६. वडास्तरीय युवा क्लव गठन, राष्ट्रपति रनिङ शिल्ड र मेयरकप फुटबल लगायत विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन भएको छ, विधागत खेल प्रतियोगिता र प्रशिक्षणका कार्यक्रम सञ्चालन, विद्यालयमा खेल सामाग्री व्यवस्थापन, जनप्रतिनिधि र कर्मचारी वीच मैत्रीपूर्ण फुटवल प्रतियोगिता र शिक्षक मैत्रीपूर्ण भलिवल प्रतियोगिता सम्पन्न भएका छन।

१७. चालु आ.वमा खैरहनी नगर अस्पतालको नयाँ सुविधा सम्पन्न भवन निर्माण गर्ने कार्य तिव्र रुपमा अघि बढेको छ।

१८. बा-आमा स्वास्थ्य परीक्षण कार्यक्रममा जम्मा ३९५० लाई सेवा प्रदान गरिएको छ। वैशाख मसान्त सम्म १५१ जना विरामीलाई औषधी उपचार खर्च वापत मासिक ५००० दरले रकम उपलब्ध गराईएको छ भने ८२ जनालाई विपन्न नागरिक उपचार कोष वमोजिम सेवा प्राप्तिको लागि सिफारिस गरिएको छ।

१९. उप-मेयरसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम एवं आमा सुरक्षा कार्यक्रम अन्तर्गत नगर अस्पतालबाट आमाहरुले सुरक्षित प्रसुति सेवा निशुल्क प्रयोगशाला परीक्षण, निशुल्क भिडियो एक्स रे सेवा तथा निशुल्क एम्बुलेन्स सेवा प्राप्त गर्नु भएको छ। ४९५ जनाको महिलाको निशुल्क VIA SCREENING तथा पाठेघरको मुखको परीक्षण कार्यक्रम सम्पन्न भएको छ।

२०. नगर भित्रका ९७५ जना विपन्न नागरिकको निशुल्क स्वास्थ्य विमा गरिएको छ। प्रयोगशाला सेवा निरन्तर रुपमा खैरहनी नगर अस्पताल, चैनपुर स्वास्थ्य चौकी र कुमरोज स्वास्थ्य चौकीबाट प्रवाह भइरहेको छ।

२१. खैरहनी नगर अस्पतालबाट विस्तारित स्वास्थ्य सेवा अन्तर्गत महिला तथा प्रसुती रोग बहिरंग सेवा प्रत्येक बिहिबार, हाडजोर्नी रोग बहिरंग सेवा प्रत्येक मंगलबार र शुक्रबार, भिडियो एक्स रे सेवा प्रत्येक बुधबार र शुक्रबार सञ्चालनमा ल्याईएको छ। नगरपालिकालाई क्षयरोग मुक्त पालिका बनाउने

उद्धेश्यका साथ पालिका तथा वडा स्तरमा समन्वय समिति गठन तथा अभिमुखिकरणको कार्य तिव्र रुपमा संचालन भै रहेको छ।

२२. निजी स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाको गुणस्तरीयता कायम गर्नका लागि विभिन्न चरणमा अनुगमन गरि आवश्यक कारवाही गरिएको छ।

२३. खैरहनी चोक देखी वडा नं १२ को सडकमा ढल सहितको नाला निर्माण कार्य, साईराम चोकबाट कुमरोजसम्म सडक नाला निर्माण कार्य, खैरहनी १ ज्यमिरेको दुवै तर्फ बाटो तथा नाला निर्माण, चैनपुर चोक देखि उत्तर तर्फ पुल देखी विन्दवासिनी चोक हुँदै शिवालय जाने बाटो, वडा नम्बर ८ मगनी चोक देखि उत्तर खैरहनी ३ को वडा कार्यालय जाने बाटो ढल पेटी सहितको सडक निर्माण र सिमल टाँडी चोक उत्तर दक्षिण दुवै योजनाहरुको निर्माण व्यवसायीसँग सम्झौता भइ धमाधम कार्य भइरहेको छ भने खैरहनी २ को सिंगापुर डाँडा र च्यामे डाँडा बस्तीको सडक ढलान विस्तार योजनाहरु सम्पन्न भएका छन् ।पर्सा चोक लालटिन बजार सुल्तना हुँदै ढुङ्ग्रे खोला पुल सम्म जाने सडक, शान्ति बजार कठार बाटो तथा नाला निर्माण कार्य, वडा न ८ मगनी गाउँ देखी उद्योग संघ हुँदै लदरी खोला जाने ठूलो घोल तटबन्धन तथा आर.सि.सि वाल निर्माण कार्य, चौबीस कोठी चोक बाट उनान टोल हुँदै पटेनीसम्म र वडा नं ५ बाट नयाँ पुल हुँदै गवै जाने बाटो नाला सहित सडक निर्माण, पुरानो पर्सा स्वर्ण तारा क्लब देखी नगरपालिका चोक हुँदै खैरहनी चोक जाने बाटो नाला तथा स्तरउन्नती,वडा नं १ मा विभिन्न सडकको कालो पत्रे गर्ने कार्य जस्ता महत्त्वपूर्ण योजनाहरू असार मसान्त सम्म सम्पन्न हुने गरी कार्य सम्पादन भएको छ।

२४. गत आ.व. सम्ममा खैरहनी नगरपालिका भित्र कालोपत्रे सडकको कुल लम्बाई ६३.४१ कि.मी. रहेकोमा चालु आ.व. को बैशाख मसान्त सम्ममा ६८.२० कि.मी. पुगेको छ। ग्राभेल सडक गत आ.व. मा कुल ४७.१ कि.मी. रहेकोमा चालु आ.व. को बैशाख मसान्त सम्ममा ४९.१ कि.मी. पुगेको छ।

२५. कठार स्वाथ्य चौकीको नयाँ भवन निर्माण अन्तिम चरणमा पुगेको छ। चालु आर्थिक वर्षमा गवै स्कूलको भवन निर्माण कार्य सम्पन्न भएको छ। वडा नं ५ र ७ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएर उद्घाटनको चरणमा छ। २९ विपन्न परिवारको लागी विपन्न आवास निर्माण कार्य सम्पन्न भएको छ।

२६. राजस्व प्रणालीलाई सेवाग्राही मैत्री बनाउन अनलाइनको माध्यमबाट संसारको जुनसुकै कुनाबाट पनि नगरपालिकाको कर तिर्न सक्ने व्यवस्था गरिएको छ। यसै अवधि भित्र भुक्तानीको गर्न Connect IPS, Khalti साथै Dynamic QR Code को सेवा थप गरिएको छ। वडा कार्यालयमा स्थायी कर्मचारीको व्यवस्थापन गरी राजस्व संकलन वडा कार्यालयबाट नै गर्ने व्यवस्था गरिएको छ।

२७. न्यायिक समितिमा चालु आ.व. को जेठ मसान्तसम्ममा १४६ उजुरी दर्ता भएका छन्। यस अविधमा दर्ता भएका उजुरीहरुमध्ये १०४ वटा विवादको समाधान भएको, १३ वटा विवाद चितवन जिल्ला अदालतमा रिफर भएको, २७ वटा विवाद प्रकृयामा र २ वटा विवाद तामेलीमा राखिएको छ।

**सभाध्यक्षज्यू,**

**अब म विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

२८ नगरपालिकालाई विभिन्न स्रोतहरुबाट प्राप्त हुने अनुदान तथा राजस्व रकममा कमी आएकोले बजेटको आकार बढ्न सकेको छैन् । चालु आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्षको लागि पनि वडालाई कुल १७ करोड २६ लाख बजेट विनियोजन गरीएकोमा सो रकम मध्ये ८ करोड ६३ लाख सबै वडालाई समान रुपमा बिभाजन गरी प्रत्येक वडालाई ६६ लाख ३८ हजार ४ सय ६१, बाँकी ८ करोड ६३ लाखलाई जनसंख्या तर्फ ४० प्रतिशत, भूगोललाई ४० प्रतिशत, पिछडिएको क्षेत्रलाई १० प्रतिशत र राजस्व योगदानलाई १० प्रतिशत भार दिई बजेट विनियोजन गरिएको छ। यसरी बजेट विनियोजन गर्दा सबैभन्दा बढी रकम विनियोजन हुने वडामा १ करोड ६३ लाख ६९ हजार र सबभन्दा कम रकम विनियोजन हुने वडामा १ करोड १२ लाख २८ हजार विनियोजन भएको छ।

२९. त्यस्तै गरी कुल विकास बजेटलाई पूर्वाधार विकासमा र प्रवर्द्धनात्मक कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाईएको छ। लक्षित वर्गलाई न्यायोचितरुपमा सम्बोधन होस भन्ने हेतुले कुल विकास बजेटबाट उचित संबोधन गरिएको छ। बजेट विनियोजन गर्दा धेरै योजना साना टुक्रामा बिभाजन नहुन् भन्ने उद्देश्यले प्रत्येक वडाले ४० लाखसम्मका पूर्वाधार तर्फका कम्तीमा ३ वटा योजना छनौट गर्नु पर्ने व्यवस्था गरिएको छ।

३०. २०८१ जेष्ठ मसान्त सम्मको चालु खर्च रकम रु. ३३ करोड २७ लाख ९२ हजार रहेकोछ, जुन अनुमानीत रकमको ७१ दशमलव ९३ प्रतिशत रहेकोछ। पुँजीगत बजेट खर्च रकम रु.४७ करोड ८१ लाख ७० हजार रहेको छ, जुन अनुमानीत रकमको ६८ दशमलव ७० प्रतिशत रहेको छ।

३१. देशको वर्तमान आर्थिक अवस्थामा श्रोत साधनमा आएको संकुचनले गर्दा सिमित स्रोतसाधनलाई सन्तुलित रुपमा व्यवस्थापन गर्नुपर्ने चुनौति एकातर्फ छ भने अर्को तर्फ विकास निर्माणमा बढ्दो जन अपेक्षालाई सम्बोधन गर्ने जटिलता हामी माझ विद्यमान छ। यद्यपी नगरवासीहरुको हित, सुविधा र विकासका अपेक्षाहरुलाई समेटने गरी कृषि, शिक्षा, स्वास्थ्य, सामाजिक विकास एवं पूर्वाधार निर्माण तथा श्रोत परिचालन सम्बन्धमा केहि अनुभूति योग्य कार्य गर्ने प्रयास गरिएको छ।

**सभाध्यक्षज्यू,**

**अब म आगामी आ.व. २०८१/८२ को वार्षिक बजेट तयार गर्दा प्राथमिकताका आधारमा विनियोजन गरिएको केही क्षेत्रगत कार्यक्रम र त्यस्ता कार्यक्रम सञ्चालन गर्ने विनियोजन गरिएको बजेट प्रस्तुत गर्दछु :**

**कृषि विकास तर्फ :-**

३२. किसान तपाइलाई के चाहिन्छ ? कार्यक्रम अन्तर्गत सिंचाई कार्यक्रम सञ्चालन (बोरिङ्ग निर्माण तथा

कुलो मर्मत) रु. ४० लाख र खैरहनी नगरपालिका १ देखि १३ वडामा विभिन्न ठाउँमा खाद्य संकट हुन नदिन सिंचाई योजना संचालनको लागी ६५ लाख गरी कुल १ करोड ५ लाख विनियोजन गरिएको छ।

३३. एक वडा एक कृषि सहकारी कृषि कार्यक्रम अन्तर्गत कृषि सहकारी संस्थालाई ट्र्याक्टर/मेसिन/उपकरण अनुदान कार्यक्रमको लागि ५० लाख रकम विनियोजन गरिएको छ।

३४. प्राङ्गारिक मल र गड्यौले मल उत्पादन प्रवर्दन कार्यक्रमका लागि १० लाख विनियोजन गरिएको छ।

३५. जग्गा नभएका कृषि पेशा गर्न ईच्छुक विपन्न/भूमिहीन किसानलाई जग्गा भाडामा अनुदान कार्यक्रमको लागि १० लाख रकम विनियोजन गरिएको छ।

३६. नयाँ आलु पकेट कार्यक्रम सञ्चालनका लागि रु.१२ लाख रकम विनियोजन गरिएको छ।

३७. खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान कार्यक्रममा २० लाख ७५ हजार विनियोजन गरिएको छ।

३८. खैरहनी २ मा कृषि उपज संकलन केन्द्रको लागि रु ५० लाख रुपैया विनियोजन गरिएको छ।

३९. खैरहनी न. पा. -६, मा कृषि बजार निर्माण गर्न रु ३० लाख रुपैया विनियोजन गरिएको छ।

***उल्लेखित कार्यक्रम र अन्य कार्यक्रम सहित कृषि विकास कार्यक्रम सञ्चालनका लागि रु. ४ करोड ९६ लाख ६० हजार रकम विनियोजन गरिएको छ।***

**पशु विकास कार्यक्रम तर्फ -:**

४०. पशुपंक्षी तथा मत्स्य रोग अन्वेषण प्रयोगशाला सञ्चालन तथा रगत परिक्षणको लागी हेमाटोएनालाईजर मेसिन खरिदको लागि रु १२ लाख रुपैया विनियोजन गरिएको छ।

४१. सरुवा सक्रामक रोगको रोकथामको लागि भ्याक्सिन खरिद र घरदैलोमा भ्याक्सिन लगाउने कार्यक्रमको लागि रु १४ लाख रुपैँया विनियोजन गरिएको छ।

४२. घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्न र आहारामा आत्मनिर्भर कार्यक्रमको लागि रु.८ लाख विनियोजन गरिएको छ।

४३. खैरहनी ३ मा पशुपालन प्रवर्धन कार्यक्रममा लागि रु ३० लाख रुपैया विनियोजन गरिएको छ।

४४. खैरहनी ३ मा दुग्ध प्रवर्धन कार्यक्रम संकलन केन्द्र निर्माण कार्यको लागि रु ४० लाख रुपैया विनियोजन गरिएको छ।

४५. उत्पादनमा आधारित दुधमा प्रोत्साहन कार्यको लागि रु १ करोड ४७ लाख ८० हजार रुपैया विनियोजन गरिएको छ।

***उल्लेखित कार्यक्रम र अन्य कार्यक्रमहरुबाट पशु विकास लागि कूल रु. ३ करोड ९० लाख ५० हजार रकम विनियोजन गरिएको छ।***

**उद्योग तथा वाणिज्य तर्फ: -**

४६. उद्यम विकास कार्यक्रम तथा नगरबाट संचालित विभिन्न शिर्षकको तालिमको उपलब्धीलाई संरक्षण गर्नको लागि रु १५ लाख रुपैँया विनियोजन गरिएको छ।

४७. निजी क्षेत्रसंगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नको लागि रु १५ लाख रुपैँया विनियोजन गरिएको छ।

***उद्योग, व्यवसाय शाखा तर्फ जम्मा ३० लाख रुपैँया विनियोजन गरिएको छ।***

**क. पर्यटन विकास :**

४८. वडा नं. ६ र ८ मा पर्ने बुढीराप्ती खोलामा ब्यारेज निर्माण गरी मोटरबोट संचालन तथा सौन्दर्यकरण मार्फत पर्यटन प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

४९. वडा नं. १३ मा वि.पि. पार्क र वडा नं. १० को चन्द्रमा पार्क निर्माणको लागि बजेट विनियोजन गरिएको छ।

***उल्लेखित कार्यक्रम र अन्य कार्यक्रमहरुबाट पर्यटन विकास तर्फ रु ६४ लाख रुपैँया विनियोजन गरिएको छ।***
***आर्थिक क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. ११ करोड २१ लाख २७ हजार विनियोजन गरिएको छ।***

**सभाध्यक्षज्यू,**
**अब म सामाजिक विकास क्षेत्रतर्फको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**क. शिक्षा :**

५०. शिक्षक, बालविकास सहजकर्ता, विद्यालय कर्मचारीको तलव भत्ता वापत १५ करोड ९२ लाख ८१ हजार विनियोजन गरिएको छ।

५१. युवा स्वयंसेवक शिक्षक व्यवस्थापनका लागि ९६ लाख ५० हजार विनियोजन गरिएको छ।

५२. बालविकास सहजकर्ता र विद्यालय कर्मचारीका लागि थप प्रोत्साहन वापत ७१ लाख ५ हजार विनियोजन गरिएको छ।

५३. कक्षागत र विषयगत रुपमा उच्च प्रतिशत मूल्याङ्कन प्राप्त गर्न सफल शिक्षकलाई वर्ग विभाजन गरी (10 to 4 incentive) अन्तर्गत पुरस्कृत गर्न १० लाख विनियोजन गरिएको छ।

५४. विद्यालय भौतिक सुधार कार्यक्रमका लागि ४५ लाख विनियोजन गरिएको छ।

५५. खैरहनी मा.वि.मा विज्ञान संकाय सञ्चालनका लागि २२ लाख ५० हजार विनियोजन गरिएको छ।

५६. विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि १५ लाख विनियोजन गरिएको छ।

५७. स्थानीय पाठ्यपुस्तक लेखन र छपाईकालागि २० लाख ९० हजार विनियोजन गरिएको छ।

५८. गृहकार्य कक्षा सञ्चालनका लागि १२ लाख विनियोजन गरिएको छ।

५९. Six to Six कार्यक्रम अन्तर्गत कक्षा ८ र १० मा अतिरिक्त कक्षा सञ्चालन गर्न २५ लाख विनियोजन गरिएको छ।

६०. विद्यालयमा खेलकुद सामाग्री व्यवस्थापन र अतिरिक्त क्रियाकलापको कार्यक्रम सञ्चालन गर्न ९ लाख ५५ हजार विनियोजन गरिएको छ।

६१. वडा नं. २ अन्तर्गत विद्यालय व्यवस्थापन तथा विद्यार्थी केन्द्रित सीपमुलक कार्यक्रमको लागि रु १३ लाख रुपैया विनियोजन गरिएको छ।

६२. विद्यार्थीहरुका लागि छात्रवृत्ति वितरण गर्न १७ लाख ४ हजार, सेनिटरी प्याड वितरण गर्न १५ लाख २२ हजार, निःशुल्क पाठ्यपुस्तक वितरण गर्न ४७ लाख ५५ हजार, दिवाखाजा कार्यक्रम सञ्चालन गर्न १ करोड २४ लाख ७ हजार रकम विनियोजन गरिएको छ।

**ख. युवा तथा खेलकुदः**

६३. नगर र वडा युवक्लव व्यवस्थापनका लागि ३ लाख ५० हजार विनियोजन गरिएको छ।

६४. मेयरकप फुटवल प्रतियोगिता सञ्चालनका लागि ८ लाख विनियोजन गरिएको छ।

६५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि ८ लाख विनियोजन गरिएको छ।

६६. सबै विधाका खेल प्रशिक्षण एवम सञ्चालनका लागि ६ लाख विनियोजन गरिएको छ।

६७. खेलकुद सम्बन्धी विविध कार्यक्रम सञ्चालनका लागि २४ लाख ५० हजार विनियोजन गरिएको छ।

***शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ जम्मा २३ करोड २७ लाख २९ हजार रुपैँया विनियोजन गरिएको छ।***

**ग. स्वास्थ्य सेवा :**

६८. विपन्न बालबालिका पोषण आहार अनुदानको लागि रु. १० लाख रकम विनियोजन गरिएको छ।

६९. मृगौला प्रत्यारोपण गरेका\ डायलाइसिस गराइ रहेका\क्यान्सर रोगी\मेरुदण्ड पक्षघात भएका विरामीलाई औषधी उपचार खर्च वापत मासिक ५००० दरले उपलब्ध गराइने रकमको लागि ५४ लाख ३८ हजार विनियोजन गरिएको छ।

७०. नगर भित्रका अत्यन्त विपन्न क्यान्सर रोगी तथा अन्य विरामीहरुलाई औषधी उपचार खर्च , डायलाइसिस तथा ART उपचाररत विरामीको उपचार खर्चको लागि १४ लाख ५० हजार विनियोजन गरिएको छ।

७१. नगरवासीको  उपचारका लागि आवश्यक पर्ने रगत वापत रक्त संचार केन्द्रमा वुझाउने शुल्क छुटका लागि ४ लाख ८ हजार विनियोजन गरेको छ।

७२. विपन्न नागरिक, मृगौला रोग, कलेजो सिरोसिस बिरामी स्वास्थ्य बिमामा अनुदान उपलब्ध गराउन १० लाख ५० हजार रकम विनियोजन गरिएको छ।

७३. बा आमा स्वास्थ्य कार्यक्रम (६८ वर्ष माथि र लक्षित समूहलाई घर भेट स्वास्थ्य परिक्षण) को लागि ८ लाख ५० हजार रकम विनियोजन गरिएको छ।

७४. खैरहनी नगर अस्पताल सञ्चालन तथा कर्मचारी व्यवस्थापनका लागि रु.२५ लाख विनियोजन गरिएको छ।

७५. सामुदायिक अल्ट्रासाउन्ड सेवा संचालनको लागि पोर्टेवल भिडियो एक्सरे मेसिन खरिद तथा उप प्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम सञ्चालनका लागि जम्मा रकम रु २८ लाख विनियोजन गरिएको छ।

७६. महिलाहरुको पाठेघरको मुखमा हुने क्यान्सर रोकथामको लागि एच् पि भी (HPV) खोप अभियान संचालनको लागि ३ लाख ७० हजार विनियोजन गरिएको छ।

७७. एक विद्यालय एक नर्स कार्यक्रमको लागि रु ३० लाख ८४ हजार रुपैया विनियोजन गरिएको छ।

***स्वास्थ्य तर्फका कार्यक्रम सञ्चालनको लागि जम्मा रु. ८ करोड ४९ लाख ६६ हजार रकम विनियोजन गरिएको छ।***

**घ. लक्षित समुह विकास :**

७८. बालमैत्री नगर निर्माण कार्यक्रमको लागि रु ४८ लाख रुपैँया विनियोजन गरिएको छ।

७९. बाल श्रममुक्त  नगर निर्माण कार्यक्रमका लागि रु ३ लाख रुपैँया विनियोजन गरिएको छ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालनको लागि जम्मा ८६ लाख रकम विनियोजन गरिएको छ।**

**ङ. गरिबी निवारण/रोजगार सृजना तथा उद्यम विकास कार्यक्रम :**

८०. न्यूनतम रोजगारी श्रृजनाको लागि ४३ लाख ९४ हजार विनियोजन गरिएको छ।

८१. कार्यस्थलमा आधारित सीप/क्षमता विकास तथा जीवन उपयोगी सीप तालीम संचालन गर्नको लागि ९ लाख रुपैँया विनियोजन गरिएको छ।

८२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत १२ लाख रकम विनियोजन गरिएको छ।

८३. रोजगार मेला सञ्चालन गर्नको लागि ३ लाख रुपैँया विनियोजन गरिएको छ।

***गरिबी निवारण/ रोजगार सृजना तथा उद्यम विकास कार्यक्रमका लागि ८९ लाख ८६ हजार रकम विनियोजन गरिएकोछ ।***

***सामाजिक क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. ३५ करोड ९० लाख ९३ हजार रकम विनियोजन गरिएको छ ।***

**सभाध्यक्षज्यू,**
**अब म पूर्वाधार क्षेत्र तर्फका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**क. पूर्वाधार विकास :**

**नगर गौरवका योजनाहरुः**

८४. चालु आर्थिक वर्षमा नगर गौरवको योजना अनुसार कार्यसम्पादन भइरहेको स्वर्ण तारा क्लब देखि पुरानो पर्सा नगरपालिका चोक हुँदै खैरहनी चोकसम्मको सडक स्तरउन्नती तथा नाला निर्माण कार्यालाई पूर्णता दिन संघीय सरकार र बागमती प्रदेश सरकारको समपुरक अनुदानबाट खैरहनी नगर भित्रका लोकमार्गहरुसँग जोडिने सडक तथा नाला निर्माण अन्तर्गत पुरानो राजमार्ग र नगरपालिका ३ को सिमाना देखि पुरानो पर्सा मझुई शान्तिबजार राप्ती नगरपालिकासम्मको बाटो स्तरोन्नती, सिसहनी चोकबाट कपिया स्कुल जाने बाटो ढलान कार्यकोलागी कुल ६ करोड विनियोजन गरिएको छ ।

८५. खैरहनी नगरपालिका अधुरो चौविसकोठीबाट उन्नानटोल हुँदै लदरी जाने बाटो, खैरहनी - ५ बुढौली हुँदै गवै जाने बाटोको स्तरोन्नतीको लागि बागमती प्रदेश सरकारको समपुरक अनुदान र खैरहनी नगरपालिकाको आन्तरिक स्रोतबाट कुल ३ करोड विनियोजन गरिएको छ ।

८६. वार्ड न. ८ मगनी गाँउ देखि उधोग संघ हुदै लदरी खोला जाने ठुलो घोल तटबन्धन तथा आर.सी.सी. वाल निर्माणको लागि संघीय सरकारको विशेष अनुदानबाट कुल ३ करोड विनियोजन गरिएको छ ।

८७. वडा नं. ३ कुमार वि.क. को घरदेखि रामकृष्ण ढकालको घर हुँदै गुरुङ्ग टोलसम्म सडक निर्माण गर्न २० लाख रुपैया विनियोजन गरिएको छ ।

८८. वडा नं. १० शान्तिबजार देखि कठार बजारसम्म सडक स्तरोन्नतीको लागि १ करोड रुपैया विनियोजन गरिएको छ ।

८९. वडा नं. ५ फसेर्नीबाट विस्कुट फेक्ट्रि जाने बाटो निर्माण गर्न २० लाख रुपैया विनियोजन गरिएको छ ।

९०. वडा नं. ७ मझुई मिलन चोकदेखि गौचरण जाने बाटो स्तरोन्नती गर्न २० लाख रुपैया विनियोजन गरिएको छ ।

९१. वडा नं. १२ कपिया निरु दरैको घरदेखि घोक्रेला जाने बाटो कालोपत्रे गर्न ३० लाख रुपैया विनियोजन गरिएको छ ।

९२. खैरहनी कवर्डहल निर्माण गर्न ५ ० लाख रुपैया विनियोजन गरिएको छ।

९३. वडा नं. ६ बाल उद्यान निर्माण थप निर्माण गर्न ४० लाख रुपैया विनियोजन गरिएको छ।

९४. वडा नं. १ ज्यामिरे चोकदेखि दक्षिण नाला निर्माण निरन्तरताको लागि ३० लाख रुपैया विनियोजन गरिएको छ।

९५. वडा नं. २ चैनपुर देखि माथी नाला र पिचको बिचमा ढलान गर्न ४० लाख रुपैया विनियोजन गरिएको छ।

९६. वडा नं. ९ बैरहनी चोकदेखि उत्तर बाटो स्तरोन्नती गर्न ४० लाख रुपैया विनियोजन गरिएको छ।

९७. वडा नं. ४ शिवालय चोक देखि वडा कार्यालय जाने बाटो नाला सहित पिच गर्न ४० लाख रुपैया विनियोजन गरिएको छ।

९८. वडा नं. १२ सिसेनी कुमरोज बाटो स्तरोन्नती निरन्तरताको लागि ४० लाख रुपैया विनियोजन गरिएको छ।

९९. वडा नं. १३ कुमरोजबाट गवै जाने कल्भर्ट निर्माण गर्न २० लाख रुपैया विनियोजन गरिएको छ।

१००. वडा नं. ५ बाट सिसेनी जाने नाला माथी ढलानको लागि ३० लाख रुपैया विनियोजन गरिएको छ।

१०१. वडा नं. ११ को ढुंगाना चोक देखि वडा कार्यालय जाने बाटो निरन्तरताको लागि ४० लाख रुपैया विनियोजन गरिएको छ।

१०२. वडा नं. ७ सुल्ताना लालटिनबजार सडक स्तरोन्नतीका लागि ३५ लाख रुपैया विनियोजन गरिएको छ।

१०३. वडा नं. ३ को कार्यालय भवन तल्ला थप गर्नको लागि २० लाख रुपैया विनियोजन गरिएको छ।

१०४. चैनपुर चोकमा गेट निर्माण गर्नको लागि २० लाख रुपैया विनियोजन गरिएको छ।

१०५. खैरहनी न.पा. ११ गैडा चोकबाट मानसिक पुनपुर्स्थापना केन्द्र हुँदै पश्चिम सोहनपुरसम्म जाने सडक स्तरोन्नतीका लागि ५० लाख रुपैया विनियोजन गरिएको छ।

१०६. खैरहनी न. पा. -२, लदरी चोक देखि खनाल चोक सम्म ड्रेन र फुटपाथ सहितको सडक निर्माणका लागि ७० लाख रुपैया विनियोजन गरिएको छ।

१०७. खैरहनी १० मा मिलनचोक देखी मधुसुदन पाठकको घरतर्फ सडक कालोपत्रेका लागि रु ३० लाख रुपैया विनियोजन गरिएको छ।

१०८. खैरहनी ६ मा नगरपालिका कार्यालय बाट छत्कुलिको घरहुँदै चौधरी टोल जाने सडकका लागि रु ३० लाख रुपैया विनियोजन गरिएको छ।

९०९. खैरहनी नगर अस्पताको लागि रु ३० लाख रुपैया विनियोजन गरिएको छ।

**वडागत तर्फ**

११०. वडा नं. १ अन्तर्गतको सिमलघारी जानेबाटो, साबित्री चौधरीको घरबाट ढुंगानाको मिल जाने बाटो, आदर्श टोल बाटो, बहेरा चोकबाट दक्षिण बाटो, आस्था फाउण्डेशन बाट पश्चिम जाने बाटो, कुमार कार्कीको घरबाट चर्च जाने बाटो तथा २ नं. वडा सिमानाबाट नेपाल चोक आउने बाटोहरुको ओवरल्याप कार्यको लागि रु ७७ लाख रुपैया विनियोजन गरिएको छ।

१११. वडा नं. २ अन्तर्गत मेलमिलाप टोल विन्ध्यावासिनिमा बाल उद्यान निर्माण, वडा कार्यालयको सेवाग्राहि कोठा निर्माण तथा हंसेश्वर जीवन तिवारीको घर पश्चिम सडक निर्माणको लागि रु ४० लाख रुपैया विनियोजन गरिएको छ।

११२. वडा नं. ३ अन्तर्गत रने मगरको घरदेखि केशव गुरुङको घर अगाडी बाटो ढलान, दिनेश कार्कीको घरदेखि रणे गुरुङको घरसम्म बाटो ढलान, सिद्धिपुर सिद्धार्थ गुम्वा निर्माण तथा भोला दराईको घरदेखि धनबहादुर गुरुङको घर जाने बाटो ढलानको लागि ५५ लाख रुपैया विनियोजन गरिएको छ।

११३. वडा नं. ३ अन्तर्गत टुङ्गारा रा.आ.वि. जाने अधुरो कालोपत्रेको लागि १२ लाख रुपैया विनियोजन गरिएको छ।

११४. वडा नं. ४ अन्तर्गत च्यानडाडा टोल पिच, भीमखोले टोल पिच, जगत दाईको घर बाट मूलकुलो हुदै पिच तथा प्रकास न्यौपाने घर बाट बियर फ्याक्ट्रि जाने बाटो पिच सडक निर्माणको लागि रु ४५ लाख रुपैया विनियोजन गरिएको छ।

११५. वडा नं. ४ अन्तर्गत वडा कार्यालयबाट दक्षिणतर्फ नाला निर्माण कार्यको लागि रु १० लाख रुपैया विनियोजन गरिएको छ।

११६. वडा नं. ५ अन्तर्गत विश्व विजयको घरदेखी त्रिनेत्र चोक जाने बाटो कालोपत्रे सडक निर्माणको लागि रु २० लाख रुपैया विनियोजन गरिएको छ।

११७. वडा नं. ६ अन्तर्गत एकता टोल अधुरो नाला निर्माण, मर्मत र पानी फेकुवा, स्वर्णतारा क्लब बाट सुर्तनी जाने बाटोमा कालोपत्रे, लालटिन बजार बाट पुर्व होमकला थापाको घर जाने बाटो कालोपत्रे, वडाभरिको पोलमा एल.ई.डी. लाईट जडान कार्यको लागि रु ५० लाख रुपैया विनियोजन गरिएको छ।

११८. वडा नं. ७ अन्तर्गत कतारी टोल बाटो ढलान र नाला निर्माण, सिमलघारी निस्किने बाटो कालोपत्रेको लागि रु.३० लाख रुपैया विनियोजन गरिएको छ।

११९. वडा नं. ८ अन्तर्गत मानरथा चर्च देखि मगनी गाउँ जाने बाटो पिच, वडा भरि विभिन्न स्थानमा CCTV जडान, लालिगुराँस टोलको मार्ग नं. ४ कल्बट देखि वेल ब.कुँवरको घरसम्म बाटो निर्माण कार्यको लागि रु ४० लाख रुपैया विनियोजन गरिएको छ।

१२०. वडा नं. ९ अन्तर्गत राममायाको घर देखि पूर्व बाटो ढलान, बैरहनी युवाक्लब बाट उत्तर बाटो ढलान, जय हो चोक देखि उत्तर बाटो ढलान कार्यको लागि रु ४० लाख रुपैया विनियोजन गरिएको छ।

१२१. वडा नं. १० अन्तर्गत हाथी खमाडी चोक देखि पुर्व सन्त कुमारको घर सम्मको बाटो कालोपत्रे, रवि चौधरीको घरबाट पश्चिम बुढी राप्ती सम्म नाला निर्माण तथा चुडामणि चोकबाट उत्तरतर्फ निरन्जन चौधरीको घर सम्म कालोपत्रे कार्यको लागि रु ४१ लाख रुपैया विनियोजन गरिएको छ।

१२२. वडा नं. ११ अन्तर्गत वडा भित्रका बाटोमा ग्राभेल तथा वडा कार्यालयको भवनको थप निर्माण कार्यको लागि रु २३ लाख ९० हजार रुपैया विनियोजन गरिएको छ।

१२३. वडा नं. १२ अन्तर्गत अम्मर ज्योती क्लव उत्तर-दक्षिण बाटो नाला तथा ढलान, श्याम सुन्दर चौधरीको घरबाट पश्चिम बाटो ढलान तथा ठाडी कुलो लाईनिङ कार्यको लागि रु ४० लाख रुपैया विनियोजन गरिएको छ।

१२४. वडा नं. १३ अन्तर्गत जेठाको घरदेखि इचर्नी गेटसम्म जाने बाटोमा कजवे तथा कल्भर्ट निर्माण, सिम्रेनी बिच टोलमा अधुरो नाला निर्माण तथा छलवाको घरदेखि यसोधाको घरसम्म बाटो ढलान कार्यको लागि रु ३५ लाख ५० हजार रुपैया विनियोजन गरिएको छ।

**पूर्वाधार क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. ३४ करोड ७३ लाख ३८ हजार रकम विनियोजन गरिएको छ।**

**सभाध्यक्षज्यू,**

**अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

१२५ वातावरण तथा विपद व्यवस्थापनको लागि रु १ करोड ५५ लाख रुपैँया विनियोजन गरिएको छ।

१२६. हरियाली प्रवर्द्धनको लागि वृक्षारोपण कार्यक्रमको लागि रु ५ लाख रुपैया विनियोजन गरिएको छ।

१२७. नगरपालिका क्षेत्रको फोहोर व्यवस्थापनको लागि Dustbin खरिद,वितरण तथा व्यवस्थापन लागि रु ५ लाख रुपैया विनियोजन गरिएको छ।

**वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा रु. २ करोड २ लाख रकम विनियोजन गरिएको छ।**

**सभाध्यक्षज्यू,**

**अब म सुशासन तथा संस्थागत विकास क्षेत्रतर्फको कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु।**

**सुशासन तथा संस्थागत विकास :**

१२८. सेवा प्रवाहको प्रभावकारीता, नागरिकको सेवाप्रतिको सन्तुष्टि मापनको लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र आय व्यय प्रक्षेपण कार्यक्रम सञ्चालनका लागि रु. ११ लाख २५ हजार बजेट विनियोजन गरिएको छ।

१२९. उपभोक्ता समिति तथा टोल विकास संस्थाहरुको क्षमता विकास गर्न सार्वजनिक खरिद, कर प्रणाली आदिको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नको लागि रु.१० लाख रकम विनियोजन गरिएको छ।

१३०. कर्मचारी कल्याण कोषमा जम्मा गर्न रु.१५ लाख रकम विनियोजन गरिएकोछ।

१३१. पदाधिकारी तथा कर्मचारीको सीप तथा क्षमता विकासका लागि रु.८ लाख रकम विनियोजन गरिएकोछ।

**न्याय तथा मेलमिलाप :**

१३२. मेलमिलापन व्यवस्थापन तथा क्षमता अभिबृद्धि कार्यक्रमका लागि रु.३४ लाख बजेट विनियोजन गरिएको छ।

१३३. मेलमिलाप सम्बन्धी Advance Training (५ दिने) को लागि रु ३ लाख रुपैँया विनियोजन गरिएको छ।

१३४. निःशुल्क कानुनी घुम्ति शिविरको लागि रु २ लाख रुपैँया विनियोजन गरिएको छ।

***न्यायीक तथा मेलमिलाप क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा ५४ लाख ३० हजार रुपैँया विनियोजन गरिएको छ।***

**सूचना प्रविधि विकास :**

१३५. नगरभित्र सिसिटिभी जडान गर्नको लागि रु २० लाख रुपैँया विनियोजन गरिएको छ।

१३६. सफ्टव्वेयर जडान तथा अद्यावधिक लागि रु १० लाख रुपैँया विनियोजन गरिएको छ।

***सूचना, प्रविधि र तथ्याङ्क क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्नको लागि जम्मा ३५ लाख रुपैँया विनियोजन गरिएको छ। समग्रमा*** **सुशासन तथा संस्थागत विकास क्षेत्रका सम्पूर्ण कार्यक्रम सञ्चालनका लागि जम्मा रु. २ करोड ७२ लाख रकम विनियोजन गरिएकोछ।**

**सभाध्यक्षज्यू,**
**अब म आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**२०७९/८० को यथार्थ विवरण :**

१३७. आ.व. २०७९/८० मा कुल आय रु. १ अर्ब २४ करोड १४ लाख ४९ हजार मध्ये आन्तरिक स्रोतबाट १७ करोड ३१ लाख २४ हजार, बाह्य श्रोतबाट रु.७२ करोड ७९ लाख ५८ हजार र गत वर्षको बैङ्क मौज्दात रु.३४ करोड ३ लाख ६७ हजार रहेको थियो। त्यस्तै गरी कुल व्यय रु. १ अर्ब ४ करोड ८८ लाख ७ हजार मध्ये चालु खर्च ४५ करोड ११ लाख ६५ हजार, पूँजिगत खर्च ५९ करोड ७६ लाख ४२ हजार रहेको थियो। जस मध्ये अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फको खर्च रु.५१ करोड ४१ लाख ४० हजार र अन्य अनुदान तर्फको खर्च रु.५३ करोड ४६ लाख ६६ हजार भएको थियो। जसमा २४ करोड ७० लाख १६ हजार बैङ्क मौज्दात रहेको थियो। त्यस मध्ये संघ र प्रदेशको अनुदान फिर्ता समेत संलग्न रहेको थियो।

## चालु आ.व. २०८०/८१ को संशोधित अनुमान

१३८. यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ का लागि कुल आय-व्यय रु. १ अर्ब १५ करोड ८६ लाख ५७ हजार हुने संशोधित अनुमान गरिएको छ। संशोधित आय मध्ये आन्तरिक आयमा रु. १७ करोड ७० लाख ३८ हजार, बाह्य श्रोतबाट रु. ७३ करोड ४६ लाख ३ हजार र गत वर्षको बैंक मौज्दात रु.२४ करोड ७० लाख १६ हजार रहेको थियो। कुल खर्च १ अर्ब १५ करोड ८६ लाख ५७ हजार हुने संशोधित अनुमान मध्ये चालु खर्च रु.४६ करोड २६ लाख ६० हजार र पूँजीगत खर्च रु.६९ करोड ५९ लाख ९७ हजार हुने संशोधित अनुमान छ। चालु आ.व.को अन्त्यमा करीब रु. १ करोड ७५ लाख रकम बैङ्क मौज्दात रहने अनुमान गरिएको छ।

**सभाध्यक्षज्यू**

**अब म आगामी आ.व. २०८१/८२ को प्रस्तावित अनुमानित आय, व्यय र क्षेत्रगत बजेट प्रस्तुत गर्न चाहन्छु:**

१३९. यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ का लागि कुल आय-व्यय रु.१ अर्ब १ करोड ५४ लाख ९५ हजार ८ सय ५० रहेकोछ। कुल खर्च मध्ये चालु खर्च तर्फ रु. ४९ करोड ८८ लाख १२ हजार (४९ दशमलव १२ प्रतिशत) र पुँजीगत खर्च रु. ५१ करोड ६६ लाख ८४ हजार (५० दशमलव ८८ प्रतिशत) रहेकोछ। विभिन्न कोषहरुमा रु. ३ करोड २८ लाख ५५ हजार रकम रहेकोछ। कुल बजेटमा गत आ.व. २०७९/८० को यथार्थ खर्च भन्दा ३ दशमलव १८ प्रतिशतले न्यून रहेको छ भने यस चालु आ.व. २०८०/८१ को संशोधित अनुमान भन्दा १२ दशमलव ३५ प्रतिशतले ऋणात्मक हुन आउँछ।

## कुल आय तथा व्ययको श्रोतको क्षेत्रगत विवरण

### आय तर्फ

१४०. आन्तरिक आय रु.१९ करोड ४७ लाख रहने अनुमान छ। सङ्घीय सरकार सशर्त अनुदान रु.२७ करोड ९१ लाख ७२ हजार ५ सय, सङ्घीय सरकार समानीकरण अनुदान १६ करोड १४ लाख, सङ्घीय सरकारबाट बाँडफाँड भई प्राप्त हुने रु.११ करोड २८ लाख २ सय ४७, संरक्षित वन रोयल्टी रु.७५ लाख ९९ हजार ७ सय ५३, सङ्घीय सरकार विशेष अनुदान रु.३ करोड, संघीय सरकार समपुरक अनुदान १ करोड ५० लाख, प्रदेश सरकार सशर्त अनुदान रु.५ करोड ९० लाख २० हजार, प्रदेश सरकार समानिकरण अनुदान रु.१ करोड ६७ लाख २५ हजार, प्रदेश सरकारबाट बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर रु.७ करोड ५० लाख ७८ हजार ३ सय ५०, प्रदेश सरकार समपुरक अनुदान रु.३ करोड, प्रदेश सरकार विशेष अनुदान रु.६५ लाख, सडक बोर्ड नेपालबाट प्राप्त हुने रु.५० लाख, लागत सहभागिता रकम रु.५० लाख र चालु वर्षको अनुमानित बैंक मौज्दात रु.१ करोड ७५ लाख गरी कुल जम्मा रु.१ अर्ब १ करोड ५४ लाख ९५ हजार ८ सय ५० आय अनुमान गरिएको छ।

**व्यय तर्फ :**

१४१. कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च रु.११ करोड ९९ लाख, नगरस्तरीय गौरवका आयोजनामा रु.६ करोड २५ लाख, नगरस्तरीय पूर्वाधारका योजना तथा कार्यक्रम तर्फ रु.३ करोड ८ लाख ३ हजार ३ सय ५०, वडास्तरीय योजना तर्फ रु.१७ करोड २६ लाख, विषयगत शाखा तर्फ  रु.१४ करोड, नगरस्तरीय विभिन्न कोष तर्फ रु.१ करोड ५० लाख, समपुरक कोषमा रु.४ करोड ५० लाख, सडक बोर्ड तर्फका आयोजनामा रु.५० लाख, लागत सहभागिता तर्फ रु.५० लाख र अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फ रु.४१ करोड ९६ लाख ९२ हजार ५ सय गरी जम्मा रु.१ अर्ब १ करोड ५४ लाख ९५ हजार ८ सय ५० व्यय अनुमान गरिएको छ।

**विभिन्न क्षेत्रगत व्यय विवरण**

१४२. आर्थिक विकास क्षेत्र तर्फ रु. १० करोड २१ लाख २७ हजार, सामाजिक विकास क्षेत्र तर्फ रु. ३५ करोड ९० लाख ९३ हजार ५ सय, पुर्वाधार विकास क्षेत्र तर्फ रु.३४ करोड ७३ लाख ३८ हजार ३ सय ५०, सुशासन तथा संस्थागत विकास तर्फ २ करोड ७२ लाख, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ रु.१४ करोड १० लाख ५० हजार र विभिन्न कोषहरुमा रु.२ करोड ८६ लाख ८७ हजार हुने गरी विनियोजन गरिएको छ।

**क्षेत्रगत रुपमा व्ययको अनुपात:**

१४३. आर्थिक विकास क्षेत्र तर्फ कुल विकास बजेटको ११ दशमलव ०४ प्रतिशत, सामाजिक विकास तर्फ ३५ दशमलव ३६ प्रतिशत, पूर्वाधार विकास तर्फ ३४ दशमलव २० प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १३ दशमलव ८९ प्रतिशत, सुशासन तथा संस्थागत विकास तर्फ २ दशमलव ८६ प्रतिशत र विभिन्न कोषहरुमा २ दशमलव ८२ प्रतिशत विनियोजन गरिएकोछ।

**सभाध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्ष २०८१/८२ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**राजस्व सम्बन्धी विवरण**

१४४. यस चालु आर्थिक वर्ष २०८०/८१ को राजस्व रु. १७ करोड ७० लाख ३८ हजार अनुमान रहेकोमा हालसम्ममा रु.१३ करोड १ लाख ७५ हजार असुल भएकोछ। जुन यस वर्षको लक्ष्यको ७३ दशमलव ५३ प्रतिशत हुन आउँछ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८१/८२ मा राजस्व परिचालनको नीतिहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

**कराधार र दायरा विस्तार**

१४५. राजस्वका दरहरुमा स्थानीय राजस्व परामर्श समितिको सिफारिसलाई आधार लिदैं नगरकार्यपालिका बैठकबाट सिफारिस भई आएका दरहरुलाई यस नगरसभामा पेश गरिएको छ। जसमा आर्थिक वर्ष २०८०/८१ का लागि नगरसभाबाट पारित भई लगाईएका कर, शुल्क तथा दस्तुरका दरहरुमा सामान्य संशोधन गरी प्रस्ताव गरिएको छ। राजस्व अभिवृद्धीको लागि करका दरमा वृद्धि नगरी कराधारमा वृद्धि गरिनेछ ।

१४६. कानुन बमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र कर तथा शुल्क लगाउन पाउने र कर तथा शुल्क उठ्न सक्ने सम्भाव्य सबै क्षेत्रमा कर तथा शुल्क लगाउने नीति लिइएकोछ । करको दायरालाई विस्तार गर्दै लगिने नीति लिइएको छ । थोरै आय हुनेले कम र धेरै आय हुनेले बढी कर तिर्नु पर्ने प्रगतीशील कर नीति लिईएको छ ।

१४७. हाल सम्म करको दायरामा नआएका क्षेत्रहरुको पहिचान गरी करको दायरा अभिवृद्धि गर्न राजस्व संकलन तथा सहजिकरण शिविर सञ्चालन गरिने छ ।

१४८. कर सहभागिता अभिवृद्धि र चुहावट नियन्त्रणको लागि प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**छुट सहुलियत, व्यापार सहजीकरण र लगानी प्रवर्द्धन**

१४९. विपद्को कारण समस्यामा परेका व्यापार व्यवसायलाई करको माध्यमबाट राहत प्रदान गर्ने नीति लिइएकोछ । नगरपालिका क्षेत्रमा सञ्चालित उद्योग, कलकारखाना, व्यापार, व्यवसायहरुको लगत संकलन गरी संभाव्यताका आधारमा व्यवसाय सहजिकरणको लागि विभिन्न करछुट सुबिधा प्रदान गर्दै लगिनेछ ।

१५०. राजस्व परामर्श समितिले आगामी आर्थिक वर्ष २०८१/८२को लागि राजस्वका दररेट सिफारिश गर्दा चालु आर्थिक वर्ष २०८०/८१ को आर्थिक ऐनमा छुट भएका र थप गर्नुपर्ने नयाँ शिर्षक बाहेक अन्यको हकमा चालु आर्थिक वर्ष २०८०/८१ को आर्थिक ऐनमा उल्लेखित दरलाई सामान्य संशोधन गरी अन्य दरलाई यथावत राखिएकोछ । राजस्व परामर्श समितिले सिफारिश गरी कार्यपालिकाबाट पारीत समेत भएका राजस्वका दररेटहरुलाई अनुसूचीमा प्रस्तुत गरिएको छ ।

१५१. साविकमा सम्पत्तिकरमा दिईदै आएको सोही आर्थिक वर्षको पौष मसान्तसम्ममा कर दाखिला गरेमा दिइने छुट सुविधालाई यथावत राखी आर्थिक वर्ष २०८०/८१ को सम्पतिकर २०८१ असोज मसान्त सम्ममा दाखिला गर्ने करदातालाई लाग्ने करको १५ प्रतिशत छुट दिने व्यवस्थालाई यथावत राखिएकोछ ।

१५२. घर निर्माण सम्पन्न गर्नु पर्ने तोकिएको अवधी भित्र कार्य सम्पन्न गर्न नसकी म्याद थप गर्नु पर्ने भएमा साविकमा लागेको दस्तुरको १५ प्रतिशत थप शुल्क लाग्ने व्यवस्था मिलाईएकोछ। नगरपालिकामा हालसम्म दर्ता नभएका उद्योग तथा व्यवसायले २०८० पौष मसान्तसम्म दर्ता गरी नियमानुसार दर्ता तथा वार्षिक कर दाखिला गरेमा तथा दर्ता भएका उद्योग तथा व्यवसायले सो अवधिभित्र नविकरण गराएमा आ.व.२०८१/८२ को वार्षिक करमा १५ प्रतिशत छुट दिने व्यवस्था मिलाईएको छ।

१५३. घरबहाल कर दाखिला गर्नु पर्ने कर्तव्य भएको संस्था तथा व्यक्तिले २०८१ पौष मसान्तसम्म घरबहालको विवरण दाखिला गरी सोही अवधिभित्र कर दायित्व समेत दाखिला गरेमा आ.व. २०८१/८२ मा लाग्ने घरबहाल करमा १० प्रतिशत छुट दिने व्यवस्था मिलाईएकोछ।

१५४. महिला व्यवसायीको नाममा दर्ता हुने व्यवसायको दर्ता शुल्कमा ५० प्रतिशत छुट दिइनेछ। जुनसुकै उद्योग तथा व्यवसाय नयाँ दर्ता हुँदा आर्थिक वर्षको पहिलो ६ महिना भित्रमा दर्ता भएमा तोकीए बमोजिमको दर्ता शुल्कको साथै वार्षिक व्यवसाय कर समेत लाग्नेछ। माघ १ गते भन्दा पछाडि दर्ता भएका उद्योग तथा व्यवसायलाई सो आर्थिक वर्षको व्यवसाय कर असुल नगरी दर्ता शुल्क मात्र लिएर दर्ता गर्ने व्यवस्था मिलाइएको छ। अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका तर नगरपालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायलाई भने नगरपालिकामा दर्ता हुँदा यस किसिमको छुट सुविधा उपलब्ध हुने छैन।

१५५. पूर्वाधार निर्माण गर्नु पर्ने नयाँ दर्ता हुने उद्योगको हकमा सो आर्थिक वर्षको वार्षिक व्यवसाय कर असुल गरिने छैन।

१५६. अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेका तर नगरपालिकामा दर्ता नभएका उद्योग तथा व्यवसायहरु नगरपालिकामा मिति २०८१ असोज मसान्तसम्म दर्ता हुन आएमा आर्थिक वर्ष २०७८/७९ सम्मको विलम्ब शुल्क तथा जरिवानाको छुट गर्ने व्यवस्था गरिएको छ।

## सूचना प्रविधिको उपयोग

१५७. राजस्व संकलन प्रकृयालाई सरलीकरण गर्न र करदाताको कर परिपालना सहज बनाउन सेवा प्रवाहलाई सरल, सहज, भरपर्दो र विश्वासनीय बनाइने छ।

१५८. कर सूचना प्रणालीमा भण्डारण भएका तथ्याङ्कलाई भरपर्दो र प्रभावकारी बनाउन नियमित रूपमा प्रणाली परीक्षण गरिनेछ।

१५९. करदाता र कर प्रशासनले प्रयोग गर्ने सूचना प्रविधि प्रणालीबीच अन्तरआवद्धता कायम गरिने छ नगरपालिकाबाट प्रदानहुने राजस्व सम्बन्धी सेवालाई सेवालाई पेपरलेस, फेसलेस र कन्ट्याक्टलेस बनाउन र करसम्बन्धी सूचना विश्लेषण गर्न कृत्रिम बौद्धिकताको प्रयोग गरिनेछ।

**सभाध्यक्षज्यू,**

१६०. बजेट तर्जुमा गर्ने सिलसिलामा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठकमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगरसभा सदस्यज्यूहरू, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै आवश्यक सल्लाह सुझाब दिनु हुने संङ्घीय संसद तथा प्रदेश सभाका माननीय सांसदज्यूहरु, जिल्ला समन्वय समितिको प्रमुखज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नुहुने नगर कार्यपालिकाको कार्यालयका कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण राजनीतिक दलका नगर समितिका प्रमुखज्यूहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

१६१. अन्त्यमा, यस नगरसभा अधिवेशनमा उपस्थित हुनु हुने नगरसभा अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नगरसभाका सचिव, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकारमित्रहरु प्रति हार्दीक आभार तथा धन्यवाद व्यक्त गर्दछु । विगतमा जस्तै प्रस्तुत बजेट कार्यान्वयनको निमित्त पनि यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझाबलाई मार्गदर्शनको रूपमा लिएर खैरहनी नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको रचनात्मक सहयोग निरन्तर रहने अपेक्षा गरेका छौं ।

**धन्यवाद !**

**कविता उप्रेती**
**नगर उप-प्रमुख**
**खैरहनी नगरपालिका, खैरहनी चितवन**

**दिनाङ्क : २०८१ साल आषाढ १० गते सोमबार**

# आर्थिक ऐन, २०८१

३

**खैरहनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८१**

प्रस्तावनाः

खैरहनी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २१८ को उपधारा (२) बमोजिम खैरहनी नगरपालिकाको चौधौं नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "खैरहनी नगरपालिका आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएपछि मिति २०८१ साल श्रावण १ गतेदेखि खैरहनी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति करः**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको भोतिक संरचना (घर) र संरचना (घर) ले चर्चेको जग्गा तथा भौतिक संरचना (घर) को मूल्यांकन दर र ह्रास कट्टीको दर अनुसूची-१ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

(२) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि जग्गाको मूल्यांकन दर अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

**३. भूमी कर (मालपोत):**

यस खैरहनी नगरपालिकामा आ.व. २०७४/७५ सम्मको भूमी कर (मालपोत), घरधुरीकर तथा स्थानीय विकास शुल्क बक्यौता रहेको अवस्थामा सोको कुल हिसाब गरी विलम्ब शुल्कवापत प्रति वर्ष १० प्रतिशतका दरले हिसाब गरी असुल गरिनेछ। भूमी कर (मालपोत) बक्यौता असुली गर्दा अनुसूची–२ बमोजिमको दरमा गरिनेछ।

**४. घर जग्गा बहाल करः**

(१) खैरहनी नगर क्षेत्रभित्र विभिन्न उद्योग, व्यवसाय तथा अन्य प्रयोजनको लागि भाडाकर असुल गर्ने प्रयोजनको लागि अनुसूची-३ बमोजिमको भाडादर कायम गरी २० लाख वा सो भन्दा कम कूल पूँजी भएका एकलौटी/साझेदारी व्यवसाय वा उद्योगलाई ५ प्रतिशत, २० लाख भन्दा बढी कूल पूँजी भएका एकलौटी/साझेदारी व्यवसाय वा उद्योगलाई १० प्रतिशत र विभिन्न बैङ्क, वित्तिय संस्था, विद्यालय, अन्य संस्था वा निकायलाई १० प्रतिशत घरबहाल कर लगाईनेछ।

(२) खैरहनी नगर क्षेत्रभित्र कृषि प्रयोजनका लागि प्रयोग हुने जग्गा भाडामा लिदा सम्झौता रकमको १ प्रतिशत, व्यवसायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा भाडामा लिदा सम्झौता रकमको २ प्रतिशत र अन्य बहालकर (घर बहाल कर बाहेक) को हकमा सम्झौता रकमको २ प्रतिशत दरले जग्गा बहाल कर लगाईनेछ।

**५. उद्योग तथा व्यवसाय करः**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) यस दफा बमोजिम लगाइने व्यवसाय करको दर अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

**६. कवाडी मालसामान संकलन शुल्कः** खैरहनी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको संकलन गरे बापत अनुसूची-५ बमोजिम कवाडी मालसामान संकलन कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन करः**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची-६ मा तोकिए बमोजिम हुनेछ।

**८. विज्ञापन कर तथा पर्यटन शुल्कः**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने डिजिटल बोर्ड, स्टल आदिमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

(२) खैरहनी नगरपालिका क्षेत्रभित्रका विभिन्न पिकनिक स्पट स्विमिङ् पुल तथा अन्य पर्यटन क्षेत्रमा अनुसूची-८ बमोजिम पर्यटन व्यवसाय शुल्क लगाइने र असुल उपर गरिनेछ।

**९. मनोरञ्जन करः**

खैरहनी नगरपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानून बमोजिम र नगरक्षेत्रभित्रको हकमा अनुसूची-९ बमोजिमको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ।

**१०. बहाल बिटौरी शुल्क:**

(१) खैरहनी नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा अनुसूची-१० बमोजिमको बहाल बिटौरी शुल्क लगाई असूल उपर गरिनेछ।

**११. पार्किङ्ग शुल्क/अनुमति शुल्क:**

(१) खैरहनी नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची-११ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ।

(२) निजी स्वामित्वको जग्गामा पार्किङ्ग स्थल व्यबस्थापन गरि सवारी साधनको पार्किङ्ग सुविधा उपलब्ध गराउने व्यक्ति वा संस्थाले कार्यपालिकाबाट तोकिएको दस्तुर बुझाई नगरपालिकाको अनुमति लिनुपर्नेछ।

(३) खैरहनी नगरपालिकाभित्र संचार टावर निर्माण तथा मेला महोत्सव आयोजना गर्न निर्माण कम्पनि तथा आयोजकबाट नगरपालिकाले अनुसूची-११ बमोजिमको शुल्क लगाउने र असूल उपर गर्नेछ।

**१२. सिफारिस प्रमाणित दस्तुर, पेन्सन तथा अन्य सिफारिस दस्तुर:** खैरहनी नगरपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमार्फत उपलब्ध गराउने सिफारिश, प्रमाणित, पेन्सन, इजाजत लगायतका प्रशासनीक सेवामा अनुसूची-१२ मा उल्लिखित दरमा सिफारिस प्रमाणित दस्तुर लगाई असूल उपर गर्नेछ।

**१३. नक्सा पास दस्तुरः** खैरहनी नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्रका विभिन्न प्रयोजनका लागि निर्माण हुने घर संरचनाको अनुसूची-१३ बमोजिम नक्सा पास दस्तुर शुल्क लगाइने र असुल उपर गरिनेछ।

**१४. बैंक, वित्तीय तथा अन्य क्षेत्र शुल्कः** खैरहनी नगरपालिका क्षेत्रभित्र सञ्चालित बैंक, वित्तीय संस्था तथा अन्य क्षेत्रहरुको नगरपालिकाले अनुसूची-१४ मा उल्लेख भए बमोजिम शुल्क लगाउने र असूल उपर गर्नेछ।

१५. **फोहोरमैला व्यवस्थापन शुल्कः** खैरहनी नगरपालिका क्षेत्रभित्रका फोहोरमैला संकलन तथा व्यवस्थापन गरेबापत उपभोक्ताको प्रकृति अनुसार अनुसूची-१५ बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क लगाइने र असुल उपर गरिनेछ।

१६. **न्यायिक दस्तुर**ः खैरहनी नगरपालिका न्यायिक समितिमा दर्ता हुने विवादको हकमा अनुसूचि-१६ बमोजिमको शुल्क लगाइने र असुल गरिनेछ।

१७. **भाडामा लगाउन सक्नेः** खैरहनी नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, हल, मेसिनरी तथा अन्य सम्पत्ति अनुसूची-१७ मा उल्लेखित दरमा भाडामा लगाउन सक्नेछ।

१८. **विद्यालय तथा शैक्षिक व्यवस्थापन** शुल्कः खैरहनी नगरपालिकाले अनुसूची-१८ बमोजिम विभिन्न शैक्षिक तथा विद्यालय व्यवस्थापन शुल्क लगाई असुल गर्नेछ।

१९. **कृषि तर्फ सिफारिस तथा अन्य शुल्कः** खैरहनी नगरपालिका क्षेत्रभित्रका कृषि सेवाका लागि सिफारिस तथा अन्य शुल्कहरु अनुसूची-१९ बमोजिम लगाई असुल गरिनेछ।

२०. **बोर्डिङ्ग तथा निजी विद्यालयः** खैरहनी नगरपालिका क्षेत्रभित्र सञ्चालित निजी बोर्डिङ्ग मोन्टेश्वरी तथा विद्यालयहरुको अनुसूची-२० बमोजिमको बार्षिक शुल्क लगाई असुल गरिनेछ।

२१. **स्वास्थ्य संस्था दर्ता तथा नविकरणः** खैरहनी नगरपालिका क्षेत्रभित्र सञ्चालित स्वास्थ्य संस्था दर्ता तथा नविकरण गर्दा अनुसूचि-२१ बमोजिम शुल्क लगाई नगरपालिकाले असुल उपर गर्नेछ।

२२. **बिक्री गर्न सक्नेः**

(१) खैरहनी नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एवं माटो जस्ता साधारण निर्माणमुखी खानीजन्य बस्तुहरु प्रचलित कानुन बमोजिम उत्खनन् र बिक्री गर्नेछ।

(२) उपदफा (१) बमोजिम साधारण निर्माणमुखी खानीजन्य बस्तुको बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढाबढ गरी गर्न सक्नेछ।

(३) खैरहनी नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृती लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणले तोकेको परिमाणमा गरिने ढुंगा, गिट्टी, ग्राभेल, बालुवा एवं माटो जस्ता साधारण निर्माणमुखी वस्तुहरुको उत्खनन्, संकलन र बिक्री तथा नगर क्षेत्रमा उत्पादन भई व्यवसायिक रुपमा बिक्री हुने पानीमा प्रचलित कानुन बमोजिमको दरमा शुल्क लगाई असूल उपर गर्नेछ।

(४) उपदफा (३) बमोजिमको उत्खनन्, संकलन र विक्री गर्न चाहने व्यक्तिले नगरपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम इजाजत लिनुपर्नेछ।

२३. **सामुदायिक वनबाट आयप्राप्त गर्ने:** खैरहनी नगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

२४. **जग्गा बर्गीकरणको पूर्वाधार विकास शुल्कः** खैरहनी नगरपालिकाकाले अनुसूची-२२ बमोजिमको जग्गा बर्गीकरण बापतको पूर्वाधार विकास शुल्क लगाउने र असुल उपर गर्नेछ ।

२५. **पशुपंछी उपचार दर्ता तथा सेवा शुल्कः** खैरहनी नगरपालिकाले नगर क्षेत्रभित्रका नगरबासीहरुको पशुपंछीको उपचारको लागि अनुसूची-२३ बमोजिमको दर्ता तथा सेवा शुल्क लिनेछ ।

२६. **सेवा शुल्क:** खैरहनी नगरपालिकाले अनुसूची-२४ बमोजिमको सेवा उपलब्ध गराएमा सोही अनुसूचीमा उल्लेखित दरमा शुल्क तथा दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

२७. **गैर सरकारी संस्था (NGOs/ INGOs) सम्बन्धी शुल्कः** खैरहनी नगरपालिकामा कार्यक्षेत्र बनाई कार्यक्रम सञ्चालन गरिरहेका गैरसरकारी संस्था (NGOs/ INGOs) को सिफारिस, नविकरण, कार्यक्षेत्र बिस्तार लगायतको हकमा नगरपालिकाले अनुसूची-२५ बमोजिमको शुल्क लिनेछ ।

२८. **दण्ड जरिवानाः** तोकिएको समयभित्र कर तथा शुल्क नबुझाउने तथा खैरहनी नगरपालिका क्षेत्रभित्र राजश्वसँग सम्बन्धित विषयमा खैरहनी नगरपालिका सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ अनुसार जरिवाना लगाई असुल उपर गरिनेछ ।

२९. **कर तथा शुल्कमा छुटः**

(१) खैरहनी नगरपालिकाले कर तथा शुल्कमा असोज मसान्तसम्ममा दाखिला गरेमा करदातालाई दिने छुट देहाय बमोजिम हुनेछ।

(क) घर बहालमा १० प्रतिशत छुट

(ख) जग्गा बहालमा १० प्रतिशत छुट

(ग) व्यवसायमा १५ प्रतिशत छुट

(घ) सम्पत्ति करमा १५ प्रतिशत छुट

(२) महिलाको नाममा व्यवसाय दर्ता गरेमा दर्ता शुल्कमा ५० प्रतिशत छुट

३०. **पुनरावलोकन सम्बन्धी व्यवस्था:**

(१) खैरहनी नगरपालिकाले गरेको कर, शूल्क, दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेका करदाताले नगरपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछ । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिती गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर पैतीस दिनभित्र पुनरावलोकन समितीले छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

**३१. कर फिर्ता सम्बन्धी व्यवस्था:** करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्नेछ र सो व्यहोरा साँचो देखिएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन परेको एक महिनाभित्र रकम फिर्ता दिने निर्णय गर्नुपर्नेछ ।

**३२. अन्य व्यवस्था:**

(१) खैरहनी नगरपालिकाका अन्य शाखा तथा वडाहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ । तर नागरिकताको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न यस व्यवस्थाले बाधा पुरयाएको मानिने छैन ।

(२) अन्य स्थानीय तहमा कानून बमोजिम दर्ता वा नविकरण भएका कम्पनी, फर्म, संघसंस्थाहरुले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन यस नगरपालिकामा पुनः व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

(३) यस नगरपालिकाले कर तथा शुल्कहरु सङ्कलनको लागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर सङ्कलनको लागि विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ ।

(४) कर संकलन गर्न कुनै निजी संस्थालाई दिदा प्रशासनिक खर्च मितव्ययी हुन सक्ने देखिएमा नगरपालिकाले निजी संस्थासँग कर संकलनको लागि सम्झौता गर्न सक्नेछ ।

**३३. नियमावली तथा कार्यविधि बनाउन सक्ने:** खैरहनी नगरपालिका नगरकार्यपालिकाले यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी आवश्यक नियमावली तथा कार्यविधिहरु बनाई लागू गर्न सक्नेछ ।

**३४. यसै ऐन बमोजिम भएको मानिने:** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**३५. साबिक बमोजिम हुने:** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लेख नभएको हकमा साबिक व्यवस्था बमोजिम नै हुनेछ ।

**३६. बाधा अड्काउ फुकाउ:** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा खैरहनी नगरपालिका नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउने छ ।

**३७. खारेज भएको मानिने:** खैरहनी नगरपालिकाले साबिकमा लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज भएको मानिने छ ।

## अनुसूची १

### सम्पत्ति कर प्रयोजनको लागि भौतिक संरचनाको मूल्याङ्कन दर

| क्र.सं. | विवरण | दररेट (प्रति वर्ग फिट रु.मा) पहिलोतल्ला | दररेट (प्रति वर्ग फिट रु.मा) दोश्रोतल्ला | दररेट (प्रति वर्ग फिट रु.मा) तेस्रो तल्ला र सो भन्दा माथि | ह्रास कट्टी दर प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आर सि.सि फ्रेम स्ट्रकचर | १२००।०० | ९६०।०० | ८००।०० | ५ | |
| २ | आर सि.सि फ्रेम स्ट्रकचर (फ्रेम नभएको) | १०००।०० | ८००।०० | ६५०।०० | ५ | |
| ३ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाह्रो आर सि सि छाना | १०००।०० | ८००।०० | ६५०।०० | ७ | |
| ४ | माटोको जोडाइमा इट्टा वा ढुंगाको गाह्रो आर सी सी छाना | ९००।०० | ७२०।०० | ६००।०० | ७ | |
| ५ | सिमेन्टको जोडाई इट्टा वा ढुङ्गाको गाह्रो जस्ताछाना | ६००।०० | | | १० | |
| ६ | माटोको जोडाइमा इट्टा वा ढुंगाको गाह्रो जस्ता छाना | ५००।०० | | | १० | |
| ७ | सोरुम, उद्योग सञ्चालनको लागि वरिपरी गाह्रो लगाई बनाइएको जस्ताको छाना, सामान्य बसोवासको लागि काठको वा सिमेन्टको खम्बामा बनेका जस्ता, टायल वा झिंगटिको छाना इट्टा वा ब्लक लगाई बनाइएको सामन्य घर तथा ग्यारेज | २५०।०० | | | १० | |
| ८ | सोरुम, उद्योग सञ्चालनको लागि वरीपरी गाह्रो नलगाइ बनाइएको जस्ताको छाना भएको टहरा तथा ग्यारेज | २००।०० | | | १० | |
| ९ | १ देखि ८ सम्म बाहेकका अस्थायी तथा कच्ची घर, टहरा, गोठ, सेड आदी | एक मुष्ठ रु. ५०,०००।०० | | | | |
| १० | ढुंगाका वा इट्टाको पर्खाल प्रति रनीङ फिट | २००।०० | | | | |

## अनुसूची २

### सम्पत्ति करको दर
### जग्गाको मूल्याङ्कनको लागि

| क्र.सं. | विवरण | सम्पति कर रु. | छुट दर प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | रु. १ देखि ५,००,००० सम्म | १००।०० | १५ | छुट २०८१ असोज मसान्तसम्ममा कर दाखिला गर्नेलाई मात्र उपलब्ध गराईनेछ। |
| २ | रु. ५,००,००१ देखि ७,००,००० सम्म | १५०।०० | १५ | |
| ३ | रु. ७,००,००१ देखि १०,००,००० सम्म | २००।०० | १५ | |
| ४ | १०,००,००१ देखि १५,००,००० सम्म | ३००।०० | १५ | |
| ५ | १५,००,००१ देखि २०,००,००० सम्म | ४००।०० | १५ | |
| ६ | २०,००,००१ देखि २५,००,००० सम्म | ७००।०० | १५ | |
| ७ | २५,००,००१ देखि २८,००,००० सम्म | ९००।०० | १५ | |
| ८ | २८,००,००१ देखि ३०,००,००० सम्म | १,०००।०० | १५ | |
| ९ | ३०,००,००१ देखि ३५,००,००० सम्म | १,२००।०० | १५ | |
| १० | ३५,००,००१ देखि ४०,००,००० सम्म | १,७००।०० | १५ | |
| ११ | ४०,००,००१ देखि ४५,००,००० सम्म | २,२००।०० | १५ | |
| १२ | ४५,००,००१ देखि ४८,००,००० सम्म | २,७००।०० | १५ | |
| १३ | ४८,००,००१ देखि ५०,००,००० सम्म | ३,०००।०० | १५ | |
| १४ | ५०,००,००१ देखि ६०,००,००० सम्म | ३,५००।०० | १५ | |
| १५ | ६०,००,००१ देखि ७०,००,००० सम्म | ४,५००।०० | १५ | |
| १६ | ७०,००,००१ देखि ८०,००,००० सम्म | ५,५००।०० | १५ | |
| १७ | ८०,००,००१ देखि ९०,००,००० सम्म | ६,५००।०० | १५ | |
| १८ | ९०,००,००१ देखि ९५,००,००० सम्म | ७,५००।०० | १५ | |
| १९ | ९५,००,००१ देखि १,००,००,००० सम्म | १०,०००।०० | १५ | |
| २० | १,००,००,००१ देखि १,२०,००,००० सम्म | १२,०००।०० | १५ | |
| २१ | १,२०,००,००१ देखि १,४०,००,००० सम्म | १३,५००।०० | १५ | |
| २२ | १,४०,००,००१ देखि १,६०,००,००० सम्म | १५,०००।०० | १५ | |
| २३ | १,६०,००,००१ देखि १,८०,००,००० सम्म | १६,५००।०० | १५ | |
| २४ | १,८०,००,००१ देखि १,९०,००,००० सम्म | १८,०००।०० | १५ | |
| २५ | १,९०,००,००१ देखि २,००,००,००० सम्म | २०,०००।०० | १५ | |
| २६ | २,००,००,००१ देखि २,५०,००,००० सम्म | २५,०००।०० | १५ | |
| २७ | २,५०,००,००१ देखि ३,००,००,००० सम्म | ३२,०००।०० | १५ | |
| २८ | ३,००,००,००१ देखि ३,५०,००,००० सम्म | ३९,०००।०० | १५ | |
| २९ | ३,५०,००,००१ देखि ४,००,००,००० सम्म | ४०,०००।०० | १५ | |
| ३० | ४,००,००,००१ देखि ४,५०,००,००० सम्म | ५३,०००।०० | १५ | |
| ३१ | ४,५०,००,००१ देखि ५,००,००,००० सम्म | ६०,०००।०० | १५ | |
| ३२ | ५,००,००,००१ भन्दा माथि | रु. २।–प्रति हजार | १५ | |

## अनुसूची ३

### घर भाडा दर

| वडा नं. | स्थान | भाडा दर रु. | कैफियत |
|---|---|---|---|
| १ | क) बुढिराप्ति पुलदेखि तरकारी बजारसम्म राजमार्गको दायाँबायाँ न्युनतम भाडा | २०००/– | |
| | ख) ज्यामिरे चोकको उत्तर दक्षिण आसपास २०० मिटरसम्म न्युनतम भाडा | १५००/– | |
| | ग) अन्य स्थानको न्युनतम भाडा | १०००/– | |
| २ | क) चैनपुर चोकदेखि उत्तर तर्फ जाने बाटो २०० मिटरसम्म न्युनतम भाडा | १५००/– | |
| | ख) अन्य स्थानको न्युनतम भाडा | १०००/– | |
| ३ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| ४ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| ५ | क) पुरानो खैरहनी चोकदेखि ढुङ्ग्रेखोला पुलसम्म | २०००/– | |
| | ख) अन्य स्थानको न्युनतम भाडा | १०००/– | |
| ६ | क) पुलचोकदेखि पुरानो पर्साबजार हुँदै प्रहरी चौकीसम्म न्युनतम भाडा | ३०००/– | |
| | ख) पुरानो पर्सा बजारचोकदेखि तनही पुलसम्म र मालपोत रोडसम्म न्युनतम भाडा | ३०००/– | |
| | ग) अन्य स्थानको न्युनतम भाडा | २०००/– | |
| ७ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| ८ | क) मगनीचोकदेखि बाबा पेट्रोलपम्पसम्म, चौबिसकोठी चोकदेखि न्युरोड हुँदै पम्फाखोला पुलसम्म न्युनतम भाडा | ६०००/– | |
| | ख) मगनी चोकदेखि चात्रा खोलापुलसम्म, बाबा पेट्रोल पम्पदेखि चैनपुर चोकसम्म न्युनतम भाडा | ५०००/– | |
| | ग) पम्फा खोला पुलदेखि डेजी बोर्डिङ् हुँदै मगनी चोकसम्म न्यनतम भाडा | २०००/– | |
| | घ) न्युरोड बजारदेखि भित्रपस्ने बाटो हुँदै फिल्महल लाइन, मगनी चोकदेखि खानेपानी चोकसम्म न्युनतम भाडा | ३०००/– | |
| | ङ) अन्य स्थानको न्युनतम भाडा | २०००/– | |
| ९ | क) सिमलटाँडी चोक आसपास राजमार्गको दायाँ बायाँ न्युनतम भाडा | ३०००/– | |
| | ख) सिमल टाँडी चोक र बैरहानी चोक उत्तर दक्षिण २०० मिटर सम्म न्युनतम भाडा | २०००/– | |
| | ग) अन्य स्थानको न्युनतम भाडा | १५००/– | |
| १० | क) कठार बजार क्षेत्र न्युनतम भाडा | १५००/– | |
| | ख) अन्य स्थानको न्युनतम भाडा | १०००/– | |
| ११ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| १२ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |
| १३ | सबै स्थानहरुमा न्युनतम भाडा दर | १०००/– | |

**पुनश्च :** (क) माथि उल्लेखित भाडा दर उक्त स्थानमा रहेका प्रति कोठा तथा प्रति सटरको हो। उक्त सटर भन्दा भित्र तथा माथिल्लो तलामा आवासिय प्रयोजनको लागि वा गोदाम प्रयोजनको लागिप्रयोग गरिएका कोठाको तत् तत् स्थानको लागि तोकिएको भाडा दर भन्दा रु.५००।– कम हुनेछ। यदि कुनै संस्थाले उल्लेखित भाडादर भन्दा बढी तिर्ने गरी सम्झौता गरेको भए सोही आधारमा बहालकर असुल गरिनेछ। तर माथि उल्लेखित भाडा दर भन्दा कमको सम्झौता पेश भएको खण्डमा भने उल्लेखित दर मै बहालकर असुल गरिने छ।

(ख) उपरोक्त भाडादर विभिन्न बैङ्क, वित्तिय संस्था, विद्यालय वा अन्य संस्थाले लिखितरुपमा सम्झौता गरी भाडामा बस्ने संस्थाको हकमा माथि उल्लेखित भाडा दर तथा करको दर लागु हुने छैन।

(घ) कुनै पनि संघ संस्था वा व्यवसायले घर तथा जग्गा भाडामा लिंदा सम्झौता गरेर लिनु पर्नेछ। त्यसरी सम्झौता गरिएको रकम यस आर्थिक ऐनमा उल्लेखित रकम भन्दा बढी भएमा सोह बमोजिम र कम भएमा यसै बमोजिम घर बहाल कर असुल गरिनेछ।

## अनुसूची ४

### उद्योग एवं व्यवसाय नयाँ दर्ता दस्तुर

(नयाँ दर्ता भन्नाले अन्य निकायमा दर्ता भई सञ्चालनमा रहेको तर नगरपालिकामा दर्ता नभएकोलाई समेत सम्झनु पर्दछ।)

| | | |
|---|---|---|
| १ | व्यवसाय नामसारी गर्न आएमा नयाँ दर्ता शूल्क सरह लिने | |
| २ | नयाँ इट्टा चिम्नी दर्ता (नयाँ) | १,००,०००/- |
| ३ | पेट्रोल पम्प नयाँ दर्ता | २५,०००/- |
| ४ | **चिउरा तथा भुजा मिल नयाँ दर्ता** | |
| | क) अटोमेटिक | २५,०००/- |
| | ख) अन्य | १०,०००/- |
| ५ | ग्याँस उद्योग नयाँ दर्ता | १,५०,०००/- |
| ६ | **स-मिल काठ चिरानी नयाँ दर्ता** | |
| | क) बेण्ड स र ट्रली समेत भएको | ५०,०००/- |
| | ख) अन्य | ३०,०००/- |
| ७ | डिस्टिलरी उद्योग तथा वियर उद्योग नयाँ दर्ता | १,२०,०००/- |

| | | |
|---|---|---|
| ८ | **बैंक तथा वित्तीय संस्था नयाँ दर्ता** | |
| | क. वर्गको बैंक तथा वित्तीय संस्था | २०,०००/- |
| | ख. वर्गको बैंक तथा वित्तीय संस्था | १२,०००/- |
| | ग. वर्गको बैंक तथा वित्तीय संस्था | ६,०००/- |
| | घ. लघुवित्त तथा सिमित बैंकिंग कारोबार | ५,०००/- |
| ९ | सहकारी संस्थाहरु दर्ता शुल्क | २,०००/- |
| १० | ह्याचरी नयाँ दर्ता | ५०,०००/- |
| ११ | क्रसर उद्योग नयाँ दर्ता | ५०,०००/- |
| १२ | कापी उद्योग नयाँ दर्ता | १०,०००/- |
| १३ | क्रेट/कार्टुन उद्योग नयाँ दर्ता | १०,०००/- |
| १४ | बोरा उद्योग नयाँ दर्ता | १०,०००/- |
| १५ | इको ब्लक उद्योग | २५,०००/- |
| १६ | **राइस मिल नयाँ दर्ता** | |
| | क) स्टिम प्लान्ट | २०,०००/- |
| | ख) अटोमेटिक प्लान्ट | १०,०००/- |
| | ग) अन्य राइस तथा तेल मिल | ३०००/- |
| १७ | स्टिल/फलाम उद्योग नयाँ दर्ता | ७५,०००/- |
| १८ | दैनिक रुपमा फिल्म प्रदर्शन गर्ने चलचित्र घरको दर्ता शुल्क | २५,०००/- |
| १९ | एसम्बल गरि इलेक्ट्रिकल्स समान उत्पादन तथा प्याकिंग गर्ने उद्योगको दर्ता शुल्क | ८०००/- |
| २० | अटोरिक्सा/ टेम्पो व्यवसाय संचालन गर्ने संस्था दर्ता | १०,०००/- |
| २१ | सुपर मार्केट/ मार्ट दर्ता | १०,०००/- |
| २२ | **All in on service** सेवा (इलेक्ट्रिक सामान सप्लाई/विक्री, मर्मत गर्ने, फर्निचर, होम डेलिभरी व्यवसाय) | ५,०००/- |
| २३ | अनलाइन शेयर बजार सिस्टम व्यवसायको दर्ता शुल्क | १०,०००/- |
| २४ | औषधी उद्योगको दर्ता शुल्क | ३०,०००/- |
| २५ | न्युज पोर्टल व्यवसायको दर्ता शुल्क | २,५००/- |
| २६ | क्यान जुस वा स्लाइडर उत्पादन बहुउदेश्यीय पेय पदार्थ दर्ता शुल्क | २५,०००/- |
| २७ | क्रसर उद्योगबाट धुलो पाउडर लिई फेसमा लगाउने क्रिम पाउडर सावुन अन्य पदार्थ उत्पादन सप्लायर्स गर्ने व्यवसायको दर्ता शुल्क | ५०,०००/- |
| २८ | इभेन्ट म्यानेजमेन्ट दर्ता शुल्क | १३,०००/- |
| २९ | बाँयोग्याँस प्रालि दर्ता शुल्क | ३०,०००/- |

| | | |
|---|---|---|
| ३० | मिक्सचर रेलिङ्ग ढलान स्ल्याव बनाउने सानो किसिमका मेसिनहरु भाडामा संचालन गर्ने व्यवसायको दर्ता शुल्क | ८,०००।- |
| ३१ | सेक्युरीटी गार्ड संचालन व्यवसाय दर्ता शुल्क | १०,०००।- |
| ३२ | **उपरोक्त उद्योग बाहेक अन्य उद्योग र व्यवसाय दर्ताको हकमा अधिकृत पुंजी** | |
| | क) ५ लाख सम्म | ५००/- |
| | ख) १० लाख सम्म | १,०००/- |
| | ग) १५ लाख सम्म | १,५००/- |
| | घ) २० लाख सम्म | २,०००/- |
| | ङ) ३० लाख सम्म | ३,०००/- |
| | च) ५० लाख सम्म | ५,०००/- |
| | छ) १ करोड सम्म | ८,०००/- |
| | ज) ३ करोड सम्म | १०,०००/- |
| | झ) ५ करोड सम्म | १५,०००/- |
| | ञ) १० करोड सम्म | २०,०००/- |
| | ट) ५० करोड सम्मको लागि | ३५,०००/- |
| | ठ) ५० करोड भन्दा माथि | ०.००७ प्रतिशत |

यस खण्डमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि उद्योग तथा व्यवसायको वार्षिक कर भन्दा दर्ता शुल्क कम हुनेछैन।

व्यवसाय दर्ता गरी नविकरण नभएका व्यवसायको हकमा २०८१ असोज मसान्तसम्ममा नविकरण गर्न आएमा आ.व. २०७७/७८ सम्मको जरिवाना शुल्कमा छुट दिने, व्यवसाय कर मात्र लाग्ने र आ.व.२०७८/७९ देखि नियमानुसार जरिवाना सहित असुल गरिने तथा पालिकामा दर्ता नभएका तर घरेलु तथा साना उद्योग कार्यालय, कम्पनी रजिष्टार्डको कार्यालय र आन्तरिक राजश्व कार्यालयमा दर्ता भएका व्यवसायको हकमा व्यवसाय कर र दर्ता शुल्क मात्र लाग्ने तर जरिवाना नलाग्ने। उक्त व्यवसाय बन्द गर्न आएमा शुरुबाट नै जरिवाना सहित शुल्क लाग्ने।

## वार्षिक व्यवसाय कर तथा स्थानीय विकास शुल्क दरहरु

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| **उद्योग क्षेत्र** | | |
| १ | **पाउरोटी** | |
| | क) श्रेणी (पाउरोटी उद्योग) | ५०००/- |
| | ख) श्रेणी (बेकरी,केक दुनोट आदि) | २०००/- |
| २ | **बरफ, बिस्कुट तथा दालमोठ उद्योग** | |
| | क. श्रेणी (१,२,६,८ र ९ को लागि) | १०००/- |
| | ख. श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| ३ | **अमिलो, चकलेट, मसला, तितौरा, मस्यौरा उत्पादन गर्ने घरेलु उद्योग** | |
| | क) श्रेणी (प्लाष्टिक प्याकेजिंग) | ५००/- |
| | ख) श्रेणी (कागज प्याकेजिंग) | ३००/- |
| ४ | कन्फेक्सनरी उद्योग | १५००/- |
| ५ | पास्ता, म्याकरोनी, नुडल्स, चिप्स जस्ता खाध्य सामग्री उत्पादन उद्योग (१ करोड भन्दा माथि पुंजी लगानी भएका) | १०,०००/- |
| ६ | **डेरी उद्योग (दुग्ध तथा दुग्धजन्य अन्य व्यवसाय)** | |
| | क) श्रेणी (डेरी उद्योग) | ५०००/- |
| | ख) श्रेणी (चिलिंग भ्याट राखी दुग्ध संकलन गरि विक्री गर्ने) | १५००/- |
| | ग) श्रेणी (दुग्ध संकलन गरि विक्री गर्ने) | ५००/- |
| ७ | **मिल (कुटानी, पिसानी, पेलानी, सेलर, तेल आदि)** | |
| | क) श्रेणी (एकभन्दा बढी भएमा) | २०००/- |
| | ख) श्रेणी (मसला मिल) | १०००/- |
| | ग) मसला मिल वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| | घ) मैदा मिल | १००००/- |
| | ङ) भुजा चिउरा दुवै उत्पादन गर्ने मिल | ७०००/- |
| | च) चिउरा मिल | ५०००/- |
| ८ | **प्लान्ट वा उद्योग (राइस मिल)** | |
| | क) स्टिम प्लान्ट | १५०००/- |
| | ख) अटोमेटिक प्लान्ट | ७५००/- |
| | ग) अन्य राइस मिल, तेल मिल | १०००/- |
| ९ | चिप्स उद्योग | १०००/- |
| १० | विविध खाद्यान्न उत्पादन | १०००/- |
| ११ | केरा, मेवा तथा उखु बगान/फलफुल जन्य उत्पादन | ७५०/- |

| क्र.सं. | विवरण | करका दर |
| --- | --- | --- |
| १२ | पशुआहार उद्योग फिड्स | ७०००/- |
| १३ | मिनरल वाटर उद्योग | ५०००/- |
| १४ | **कुखुरा पालन व्यवसाय** | |
| | कुखुरा संख्या १००० सम्मको | ५००/- |
| | कुखुरा संख्या १००१ देखि १०००० सम्म | १०००/- |
| | कुखुरा संख्या १०००१ देखि २०००० सम्म | २०००/- |
| | कुखुरा संख्या २०००१ देखि माथिको | ५०००/- |
| | ह्याचरी उद्योग वार्षिक | १००००/- |
| १५ | गाइ तथा भैंसी, बंगुर, बाख्रा पालन एबम अन्य पशुपालन व्यवसाय | १०००/- |
| १६ | **ब्लक, रिङ्ग टायल र तारबार पोल उद्योग** | |
| | क) श्रेणी (मेसिनबाट बनाउने) | २०००/- |
| | ख) श्रेणी (म्यानुयल) | १५००/- |
| | ग) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | १०००/- |
| १७ | **पोलिथिन पाइप तथा अन्य प्लाष्टिकका सामानहरुको उद्योग** | |
| | क) औद्योगिक | १००००/- |
| | ख) घरेलु | ४०००/- |
| १८ | **मैनबत्ती तथा अगरबत्ती उद्योग** | |
| | क) श्रेणी (मेसिनको प्रयोग गरि उत्पादन गर्ने) | १०००/- |
| | ख) श्रेणी (हातले उत्पादन गर्ने) | ५००/- |
| १९ | **ह्युमपाइप, विद्युत पोल उद्योग** | १००००/- |
| २० | रंग रोगन उद्योग | १००००/- |
| २१ | **ग्रिल स्तर उद्योग तथा स्टिल रेलिंग जडान** | |
| | क) वडा नं १,२,६,८,र ९ भित्रको लागि | १५००/- |
| | ख) वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि | १०००/- |
| | ग) स्टिल रेलिंग जडान व्यवसाय | २५००/- |
| २२ | **झोला तयारी गर्ने उद्योग** | |
| | क) औद्योगिक उत्पादन | ५०००/- |
| | ख) घरेलु | १०००/- |
| २३ | मेटलको भाँडा, मुर्ति र गरगहना बनाउने व्यवसाय | ७५०/- |
| २४ | माटोको भाँडा बनाउने व्यवसाय | ५००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| २५ | **छापाखाना तथा किताब** | |
| | क) प्रेस सिलिन्डर अफसेट सहित | २०००/- |
| | ख) ३ भन्दा बढी मेसिन भएको | १५००/- |
| | ग) ३ वटा सम्म मेसिन भएको | १०००/- |
| | घ) फ्लेक्स प्रिन्ट | १०००/- |
| २६ | **माछा पालन** | |
| | ५ कट्ठा सम्म | ५००/- |
| | ५ कट्ठा देखि माथि १ बिगाह सम्म | १५००/- |
| | १ बिगाह देखि माथि २ बिगाह सम्म | २०००/- |
| | २ बिगाह देखि माथि ३ बिगाह सम्म | ३०००/- |
| | ३ बिगाह देखि माथि ४ बिगाह सम्म | ४०००/- |
| | ४ बिगाह भन्दा माथि जतिसुकै भए पनि | ५०००/- |
| २७ | साबुन उद्योग | ५०००/- |
| २८ | इट्टा चिम्नी उद्योग | ५००००/- |
| २९ | ग्याँस उद्योग | ५००००/- |
| ३० | **स-मिल काठ चिरानी** | |
| | क) क श्रेणी (बेन्ड स र ट्रली समेत भएको) | १००००/- |
| | ख) ख श्रेणी (३६ ईन्चको बेन्ड स. भएको) | ७०००/- |
| | ग) ग श्रेणी (२४ वा १८ इन्चको बेन्ड स भएको) | ४०००/- |
| | घ) घ श्रेणी (बेन्ड स नभएको) | २०००/- |
| ३१ | क्रसर उद्योग | २००००/- |
| ३२ | कापी उद्योग | १००००/- |
| ३३ | क्रेट/कार्टुन उद्योग | १००००/- |
| ३४ | बोरा उद्योग | १००००/- |
| ३५ | डिष्टिलरी उद्योग | ५००००/- |
| ३६ | वियर उद्योग | ७५०००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| ३७ | **स्टिल/फलाम उद्योग** | |
| | स्टील फ्रेब्रीकेसनका सामाग्री उत्पादक (ग्याल्नाईजीङ्ग प्लान्ट समेत) | ५००००/- |
| | स्टील फ्रेब्रीकेसनका सामाग्री उत्पादक (ग्याल्नाईजीङ्ग प्लान्ट बाहेक) रु. ५० लाख भन्दा माथि पूँजी भएका) | १००००/- |
| | स्टील फ्रेब्रीकेसनका सामाग्री उत्पादक (ग्याल्नाईजीङ्ग प्लान्ट बाहेक) रु. ५० लाख भन्दा कम पूँजी भएका | ५०००/- |
| ३८ | दाना उद्योगको लागि प्लेट दाना, तथा त्यस्तै प्रकृतिका पशुदाना उद्योगहरु) | १५०००/- |
| ३९ | जिप्सन, कार्लेस बुट्टा बनाउने उद्योग | ५०००/- |
| ४० | अन्य कृषि जन्य उद्योग व्यवसाय | १०००/- |
| ४१ | पुराना कपडाबाट कपास तयार गर्ने उद्योग | १०००/- |
| ४२ | केमिकल उद्योग | १००००/- |
| ४३ | पशुपन्क्षि आहार उत्पादन | ७०००/- |
| ४४ | मेटल प्याकेजिंग उद्योग | १५०००/- |
| ४५ | हट मिक्स (अलकत्रा घोल्ने) उद्योग | २५०००/- |
| ४६ | **एकीकृत कृषि फर्म** | |
| | क) १० कट्ठा देखि २ बिघा सम्म | १५००/- |
| | ख) २ बिघा देखि ५ बिघा सम्म | २०००/- |
| | ग) ५ बिघा देखि १० बिघा सम्म | ५०००/- |
| | घ) १० बिघा भन्दा माथि | १००००/- |
| ४७ | मूर्तिकला उद्योग | २०००/- |
| ४८ | हस्तकला उद्योग, थान्का उत्पादन तथा विक्री वितरण | १०००/- |
| ४९ | **चाउचाउ उद्योग** | |
| | क) ५० लाख सम्म पुंजी | ३०००/- |
| | ख) ५० लाख भन्दा माथि | २००००/- |
| | ग) कच्चा चाउमिन उत्पादक र वितरक | १५००/- |
| ५० | क्यान जुस वा स्लाइडर उत्पादन (बहुउद्देश्यीय पेय पदार्थ) | २००००/- |
| ५१ | एक्वेरियम व्यवसाय (चारो विक्री समेत) | १५००/- |
| ५२ | बायोग्यास प्रा.लि | २५०००/- |
| ५३ | अक्सिजन प्लान्ट | ४०००/- |
| ५४ | फोहोर रिसाइकलिंग सेन्टर | ३०००/- |
| ५५ | ईको ब्लक उद्योग | २००००/- |
| ५६ | भ्यानियर उद्योग (प्लाइबोर्ड) | १५०००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| ५७ | **सुनचाँदी पसल** | |
| | क) ३ जना भन्दा बढी कामदार राखी व्यवसाय गर्ने | ५०००/- |
| | ख) ३ जना सम्म कामदार राखी व्यवसाय गर्ने | ३०००/- |
| | ग) आफै गहना बनाइ व्यवसाय गर्ने | २०००/- |
| | घ) आधुनिक गहना (सुनको जलप लगाएको वा नक्कली गहना) | २०००/- |
| ५८ | औषधि उद्योग | २५०००/- |
| ५९ | **सुर्तीजन्य उद्योग** | |
| | क) श्रेणी (प्याकेजिंग सहित विक्री गर्ने) | १००००/- |
| | ख) श्रेणी (अन्य) | २०००/- |
| ६० | **फर्निचर उद्योग** | |
| | क श्रेणीको उद्योग | ५०००/- |
| | साधारण फर्निचर उद्योग | १०००/- |
| ६१ | **मोटर बडी विल्डर्स** | |
| | क) श्रेणी (बस,ट्रक) | ५०००/- |
| | ख) श्रेणी (हलुका सवारी ) | ३०००/- |
| ६२ | एसम्बल गरि इलेक्ट्रिकलस समान उत्पादन /प्याकिंग गर्ने उद्योग | ५०००/- |
| ६३ | कृषि सम्बन्धि उद्योग | ५०००/- |
| ६४ | Led light प्याकिंग उद्योग | ५०००/- |
| ६५ | अनलाइन शेयर बजार सिस्टम व्यवसाय वार्षिक शुल्क | ८०००/- |
| ६६ | क्रसर उद्योगबाट धुलो पाउडर लिई फेसमा लगाउने क्रिम पाउडर सावुन अन्य पदार्थ उत्पादन सप्लायर्स गर्ने व्यवसाय | २०,०००I- |
| ६७ | आल्मुनियम युपिभिसी प्रिफेव कार्डवोर्ड झ्याल ढोका उत्पादन | ८०००/- |
| **व्यापारिक क्षेत्र** | | |
| १ | **इलेक्ट्रोनिक समान** | |
| | क) कम्प्युटर,टिभी,फ्रिज लगायत इलेक्ट्रोनिक सामाग्री विक्री तथा मर्मत | २५००/- |
| | ख) कम्प्युटर,टिभी,फ्रिज लगायत इलेक्ट्रोनिक मर्मत | १०००/- |
| | ग) मोबाइल मर्मत तथा विक्री | २०००/- |
| | घ) मोबाइल मर्मत मात्र | १०००/– |
| | ङ) रेडियो, घडी, टेलिफोन, क्यालकुलेटर विक्री तथा मर्मत | ७५०/- |
| | च) रेडियो, घडी, टेलिफोन, क्यालकुलेटर मर्मतमात्र | ५००/- |

| क्र.सं. | विवरण | करका दर |
| --- | --- | --- |
| २ | **डिलर व्यवसाय ( थोक विक्रेता)** | |
| | ५ भन्दा बढी ब्राण्डका सामानहरु डिलर | ८०००/- |
| | ३ भन्दा बढी ५ वटासम्म ब्राण्डका सामानहरुको डिलर | ४०००/- |
| | १ भन्दा बढी ३ वटासम्म ब्राण्डका सामानहरुको डिलर | २०००/- |
| | १ मात्र ब्राण्डको समानहरुको डिलर | १०००/- |
| ३ | **औषधिजन्य व्यवसाय** | |
| | औषधि पसलथोक विक्रेता | २०००/- |
| | औषधि पसलखुद्रा विक्रेता | १०००/- |
| ४ | **रासायनिक मल,बिउ विजन, किटनासक औषधि विक्री** | |
| | क) थोक | २०००/- |
| | ख) श्रेणी वडा नं १,२,६,८ र ९ को लागि | १०००/- |
| | ग) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| ५ | पान पसल | ५००/- |
| ६ | **इलेक्ट्रिकल्स सामानहरुको विक्री तथा (वडा नं १, २, ६, ८ र ९ का लागि)** | |
| | क) थोक र खुद्रा समेत | २०००/- |
| | ख) श्रेणी थोक मात्र | १५००/- |
| | ग) श्रेणी खुद्रा मात्र | १०००/- |
| | घ) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| | ङ) इलेक्ट्रिक सामानको मर्मत मात्र सबैको लागि | ५००/- |
| ७ | **भाँडा पसल** | |
| | क) थोक | १५००/- |
| | ख) खुद्रा | १०००/- |
| | ग) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| ८ | **गिफ्ट तथा कस्मेटिक पसल** | |
| | क) थोक | १५००/- |
| | ख) खुद्रा | १०००/- |
| ९ | **पेट्रोल पम्प** | |
| | डिजेल, पेट्रोल दुवै विक्री गर्ने | १००००/- |
| | डिजेल मात्र | ५०००/- |
| | पेट्रोल मात्र | ५०००/- |
| | मट्टीतेल नोजलबाट विक्री गर्ने | १०००/- |
| | मट्टीतेल लिटरले भरेर विक्री गर्ने | ७५०/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| १० | ग्याँस सिलिन्डर विक्रेता | |
| | क) थोक,डिलर | २०००/- |
| | ख) खुद्रा मात्र | १०००/- |
| ११ | **साइकल तथा रिक्सा विक्री** | |
| | क) साइकल तथा रिक्सा दुवै थोक | २०००/- |
| | ख) साइकल तथा रिक्सा दुवै खुद्रा | १५००/- |
| | ग) साइकल तथा रिक्सा दुवै मर्मत | १०००/- |
| १२ | **अटोमेकानिकल तथा ईन्जिनियरिङ्ग, पार्टस वा वर्कसप** | |
| | श्रेणी (पार्ट्स थोक २ भन्दा बढी ब्राण्ड) | १००००/- |
| | श्रेणी (पार्ट्स थोक २ ब्राण्ड सम्म) | ५०००/- |
| | श्रेणी (पार्ट्स खुद्रा) | १५००/- |
| १३ | मोटरसाइकल रिकन्डिसन | ५०००/- |
| | मोटरसाइकल सोरुम | ७५००/- |
| | श्रेणी (ब्याट्रीबाट चल्ने) | १०००/- |
| १४ | **मोटरसाइकल, इलेक्ट्रिक अटो तथा पेट्रोलबाट चल्ने अटो आदिको पार्ट्स विक्री तथा मर्मत** | |
| | क) श्रेणी (थोक) | ५०००/- |
| | ख) श्रेणी (खुद्रा) | १०००/- |
| | ग) श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| | घ) इलेक्ट्रिक अटो तथा पेट्रोलबाट चल्ने अटो मर्मत गर्ने | १२००।- |
| १५ | जिप कार भ्यान सो रुम | १५०००/- |
| १६ | मोबिल, ग्रिज विक्री | १०००/- |
| १७ | टायर पसल सोरुम | १००००/- |
| १८ | **मेसिनरी सामान विक्री** | |
| | क) श्रेणी थोक | ५०००/- |
| | ख) श्रेणी खुद्रा | ३०००/- |
| १९ | किराना पसल, डिपार्टमेन्टल स्टोर | |
| | क. थोक र खुद्रा दुवै | २०००/- |
| | ख. खुद्रा वडा नं १,२,६,८ र ९ को लागि | १५००/- |
| | ग. खुद्रा वडा नं ३,४,५,७,१०,११,१२,१३ कालागि | १०००/- |
| | घ. किराना साना घुम्ती वा सो सरहका वडा १,२,६,८ र ९ | १०००/- |
| | ङ. घुम्ती खुद्रा | ३००/- |
| | च. डिपार्टमेन्टल स्टोर्स | ५०००/- |
| | छ. कोल्ड स्टोर्स, प्रोभिजनल स्टोर्स | १५००/- |
| | ज. सुपर मार्केट/मार्ट | ७०००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| २० | **गल्ला व्यापार (धान,मकै, गहुँ तथा अन्य खाद्यान्न आदि)** | |
| | श्रेणी (वडा नं १,२,६,८ र ९ को लागि) | ३०००/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | २०००/- |
| २१ | **आलु,प्याज, लसुन व्यापार** | |
| | थोक विक्रेता | १५००/- |
| | खुद्रा विक्रेता | ७५०/- |
| २२ | घुमिफिरी खाद्यान्न तथा अन्य सामान विक्री गर्ने ठेला व्यवसाय समेत | ५००/- |
| २३ | **तरकारी, फलफुल, साग सब्जी तथा पुष्प व्यवसाय** | |
| | थोक विक्रेता | १०००/- |
| | खुद्रा विक्रेता वडा नं १,२,६,८ र ९ भित्रको लागि | ७५०/- |
| | खुद्रा विक्रेता वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि | ५००/- |
| २४ | **माछा, मासु पसल** | |
| | वडा नं १,२,६,८ र ९ भित्रको लागि | १०००/- |
| | वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि | ७५०/- |
| २५ | **अण्डा र दाना तथा पशु आहार** | |
| | क) श्रेणी (थोक) | ५०००/- |
| | ख) श्रेणी (खुद्रा) | २०००/- |
| २६ | **प्लाई,सिसा, कार्पेट आदि विक्री गर्ने** | |
| | क) थोक र खुद्रा समेत | २०००/- |
| | ख) खुद्रा मात्र | १५००/- |
| २७ | **एग्रोभेट तथा भेटनरी सम्बन्धी औषधि विक्री** | |
| | एग्रोभेट र भेटनरी सहित | १०००/- |
| | एग्रोभेट र भेटनरी मध्ये एकमात्र भएमा | ७५०/- |
| २८ | छाला संकलन तथा विक्री | १५००/- |
| २९ | मादल मर्मत तथा विक्री | ५००/- |
| ३० | **बाध्यबाधन बस्तुहरुको** | |
| | श्रेणी (आफै बनाइ बेच्ने ठुला) | १५००/- |
| | श्रेणी( बेच्ने मात्र ठुला) | १०००/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३, का लागि) | ७५०/- |
| ३१ | इट्टा विक्री डिपो तथा संकलन केन्द्र | ३०००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| ३२ | **हार्डवेयर पसल** | |
| | श्रेणी (सिमेन्ट, छड, जस्ता लगायतका सामग्री) | ७०००/- |
| | श्रेणी (रंग रोगन, सेनेटरी लगायतका सामाग्री) | ४०००/- |
| | श्रेणी( अन्य हार्डवेयरका सामग्री भएका साना व्यवसाय) | २०००/- |
| ३३ | **मार्बल, टायल, सेनेटरीका सामानहरुको विक्री** | |
| | थोक | १५०००/- |
| | श्रेणी वडा नं १,२,६,८ र ९ को लागि | ५०००/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | २०००/- |
| | जिप्सन, कार्लेस बुट्टा बनाउने उद्योग | ५०००/- |
| ३४ | **फर्निचर सोरुम** | |
| | श्रेणी (उद्योग सहितको सो-रुम) | ५०००/- |
| | श्रेणी (सो-रुम मात्र) | २०००/- |
| ३५ | **डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबासका सामानहरु विक्री** | |
| | थोक | १०००/- |
| | थोक खुद्रा दुवै | ७५०/- |
| | खुद्रा मात्र | ५००/- |
| ३६ | **पुस्तक, स्टेसनरी तथा खेलकुदका सामानहरुको विक्री** | |
| | श्रेणी वडा नं १,२,६,८ र ९ को लागि | १०००/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| ३७ | **फेन्सी पसल** | |
| | थोक | २०००/- |
| | श्रेणी वडा नं १,२,६,८ र ९ को लागि | १२००/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | १०००/- |
| ३८ | **जुत्ता तथा चप्पल विक्री** | |
| | श्रेणी (थोक) | १५००/- |
| | श्रेणी (खुद्रा) | १०००/- |
| | श्रेणी(जुत्ता तथा चप्पल आफै बनाइ विक्री तथा मर्मत गर्ने) | ५००/- |
| ३९ | **कपडा पसल** | |
| | थोक | ३०००/- |
| | श्रेणी वडा नं १,२,६,८ र ९ को लागि | २०००/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | १०००/- |

| क्र.सं. | विवरण | करका दर |
|---|---|---|
| ४० | मदिरा थोक विक्री | ५०००/- |
| | मदिरा खुद्रा विक्री | ३०००/- |
| ४१ | बेरिंग रिपेरिंग तथा विक्री | ७५०/- |
| ४२ | गिट्टी, बालुवा, ढुंगा सप्लायर्स/इट्टा सप्लायर्स | ३०००/- |
| ४३ | आल्मुनियम, यु.पी.भी.सी, प्रिफेब, कार्डबोर्डका झ्याल ढोका निर्माण तथा विक्री | १५००/- |
| ४४ | बाँस खरिद विक्री | ७५०/- |
| ४५ | सोलार विक्री गर्ने | १५००/- |
| ४६ | सर्जिकल इक्विपमेन्ट सप्लायर्स | २०००/- |
| ४७ | प्रांगारिक मल उत्पादन तथा सप्लायर्स | २०००/- |
| ४८ | विभिन्न सामाग्री राखी संचालन गर्ने घुम्ती पसल | ७५०/- |
| ४९ | All in on service सेवा (इलेक्ट्रिक समान/सप्लाई/विक्री, मर्मत गर्ने, फर्निचर, होम डेलिभरी व्यवसाय) | ३०००/- |

**अन्य व्यवसायिक क्षेत्र**

| | | |
|---|---|---|
| १ | **आर्ट व्यवसाय** | |
| | कामदार राखी व्यवसाय गर्ने | ७५०/- |
| | आफै व्यवसाय गर्ने | ५००/- |
| २ | **फोटो स्टुडियो** | |
| | क) कलर ल्याब फोटो स्टुडियो | १५००/- |
| | ख) फोटो स्टुडियो | १०००/- |
| | ग) फोटो स्टुडियो (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ५००/- |
| | घ) फ्लिम भिडियो, डबिंग, मिक्सिंग गर्ने ल्याब | २०००/- |
| ३ | **लेथ सेक्सन तर्फ** | |
| | क) श्रेणी (टेलर निर्माण गर्ने) | ५०००/- |
| | ख) श्रेणी (लेथ तथा मर्मत) | २५००/- |
| | ग) श्रेणी (सटर, ग्रिल) | १०००/- |
| | घ) ब्याट्री तथा डाइनामो मर्मत | १५००/- |
| ४ | टायर मर्मत गर्ने, हावा हाल्ने सिट मर्मत गर्ने | ५००/- |
| ५ | टायर रिसोलिंग, कोल्ड रिट्रेड | २०००/- |
| ६ | गाडीको धर्मकाटा | १०००/- |
| ७ | मेसिनरी सामान मर्मत गर्ने | १५००/- |

| | | | |
|---|---|---|---|
| ८ | **लेखा परिक्षक** | | |
| | क र ख श्रेणी | | २०००/- |
| | ग र घ श्रेणी | | १०००/- |
| | माथि उल्लेखित जुनसुकै श्रेणीको लेखापरिक्षकले तीनवटा भन्दा बढी विद्यालय वा संस्थाको लेखापरिक्षण गर्दा प्रति संस्था रु २००/- का दरले थप शुल्क बुझाउनु पर्नेछ। | | |
| ९ | लेखापढी व्यवसाय | | १०००/- |
| १० | **फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्याण्डीङ्ग, कुरियर सेवा** | | |
| | श्रेणी (वडा नं १,२,६,८ र ९) | | १०००/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | | ५००/- |
| ११ | **साइबर, नेट फोन सेवा (कम्युनिकेशन सेवा)** | | |
| | श्रेणी वडा नं १,२,६,८ र ९ को लागि | | ७५०/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | | ५००/- |
| १२ | **'घ' वर्गको निर्माण व्यवसायीको लागि** | | |
| | ईजाजत पत्र दर्ता | | ३०००/- |
| | नवीकरण (श्रावण देखि आश्विन सम्म ) | | ३०००/- |
| | कार्तिक देखि चैत्रसम्म | | ६०००/- |
| | बैशाख देखि आषाढ मसान्तसम्म | | ९०००/- |
| | गत आ.व. हरुमा नविकरण गर्न बाँकी निर्माण व्यवसायीहरुको एक वर्षको ईजाजत नविकरण गर्दा खण्ड (घ) मा थप २५ प्रतिशत दस्तुर लिईनेछ। | | |
| | गत आ.व. हरुमा नविकरण गर्न बाँकी निर्माण व्यवसायीहरुको दुई वर्ष देखि ५ वर्ष सम्मको ईजाजत नविकरण गर्दा खण्ड (घ) मा थप ५० प्रतिशत दस्तुर लिईनेछ। | | |
| | निर्माण व्यवसायीको वर्गिकरण भित्र नपर्ने तर निर्माण कार्यमा संलग्न भएका व्यक्तिहरुलाई सुचिकृत तथा व्यवसाय कर<br>(नगरपालिकाको कुनै पनि योजना सञ्चालन गर्ने निर्माण व्यवसायीलाई नगरपालिकामा सूचीकृत नगर्दा सम्म सम्झौता गरनिछैन।)<br>'घ' वर्गको इजाजत पत्र नामसारी गर्न आएमा नयाँ दर्ता शूल्क सरह लिने | | १०००/- |
| १३ | निर्माण व्यवसायी (कन्सट्रक्सन) | सूचिकृत कर | |
| | क श्रेणी | ६०००/- | १००००/- |
| | ख श्रेणी | ४०००/- | ५०००/- |
| | ग श्रेणी | ३५००/- | २०००/- |
| | घ श्रेणी | - | १०००/- |
| | (घ श्रेणीका खैरहनी नगरपालिका भन्दा बाहीरका निर्माण व्यवसायीलाई रु.३०००।- लिई सुचिकृत गरिनेछ) | | |
| १४ | एफ.एम रेडियो | | २०००/- |
| १५ | केबुल प्रशारण | | १००००/- |

| | | |
|---|---|---|
| १६ | **एफ.एम रेडियो तथा केवल टेलिभिजनको लागि** | |
| | **क) निवेदन दस्तुर** | |
| | एफ.एम रेडियोको लागि | २०००/- |
| | केवल टेलिभिजनको लागि | ५०००/- |
| | डाउनलिंक गर्न वा सिग्नल वितरण गर्न | ५०००/- |
| | **ख) ईजाजत पत्रको लागि** | |
| | केवल टेलिभिजनको लागि | २५०००/- |
| | विज्ञापन समावेश भएको स शुल्क च्यानेल डाउनलिंक गरी कार्यक्रम प्रशारण गर्नको लागि प्रति च्यानेल | ५००००/- |
| | **ग) एफ.एम रेडियोको लागि ईजाजतपत्र** | |
| | २० वाट सम्मका लागि | १०००/- |
| | २० वाट भन्दा माथि ५० वाट सम्म | २०००/- |
| | ५० वाट भन्दा माथि १०० वाट सम्म | २००००/- |
| १७ | विदेशी भाषा पठाउने कोचिंग सेन्टर | २०००/- |
| | ट्युसन सेन्टर | ७५०/- |
| १८ | **परामर्श सेवा** | |
| | इन्जिनियरिंग कन्सल्टेन्सी | ५०००/- |
| | शैक्षिक बैदेशिक | १५००/- |
| १९ | रेमिटेन्स सेवा | १०००/- |
| २० | विमा कम्पनि | २०००/- |
| | विमा एजेन्सी | १०००/- |
| २१ | **टुर्स एण्ड ट्राभल्स** | |
| | क) टुर्स एण्ड ट्राभल्स | १०००/- |
| | ख) टिकट काउन्टर | ५००/- |
| २२ | **कम्प्युटर, ड्राईभिंग तथा भाषा तथा अन्य इन्स्टिच्युट** | |
| | श्रेणी ( दुई वा दुई भन्दा बढी विषयको) | १५००/- |
| | श्रेणी ( एक विषयको मात्र) | १०००/- |
| | श्रेणी (वडा नं ३,४,५,७,१०,११,१२,१३ का लागि) | ७५०/- |
| २३ | ग्याँस वेल्डिंग व्यवसाय | ७५०/- |
| २४ | व्यवसायिक रुपमा पिकनिक स्पोर्ट, स्विमिंग पुल संचालन | १०००/- |
| २५ | फुटसल लगायत इन्डोर गेम | १०००/- |
| २६ | अनुसन्धानकर्ता र परामर्शदाता शुल्क | १५००/- |
| २७ | होम डेकोर (फ्लोरिंग, फर्निसिंग तथा इन्टेरियर डिजाइनिंग) | २०००/- |

| | | |
|---|---|---|
| २८ | मेला महोत्सव इभेन्ट म्यानेजमेन्ट | १००००/- |
| २९ | सांस्कृतिक कार्यक्रम तथा सांगीतिक कार्यक्रम | ३०००/- |
| ३० | ज्योतिष परामर्श केन्द्र | १०००/- |
| ३१ | इन्टरनेट सेवा प्रदायक | २०००/- |
| ३२ | **एग्रोभेट तथा भेटनरी सम्बन्धि सेवा उपलब्ध गराउन** | |
| | एग्रोभेट र भेटनरी सहित दुवै सेवा | १०००/- |
| | एग्रोभेट र भेटनरी मध्ये एकमात्र सेवा | ७५०/- |
| ३३ | ट्रान्सपोर्ट सेवा | २०००/- |
| ३४ | ई यातायात सर्भिस सेवा | २०००/- |
| ३५ | **कम्बाईन हार्भेस्टर मेशिनको सेवा शुल्क (प्रत्येक पटकको लागि)** | |
| | क) नेपालमा दर्ता भएको | २०००/- |
| | ख) नेपालमा दर्ता नभएको | ५०००/- |
| ३६ | **अन्य हल्का धान, गहुँ, तोरी झार्ने मेशिनको सेवा शुल्क (प्रत्येक पटकको लागि)** | |
| | क) नेपालमा दर्ता भएको | ५००/- |
| | ख) नेपालमा दर्ता नभएको | १०००/- |
| ३७ | होमस्टे व्यवसाय | १०००/- |
| ३८ | e-sewa संचालन | ३०००/- |
| ३९ | कुनै पनि उद्योग तथा व्यापार व्यवसाय नामसारी गर्दा नामसारी दस्तुर | १०००/- |
| ४० | मिक्सर्च रेलिङ्ग ढलान स्ल्याव बनाउने सानो किसिमका मेसिनहरु भाडा लगाउनको लागि संचालन गर्ने व्यवसायको | ५०००/- |
| ४१ | सेक्युरीटी गार्ड संचालन व्यवसाय | ८०००/- |
| ४२ | न्युज पोर्टल व्यवसाय | २०००/- |
| ४३ | अन्य | २०००/– |

## सेवा क्षेत्र

| | | |
|---|---|---|
| १ | **होटल, लज, रेष्टुरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान्न भण्डार, चिया तथा कफी पसल** | |
| | श्रेणी (लज, रेष्टुरेन्ट, बार समेत भएको) | २०००/- |
| | श्रेणी (रेष्टुरेन्ट, बार कम्तिमा ५ वटा टेबल भएको होटल, मिष्ठान्न भण्डार) | १०००/- |
| | श्रेणी (५ भन्दा कम टेबल भएको होटल, मिष्ठान्न भण्डार) | ६००/- |
| | श्रेणी (साधारण चिया पसल) | ५००/- |
| २ | पार्टीप्यालेस संचालन वार्षिक | ३०००/- |
| ३ | मोटेल | ५०००/- |
| ४ | दोहोरि साँझ | ३०००/- |
| ५ | पार्टी प्यालेस र दोहोरी साँझ दुवै संचालन | ५०००/- |

| | | |
|---|---|---|
| ६ | **टेन्ट हाउस, क्याट्रिंग** | |
| | श्रेणी (टेन्ट हाउस र क्याट्रिंग दुवै भएको) | १५००/- |
| | श्रेणी (टेन्ट हाउस मात्रै) | ७५०/- |
| ७ | टेलरिङ् व्यवसाय | |
| | लुगा सहितको  टेलरिंङ् व्यवसाय | १२००/- |
| | टेलरिङ् व्यवसाय मात्र | ७५०/- |
| | गार्मेन्ट उद्योग | २०००/- |
| | धागो, टाँक, फस्नर पसल | ५००/- |
| ८ | **सैलुन** | |
| | ३ सिट भन्दा बढी भएको | ७५०/- |
| | ३ सिट वा सो भन्दा कम | ५००/- |
| ९ | ब्युटी पार्लर | |
| | तालिम दिने समेत ब्युटी पार्लर | ७५०/- |
| | ब्युटी पार्लर मात्र | ५००/- |
| १० | **अस्पतालजन्य व्यवसाय** | |
| | अस्पताल तथा नर्सिंग होम (डाक्टर र बेड राखी उपचार गर्ने) | १००००/- |
| | पोली क्लिनिक ल्याब सहित | ४०००/- |
| | क्लिनिक वा ल्याब | २५००/- |
| | डेन्टल क्लिनिक | १५००/- |
| | चस्मा पसल | ७५०/- |
| ११ | **लुगा धुलाई तथा सरसफाई** | |
| | ड्राई क्लिनर्स | १०००/- |
| | धोबी | ५००/- |
| १२ | जिम हाउस एवम् फिटनेस सेन्टर | १०००/- |
| १३ | स्नुकर हाउस | १०००/- |

## अनुसूची ५

### कवाडी मालसामान संकलन शुल्क

| क्र.सं. | सामानको नाम | ईकाई | दर |
|---|---|---|---|
| १ | पुरानो उन, उनको टुक्रा | प्रति केजी | ०।५० |
| २ | वियर, कोक, पेप्सीका बोतल | प्रति गोटा | ०।५० |
| ३ | **अन्य बोतल, सिसा** | | |
| | क) क्वाटर | प्रति गोटा | ०।२० |
| | ख) हाफ | प्रति गोटा | ०।५० |
| | ग) फुल | प्रति गोटा | १।– |
| | घ) फुटेको सिसा क | प्रति केजी | ०।५० |

| क्र.सं. | सामानको नाम | ईकाई | दर |
|---|---|---|---|
| ४ | **पुरानो फलाम तथा स्टिल स्क्र्याप,** | | |
| | क) पुरानो फलाम | प्रति केजी | १।– |
| | ख) स्क्र्याप, स्टिल | प्रति केजी | १।५० |
| ५ | पुरानो कागज | प्रति केजी | ०।५० |
| ६ | पुरानो टायर ट्युब, | प्रति केजी | ०।५० |
| ७ | थोत्रो टिन, जस्ताटिनको बट्टा, | प्रति केजी | ०।५० |
| ८ | पुरानो ड्रम | प्रति लिटर | ०।१५ |
| ९ | क) जुट र प्लास्टिकको बोरा ५० केजी सम्म | प्रति गोटा | ०।१५ |
| | ख) जुट र प्लास्टिकको बोरा ५० केजी सम्म | प्रति गोटा | ०।५० |
| १० | प्लास्टिकजन्य वस्तु, पुराना भाँडा, जुत्ता, चप्पल | प्रति केजी | १।– |
| ११ | छाला, हाड, सिङ, प्वाँख | प्रति केजी | १।– |
| १२ | जलेको मोविल | प्रति लिटर | १।– |
| १३ | पुरानो पित्तल | प्रति केजी | ३।– |
| १४ | तामा | प्रति केजी | ३।५० |
| १५ | ढलोट | प्रति केजी | ६।– |
| १६ | काम नलाग्ने मेशिनरी औजार | प्रति केजी | ०।७५ |
| १७ | पोलिथिन पाइपको पुरानो टुक्रा | प्रति केजी | ०।५० |
| १८ | पुरानो ब्याट्री | प्रति केजी | १।– |
| १९ | गार्मेन्ट कपडाको टुक्रा | प्रति केजी | ०।५० |
| २० | फलाम उद्योगबाट निस्केको फलामको धुलो | प्रति केजी | ०।५० |
| २१ | कार्पेटका टुक्रा | प्रति केजी | १।– |
| २२ | कार्टुन | प्रति केजी | ०।५० |
| २३ | आल्मुनियम स्क्र्याप | प्रति केजी | १।५० |
| २४ | अन्य कवाडी सामान | प्रति केजी | ०।५० |

## अनुसूची ६

## सवारी साधन कर

| क्र.स. | सवारी साधन | शुल्क रु. |
|---|---|---|
| क | ट्र्याक्टर/ बस/ मिनीबस/ ट्रक/ हेभी/ उपकरण | १०००।०० |
| ख | अटोरिक्सा/ टेम्पो सञ्चालन गर्ने व्यवसाय | ५०००।०० |
| ग | इ-रिक्सा रुट इजाजत दस्तुर | २०००।०० |
| घ | ई-रिक्सा रुट इजाजत नविकरण शुल्क | १०००।०० |

| क्र.स. | सवारी साधन | शुल्क रु. |
|---|---|---|
| ङ | अटो रिक्सा/ टेम्पो रुट इजाजत दस्तुर | ३०००।०० |
| च | टेम्पो रुट इजाजत नविकरण शुल्क /अटो रिक्सा | १५००।०० |
| छ | भ्यान आदि /जीप /कार | ३००।०० |
| ज | निजी शिक्षण संस्थाको विद्यार्थी बोक्ने यातायात | १०००।०० |
| झ | अन्य सवारी साधन | १०००।०० |

## अनुसूची ७

### विज्ञापन कर

| क्र.स. | विवरण | शुल्क रु. |
|---|---|---|
| १ | होर्डङ्ग बोर्ड प्रति स्क्वायर फुट | ६०।– |
| २ | ग्लो बोर्ड प्रति स्क्वायर फुट | ५०।– |
| ३ | साइन बोर्ड प्रति स्क्वायर फुट | ५०।० |
| ४ | पोल बोर्ड प्रति स्क्वायर फुट | ६०।– |
| ५ | भित्ते लेखन तुल ब्यानर तथा विज्ञापन जस्ता सामाग्री प्रति स्क्वायर फुट | २०।– |
| ६ | मेला स्वागत गेट बाटो देखाउने बोर्ड र इलेक्ट्रिक ब्यानर प्रति स्क्वायर फुट | १००।– |
| संघ संस्था व्यापार उद्योग आदिले आफ्नो कारोबार क्षेत्रम २५ स्क्वायर फुटसम्मको विज्ञापन सामाग्री राख्न पाउने र सो भन्दा माथि भए विज्ञापन कर लाग्नेछ । | | |

## अनुसूची ८

### पर्यटन शुल्क

| | | |
|---|---|---|
| १ | व्यवसायिक रुपमा पिकनिक स्पट, स्विमिङ्ग पुल, जिप सफारी, मेला पर्वको टिकट, पर्यटन व्यवसाय शुल्क प्रति टिकट | २।– |

## अनुसूची ९

### मनोरञ्जन कर

| | | |
|---|---|---|
| १ | **मनोरञ्जन कर (सिनेमा हल)** | |
| | दैनिक रुपमा संचालन हुने | १५०००/- |
| | आंशिक रुपमा संचालन हुने | ५०००/- |
| २ | टिकट विक्री गरी संचालन गरिने मेला महोत्सव | १५०००/- |

## अनुसूची १०

### बहाल बिटौरी शुल्क

| | | |
|---|---|---|
| १ | नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा | १० प्रतिशत |
| २ | अन्यको हकमा | १० प्रतिशत |

## अनुसूची ११

### पार्किङ् शुल्क/ अनुमति शुल्क

| क्र.सं. | सवारी साधन | |
|---|---|---|
| १ | जिप कार भ्यान टेक्टर टेम्पो आदिलाई वार्षिक | ३००/- |
| २ | रिक्सा ठेला वार्षिक | २००/- |
| ३ | तोकिएको क्षेत्रमा जिप कारमा २ घण्टासम्मको लागि | १०/- |
| ४ | तोकिएको क्षेत्रमा जिप कारमा २ घण्टाभन्दा माथिको लागि | २०/- |
| ५ | तोकिएको क्षेत्रमा मोटरसाइकल २ घण्टासम्मको माथिको लागि | ५/- |
| ६ | तोकिएको क्षेत्रमा मोटरसाइकल २ घण्टाभन्दा माथिको लागि | १०/- |

| क्र.सं. | अनुमति शुल्क | |
|---|---|---|
| १ | एनसेल, एन टि सी टावर निर्माण | ५०००/- |
| २ | मेला/ महोत्सव अनुमति शुल्क | |
| | (क) ३ दिनसम्म | २०००/- |
| | (ख) ३ दिनभन्दा माथि | १००००/- |

## अनुसूची १२

### सिफारिस तथा प्रमाणित दस्तुर

| क्र. सं. | विवरण | दर |
|---|---|---|
| १ | **नागरिकता सिफारीश तथा प्रतिलिपि सिफारिश** | |
| | क) नागरिकता सिफारीश | १००।– |
| | ख) प्रतिलिपि सिफारिश | ५०।– |

| क्र. सं. | विवरण | दर |
|---|---|---|
| २ | **नाता प्रमाणित, विभिन्न शिर्षकको** | |
| | क) अंग्रेजीमा गरिने सिफारिस टाइप समेत | ५५०/- |
| | ख) नेपालीमा गरिने सिफारिस | २००/- |
| | ग) वडा सर्जिमन शुल्क/ अन्य सबै सिफारिस | १५०/- |
| | घ) सर्जमिन सहितको सिफारिस | २५०/- |
| | एकपटक नियमानुसारको शुल्क तिरेर अंग्रेजीमा प्रमाणित गरेका विभिन्न कागजातहरु विभिन्न कारणले बिग्रिनगई पुन बनाउन परेमा ३० दिन सम्मको लागि तयारी शुल्क रु ५०।- मात्र लिएर प्रमाणित गरी दिने । सो भन्दा पछाडि सिफारिश शुल्क र तयारी शुल्क दुवै असुल गर्ने ।<br>आय प्रमाणित तथा धितो मुल्यांकनको शुल्क लिई प्रमाणित गरी सकेपछि मुल्य थप वा घट गरी पुन बनाउन आएमा पुरै रकम लिएर पुन प्रमाणित गरी दिने । सामान्य भाषागत समस्या, मितिको समस्याले पुन बनाउनु पर्ने भएमा ३० दिन भित्र तयारी शुल्क मात्र लिएर बनाउने सो समय भन्दा पछि पुरै शुल्क लिने । | |
| ३ | **विद्युत जडान सिफारिस तथा काठ निकासी सिफारिस** | |
| | क) घरायसी/कृषि प्रयोजन | १५०/- |
| | ख) व्यवसायिक प्रयोजनको लागि | ५००/- |
| | ग) व्यवसायिक प्रयोजनको लागि काठ निकासी | २०००/- |
| | घ) घरायसी प्रयोजनको लागि | १५०/- |
| ४ | **उद्योग तथा अन्य ब्यवसाय बन्द गर्ने सिफारिस** | १०००/- |
| ५ | **चार किल्ला प्रमाणित प्रति कित्ता** | |
| | क) खैरहनी वडा नं. १, २, ८ र ९ को राजमार्गसँग जोडिएको जग्गा मात्र | १०००/- |
| | ख) वडा नं. ६ को पुरानो राजमार्गको खैरहनी चोक देखि स्वर्णतारा युवा क्लबसम्म जोडिएको जग्गा, वडा नं. २ को चैनपुरचोक देखि वडा नं. ६ नगरपालिका गेटसम्मको पिच सडक संग जोडिएको जग्गा मात्र । | ७००/- |
| | ग) माथिका (क) र (ख) बाहेक सबै वडाका पिच सडकसँग जोडिएका जग्गा मात्र | ५००/- |
| | घ) माथिका (क) र (ख) बाहेक सबै वडाका ग्राभेल तथा कच्ची बाटोसँग जोडिएका जग्गा मात्र | ३००/- |

| क्र. सं. | विवरण | दर |
|---|---|---|
